फागुन – २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३३, अङ्क २२ | २०८१ फागुन १६-२९ | पूर्णाङ्क ७८४



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्स: ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री सुनिलकुमार पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री टेकबहादुर घिमिरे, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री अर्जुनप्रसाद कोइराला, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री कालीबहादुर साम्यु लिम्बू

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
बुकबाइन्डर श्री कृष्णप्रसाद घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| पूर्ण इजलास | | इजलास नं. ७ | ४ |
| संयुक्त इजलास | ७ | इजलास नं. ८ | |
| इजलास नं. १ | २ | इजलास नं. ९ | ४ |
| इजलास नं. २ | १९ | इजलास नं. १० | |
| इजलास नं. ३ | | इजलास नं. ११ | ३ |
| इजलास नं. ४ | ५ | इजलास नं. १२ | |
| इजलास नं. ५ | | इजलास नं. १३ | १ |
| इजलास नं. ६ | | इजलास नं. १४ | २ |
| **जम्मा** | **३३** | **जम्मा** | **१४** |

**कूल जम्मा ३३ + १४ = ४७**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८१, फागुन – २, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.१५०** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ९** |
| १. | मूल्य अभिवृद्धि कर (आ.व. २०६५/०६६) | कर्मा घले वि. ठुला करदाता कार्यालय, हरिहरभवन ललितपुर | १ |
| २. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. देवेन्द्र गुरुङसमेत | २ |
| ३. | मूल्य अभिवृद्धि कर (आ.व. ०६४।०६५) | रुप ज्योति वि. ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपुरसमेत | ३ |
| ४. | बन्दी प्रत्यक्षीकरण | स्नेहा साह वि. सिराहा जिल्ला अदालतसमेत | ४ |
| ५. | किर्ते ठगी | रंगप्रसाद भन्ने कृष्णबहादुर श्रेष्ठ वि. नेपाल सरकार, नेपाल सरकार वि. रंगप्रसाद भन्ने कृष्णबहादुर श्रेष्ठसमेत | ४ |
| ६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कृष्णदेव यादवसमेत, रामदरेश यादव वि. नेपाल सरकार | ७ |
| ७. | उत्प्रेषणयुक्त परमादेश | अग्नी कार्कीसमेत वि. काठमाडौं जिल्ला अदालत, बबरमहल काठमाडौंसमेत | ८ |
| **इजलास नं. १** | | | **९ - १२** |
| ८. | बन्दी प्रत्यक्षीकरण | कृष्टिना यादव वि. जिल्ला सरकारी वकिलको कार्यालय, झापासमेत | ९ |
| ९. | लागु औषध | सरोज शाक्य वि. नेपाल सरकार | ११ |
| **इजलास नं. २** | | | **१२ – ३०** |
| १०. | उत्प्रेषणसमेत | सीतादेवी यादव वि. उच्च अदालत जनकपुर, राजविराज इजलाससमेत | १३ |
| ११. | जबरजस्ती करणी | कमल परियार वि. नेपाल सरकार, नेपाल सरकार वि. कमल परियार | १३ |
| १२. | लेनदेन | देवआशिस यादव वि. मार्गैनकुमार यादव | १४ |
| १३. | बन्दी प्रत्यक्षीकरण | किरण पुतुवार वि. जिल्ला प्रहरी कार्यालय, धादिङबेशी, धादिङसमेत | १५ |
| १४. | बन्दी प्रत्यक्षीकरण / उत्प्रेषणसमेत | दिनेशप्रसाद अधिकारी वि. उच्च अदालत, पाटनसमेत | १६ |

| | | | |
|---|---|---|---|
| १५. | करार विपरीतको काम कारबाही रोकिपाऊँ | गंगालाल श्रेष्ठसमेत वि. राष्ट्रिय सहकारी विकास बोर्ड, हरिहरभवन पुल्चोक ललितपुर | १६ |
| १६. | उत्प्रेषण | सियाशरण रायसमेत वि. उच्च अदालत जनकपुरसमेत | १७ |
| १७. | लागु औषध अफिम | अमरबहादुर थापा मगरसमेत वि. नेपाल सरकार | १८ |
| १८. | कर्तव्य ज्यान | माया तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. मागधन राई, नेपाल सरकार वि. अरुण माझीसमेत | १९ |
| १९. | दर्ता फारी | बद्रीलक्ष्मी साही खड्गी वि. गणेशकुमारी साहीसमेत | २० |
| २०. | वैदेशिक रोजगार कसुर | सुनिता गौतम वि. नेपाल सरकार | २१ |
| २१. | उत्प्रेषण / परमादेश | टिकाराम न्यौपाने वि. नेपाल विद्युत् प्राधिकरण रत्नपार्कअन्तर्गत परासी वितरण केन्द्र, नवलपरासीसमेत | २१ |
| २२. | ठगी | हरेन्द्रप्रसाद कुर्मी वि. नेपाल सरकार | २२ |

| | | | |
|---|---|---|---|
| २३. | उत्प्रेषण | ओशिन नगरकोटी वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत | २३ |
| २४. | लागु औषध खैरो हिरोइन | नेपाल सरकार वि. महेश घर्तीसमेत | २४ |
| २५. | उत्प्रेषणसमेत | डा. मुक्ता चन्द शाहीसमेत वि. त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान, डिनको कार्यालय, महाराजगन्ज, काठमाडौंसमेत | २५ |
| २६. | उत्प्रेषणसमेत | दयानन्दप्रसाद ओझैया वि. निजामती किताबखाना, हरिहरभवन, पुल्चोक, ललितपुरसमेत | २७ |
| २७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. डवले भन्ने डवलबहादुर वि.क.समेत, नेपाल सरकार वि. ऐनबहादुर भुल | २७ |
| २८. | लागु औषध खैरो हेरोइन | नेपाल सरकार वि. रत्नबहादुर के.सी.समेत | २९ |

| | | | |
|---|---|---|---|
| **इजलास नं. ४** | | | **३० – ३४** |
| २९. | मूल्य अभिवृद्धिकर (०६५/०६६) | सि.जि. ब्रुअरी नेपाल प्रा.लि. वि. आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौंसमेत | ३० |
| ३०. | अदालतको अवहेलना | प्रकाशमणि शर्मासमेत वि. गणेश राई, कार्यकारी अधिकृत काठमाडौं महानगरपालिका बागदरबार, सुन्धारा, काठमाडौंसमेत | ३१ |
| ३१. | बन्दी प्रत्यक्षीकरण समेत | झपेन्द्र राना मगर वि. वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंसमेत | ३१ |
| ३२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. नागेन्द्र राउत | ३२ |
| ३३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. नरेश मलिक डोमसमेत, नेपाल सरकार वि. इनरजीत मलिक डोम | ३३ |
| **इजलास नं. ७** | | | **३४ – ३९** |
| ३४. | लिखत दर्ता बदर दर्ता | रश्मी दाससमेत वि. राम दुलारीदेवी साहसमेत | ३४ |
| ३५. | कर्तव्य ज्यान | पदम तामाङ स्याङ्बो वि. नेपाल सरकार, नेपाल सरकार वि. परिवर्तित नाम ०२-०७६।०७७ ग | ३५ |
| ३६. | करार बमोजिमको रकम र क्षतिपूर्ति दिलाई भराइपाऊँ | डा.रोजी कार्की खत्रीसमेत वि. सागर प्रताप राणा | ३६ |
| ३७. | बन्दी प्रत्यक्षीकरण | नरमाया लिम्बु वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ३८ |
| **इजलास नं. ९** | | | **३९ – ४३** |
| ३८. | निषेधाज्ञा, परमादेश | कृष्णबाबु चौधरी वि. गढीमाई नगरपालिका कार्यालय, जितपुर, बारासमेत | ३९ |
| ३९. | बन्दी प्रत्यक्षीकरण | मनिष बस्नेत सुलभ पण्डित क्षेत्री भन्ने नरेन्द्रबहादुर पण्डित क्षेत्री वि. सिन्धुपाल्चोक जिल्ला अदालत, चौतारा सिन्धुपाल्चोकसमेत | ४० |
| ४०. | अन्त:शुल्क (आ.व.०६५/०६६) | आन्तरिक राजस्व कार्यालय, धरान वि. ज्ञानदेव सिंह | ४१ |
| ४१. | सरकारी कागज किर्ते | नेपाल सरकार वि. रतनलाल अग्रवालसमेत, रतनलाल अग्रवाल वि. नेपाल सरकार | ४१ |

| इजलास नं. ११ | | | ४३ – ४६ |
|---|---|---|---|
| ४२. | माना चामल | कविता चौधरी वि. हुलास चौधरीसमेत | ४३ |
| ४३. | सार्वजनिक बाटो खुलाइपाऊँ | राजेन्द्र पाण्डेय वि. समशेरबहादुर श्रीवास्तव | ४४ |
| ४४. | उत्प्रेषणयुक्त परमादेश | पवनकुमार प्रजापति वि. उच्च अदालत, पोखरासमेत | ४५ |

| इजलास नं. १३ | | | ४६ – ४८ |
|---|---|---|---|
| ४५. | सम्झौता बदर | सुरज गुरुङसमेत वि. प्रेमबहादुर गुरुङ | ४६ |
| **इजलास नं. १४** | | | **४८ – ५२** |
| ४६. | कर्तव्य ज्यान | लक्ष्मण बस्यालसमेत वि. नेपाल सरकार, दिपेन्द्र बस्याल वि. नेपाल सरकार | ४८ |
| ४७. | अंश चलन | मानकचन्द बोथरा वि. लुनकरण बोथरा | ५० |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-RB-०५४९, मूल्य अभिवृद्धि कर (आ.व. २०६५।०६६), कर्मा घले वि. ठुला करदाता कार्यालय, हरिहरभवन ललितपुर*

करदाता सुमी डिस्टिलरी प्रा.लि.ले आ.व. ०६५।०६६ मा डिभास आर्ट एण्ड एडभर्टाइजिङ सर्भिसबाट विभिन्न विज्ञापन सामाग्रीहरू खरिद गरेको भनी सो सर्भिसका विभिन्न मितिका मूल्य अभिवृद्धि कर बीजकहरू पेस गरी कर कट्टी दाबी लिएको देखिन्छ । डिभास आर्ट एण्ड एडभर्टाइजिङ सर्भिसका प्रोप्राइटर बिपिनकुमार यादव, स्थायी ठेगाना सप्तरी रहेको र सम्पर्क नम्बर आन्तरिक राजस्व विभागको सूचनामा ९८४१३१०८१२ उल्लेख भई कारोबारको ठेगाना कलंकी काठमाडौं रहेकोमा उल्लिखित नम्बरमा सम्पर्क हुन नसकेको (नम्बर नमिलेको), उक्त स्थानमा निजको कुनै कारोबार भएको नदेखिएको । निजले जारी गरेको कर बीजकहरूमा फर्मको टेलिफोन तथा फ्याक्स नम्बर नभएको, बीजकमा सामान ढुवानी भई ल्याइएको सवारी दर्ता नं. उल्लेख भएको नदेखिएको, बीजकहरू ROUND FIGURE मा जारी भएको कारणबाट वास्तविक कारोबार भई जारी भएको पुष्टि हुन नआएको भन्नेसमेत आधारमा करदाताको हकमा अन्तिम कर निर्धारण गरेको भन्ने देखिने ।

करदाता प्रा.लि.ले डिभास आर्ट एण्ड एडभर्टाइजिङ सर्भिस नामक शङ्कास्पद फर्मबाट कुनै वस्तु वा सेवा खरिद नगरी नक्कली कर बीजक मात्र लिई कर कट्टी दाबी लिएको भन्ने देखिन्छ । कारोबार पुष्टि हुनको लागि वस्तु वा सेवा खरिद गरी सोबापतको भुक्तानी सम्बन्धित फर्मलाई दिएको हुनुपर्छ । सम्बन्धित फर्मबाट त्यस्तो वस्तु वा सेवा आपूर्ति भएकै हुनुपर्छ । तत्पश्चात् वस्तुको मौज्दात वा बिक्रीको विवरणसमेत राखी कर अधिकृतबाट खोजी भएका बखत तत्कालै देखाउन सक्नुपर्ने ।

बिक्रेता फर्म डिभास आर्ट एण्ड एडभर्टाइजिङ सर्भिस आन्तरिक राजस्व विभागको शङ्कास्पद करदाताको सूचीमा समावेश रहेको देखिन्छ । बिक्रेता फर्महरूको कारोबारस्थल र सम्पर्क व्यक्ति कर अधिकृतले खोजी गरेका बखत करदाता तथा निजका आधिकारिक प्रतिनिधि बसन्तलाल श्रेष्ठले खुलाउन सकेको देखिँदैन । यसरी सबुद प्रमाण पेस गरी आफ्नो कारोबार पुष्ट्याइँ गर्ने दायित्व रहेका करदाताले वास्तविक कारोबार पुष्टि हुने सबुद प्रमाण तत्काल पेस गर्न सकेको मिसिलबाट नदेखिने ।

सुमी डिस्टिलरी प्रा.लि.को हकमा आ.व. २०६५।०६६ को मूल्य अभिवृद्धि कर, जरिबाना, अन्य शुल्क र ब्याजसमेत अन्तिम कर निर्धारण गर्ने गरी सुरू ठुला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७०।०३।३१ मा भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०७०।०७।२१ को निर्णय सदर हुने ठहऱ्याएको राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०७३।०५।२० को फैसला मिलेकै देखिदा सदर हुने ।

इजलास अधिकृत - कृतिबहादुर बस्नेत

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल मङ्सिर १८ गते रोज २ शुभम् ।

- यसै लगाउका ०७४-RB-०५५०, ०७४-RB-०५५१, मुल्य अभिवृद्धि कर (आ.व. २०६५/०६६), कर्मा घले वि. ठुला करदाता कार्यालय, हरिहरभवन ललितपुर, बलराम रिज्याल वि. कर्मा घले भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

**२**

**स.प्र.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-CR-१३३२, मानव बेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. देवेन्द्र गुरुङसमेत*

प्रतिवादीको मनसाय तत्त्व (उद्देश्य) यो यस्तो रहेको भनी निरपेक्ष रूपमा यकिन गर्न सकिने हुँदैन । कसुरको प्रकृति, कसुर गर्दाको परिस्थितिलगायत कसुरजन्य कार्य गर्दा प्रतिवादीले निभाएको समग्र भूमिकाको विश्लेषणबाटै यसको प्रकृतिलाई निर्क्यौल गर्नुपर्ने हुन्छ । अदालतसमक्षको बयानमा निज प्रतिवादीले पीडितलाई विवाहको उद्देश्यले पोखराबाट लमजुङ माइलो बुबा (श्याम गुरुङ) को घरमा लगेको भन्ने जिकिर लिएको देखिन्छ। निज प्रतिवादीको उक्त बयान बेहोरा प्रत्यक्षदर्शी निज श्याम गुरुङको बकपत्रको बेहोराबाट पनि समर्थित रहेको पाइन्छ । निज प्रतिवादी र पीडतलाई श्याम गुरुङकै घरबाट प्रहरीले बरामदसमेत गरेको तथ्य देखिन्छ । यदि निज प्रतिवादीले पीडितलाई किन्ने वा बेच्ने वा वेश्यावृत्तिमा लगाउने आपराधिक उद्देश्य राखी पोखराबाट लमजुङ लगेको भए लमजुङमा निज प्रतिवादीकै माइलो बुबा नाता पर्ने श्याम गुरुङको घरमा लगी राख्ने कुरा स्वाभाविक हुँदैन । साथै, निज प्रतिवादीले पीडितउपर किन्ने वा बेच्ने वा वेश्यावृत्तिमा लगाउने जस्ता आपराधिक कार्य गर्ने कुनै परिपञ्च गरेको, उद्योग गरेको मिसिलबाट पुष्टि हुन नसकेको ।

प्रतिवादी देवेन्द्र गुरुङले श्याम गुरुङको घरदेखि बाहिर पीडितलाई अन्यत्र लगेको, राखेको भनी मिसिलबाट खुल्न आएको पनि देखिँदैन । पीडितउपर किनबेच वा वेश्यावृत्तिको कसुर भएको देखिने कुनै चिह्न पीडितको शारीरिक परीक्षण प्रतिवेदनबाट खुल्न सकेको देखिँदैन । NO HYMEN INTACT भन्नेसम्मको पीडितको शारीरिक परीक्षण प्रतिवेदनबाट निजउपर किनबेच वा वेश्यावृत्तिको कसुर भएको भनी यकिन गर्न सकिने अवस्था पनि हुँदैन । पीडित निज श्याम गुरुङको घरमा राजीखुसीले नै परिवारसँगै बसेको तथा घरमा नै रहेको अवस्थामा प्रहरी आई प्रतिवादीसमेतलाई नियन्त्रण लिई गएको भन्ने देखिएको छ । मानिस किनबेच गर्ने, वेश्यावृत्तिमा लगाउनेजस्तो कार्यलाई हाम्रो सामाजले अत्यन्तै अनैतिक प्रकृतिको कसुरको रूपमा हेर्ने गर्दछ । यस्तो घृणित आपराधिक कार्य गर्नमा यी प्रतिवादीलाई निजको श्याम गुरुङको सपरिवारै मिलेर सहयोग गरे वा अनदेखा गरे होलान् भनी यत्तिकै भन्न हाम्रो सामाजिक परिवेशले पनि उचित हुँदैन । यी प्रतिवादीले उमेर नपुगेकी पीडितलाई पोखराबाट लमजुङसम्म लगेकोमा सो कार्यको लागि निज पीडितको संरक्षकको सहमति रहेको वा लिएको तथ्य मिसिलबाट खुल्न सकेको छैन । उमेर नपुगेकी पीडितसँग कानूनतः विवाह गर्नै नमिल्ने हुँदा विवाह गर्ने उद्देश्य लिई निज पीडितलाई संरक्षकको सहमति नलिई एक ठाउँबाट अर्को ठाउँमा लैजानु नै निज पीडितलाई शोषण गर्ने उद्देश्यले लगेको भनी मान्नुपर्ने हुन आउँछ । निज प्रतिवादीले पीडितको संरक्षकको सहमति नलिई पीडितलाई विवाह गर्ने भनी पोखराबाट लमजुङ निज प्रतिवादीको माइलो बुबाको घरमा लगी राखेको तथ्यसम्म स्थापित हुन आएको यस अवस्थामा निज प्रतिवादीले पीडितलाई शोषण गर्ने उद्देश्यले नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेसम्मको कसुर गरेको मान्नुपर्ने देखिने ।

अर्का प्रतिवादी सन्तोष सुनारको हकमा हेर्दा, पीडितलाई मिति २०७२।११।०५ मा पोखराबाट लमजुङ लगिएको भन्ने तथ्य रहेको देखिन्छ । निज प्रतिवादीले अदालतमा उपस्थित भई निज पहिला पनि वैदेशिक रोजगारीमा दुबई गई फर्केकोमा मिति २०७२।११।०५ मा निज बाहिर पुनः जाने कामको लागि काठमाडौंमा भएको भनी अभियोगमा इन्कारी

बयान गरिदिएको पाइन्छ। प्रतिवादीको यस भनाइलाई निज प्रतिवादीका साक्षी कान्छी गुरुङको बकपत्रबाट पनि समर्थित भएको देखिन्छ। निज प्रतिवादीउपरसमेत जाहेरी दरखास्त परेको देखिए तापनि पीडितले यी प्रतिवादी सन्तोष सुनार लमजुङ पुगेपछि कता गए थाहा भएन भनी बयान गरिदिएको देखिन्छ। प्रतिवादी देवेन्द्र गुरुङले अदालतको बयानमा निजले पीडितलाई पोखराबाट लमजुङसम्म पुर्‍याएको तथ्यलाई स्वीकार गरी बयान गरेको अवस्थामा समेत निजले प्रतिवादी सन्तोष सुनारलाई नचिनेको भनी बयान गरिदिएको पाइन्छ । प्रतिवादी देवेन्द्र गुरुङ र पीडित लमजुङ गएर बसेको घरका मुली श्याम गुरुङले प्रतिवादी सन्तोष सुनारलाई चिन्दिनँ भनी अदालतसमक्ष बकपत्र गरिदिएको पाइन्छ । निज प्रतिवादीको पीडितलाई लमजुङ लग्नमा कुनै भूमिका रहेको देखिने गरी वादी पक्षले कुनै पनि वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको अवस्था पनि देखिँदैन । यस अवस्थामा प्रतिवादी सन्तोष सुनारले पीडितउपर मानव बेचबिखन तथा ओसारपसारको कसुर गरेको भनी पुष्टि हुने कुनै पनि सबुद मिसिलसंलग्न रहेको नदेखिँदा निज प्रतिवादीलाई कसुरदार ठहर गर्न नमिल्ने।

देवेन्द्र गुरुङ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुरमा कसुरदार रहेको देखिँदा, निज प्रतिवादीलाई सोही कसुरको प्रकृति र गाम्भीर्यको आधारमा ऐ. ऐनको दफा १५(१)(च) बमोजिम १ (एक) वर्ष ६ (छ) महिना कैद हुने तथा अर्का प्रतिवादी सन्तोष सुनारको कसुरमा संलग्नता रहेको नदेखिँदा निजलाई आरोपित कसुरबाट सफाइ प्रदान गर्ने ठहर गरेको सुरू कास्की जिल्ला अदालतको मिति २०७३।०९।१३ को फैसला सदर गर्ने गरी उच्च अदालत पोखराबाट मिति २०७४।०३।१९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल कार्तिक १९ गते रोज १ शुभम्।

## ३

**स.प्र.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७६-RB-००२८, मूल्य अभिवृद्धि कर (आ.व. ०६४।०६५), रुप ज्योति वि. ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपुरसमेत*

विवादित विषयमा सम्बद्ध प्रमाणको विश्लेषण गर्दा सुरू कार्यालय तथा विभागले गरेको निर्णय न्यायको रोहबाट सदर वा बदर जे हुनुपर्ने हो सोही कुरा ठहर गर्नुपर्ने हुन्छ। सुरू निर्णय सदर हुने भए पुनरावेदन दाबी नपुग्ने हुन्छ भने बदर हुने देखिए पुनरावेदन दाबी पुग्न नसक्ने ठहर गर्नुपर्ने हुन्छ। प्रमाणको विश्लेषणबाट देखिन आएको आधार र कारण खोली सुरू निर्णय सदर वा बदर हुने भनी ठहर गरेमा मुद्दाका पक्षहरूको लागि पनि सो निर्णय स्वीकार्य हुने हुन्छ । अन्यथा माथि एउटा निष्कर्ष निकाली तल सो निष्कर्षविपरीत फैसलामा ठहर गर्नु न्याय र विवेकको दृष्टिकोणबाट उचित र मनासिब हुने नदेखिने।

राजस्व न्यायाधिकरणको उक्त फैसलाको ठहर खण्ड र तपसिल खण्डमा मिति फरक परेको र सदर फैसलालाई उल्टी भनी उल्लेख भएकोले भुलसुधार गरिपाउँ भनी करदाता कम्पनीको निवेदन परेको देखिन्छ। उक्त निवेदन मागबमोजिम फैसलाको ठहर खण्ड र तपसिल खण्डमा फरक परेको मिति २०६८।०१।१६ को सट्टामा मिति २०६८।१२।१२ र मिति २०६८।०४।१२ को सट्टामा “मिति २०६९।०४।३१” कायम हुने गरी भुलसुधार गरिदिएको देखिन्छ। तर सदर फैसलालाई उल्टी भनी उल्लेख भएको भन्ने विषय इन्साफ फरक पर्ने विषय भएकोले

भुलसुधार गर्न नमिल्ने भनी राजस्व न्यायाधिकरणबाट मिति २०७४।१२।२० मा आदेश भएको पाइने।

राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०७४।०२।१७ को फैसला मिलेको नदेखिँदा बदर गरिदिएको छ । अब, सुरू कार्यालय तथा विभागले गरेको निर्णय मिले नमिलेको के हो ? उक्त निर्णय सदर वा उल्टी के हुनुपर्ने हो ? हेरी, प्रमाणको उचित विवेचना गरी, मिसिल प्राप्त भएको मितिले ३ (तीन) महिनाभित्र छिटो छरितो रूपमा पुनः इन्साफ गर्नु भनी मिसिल राजस्व न्यायाधिकरण काठमाडौंमा पठाइदिने ठहर्छ । उपस्थित पक्षलाई तारिख तोकी राजस्व न्यायाधिकरण काठमाडौंमा हाजिर हुन पठाइदिने।

इजलास अधिकृत : कृतिबहादुर बस्नेत

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०८० साल मङ्सिर १७ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैनुसार फैसला भएका छन्।

- ०७५-RB-००९३, मूल्य अभिवृद्धि कर (आ.व. ०६५।०६६), रुपज्योति वि. ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपुरसमेत
- ०७५-RB-००९२, मूल्य अभिवृद्धि कर (आ.व. ०६४।०६५), रुपज्योति वि. ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपुरसमेत
- ०७५-RB-००९४, मूल्य अभिवृद्धि कर (आ.व. ०६५।०६६), रुपज्योति वि. ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपुरसमेत

## ४

**स.प्र.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री शारङ्गा सुवेदी,** *०८०-WH-०२६३, बन्दीप्रत्यक्षीकरण, स्नेहा साह वि. सिराहा जिल्ला अदालतसमेत*

प्रस्तुत निवेदनमा उठाइएको विषयलाई हेर्दा, बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने कुनै पनि आधार नदेखिएको र निज निवेदक नितेशकुमार साहसमेतलाई प्रतिवादी कायम गरी सन्तनकुमार पाण्डेको जाहेरीले वादी नेपाल सरकार भएको ठगी तथा आपराधिक विश्वासघातको कसुरमा पक्राउ गरी कानूनबमोजिम नै सुरू सिराहा जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान क्रममा रहेकोले कानूनबमोजिम भए गरेको कार्यबाट निवेदकको संवैधानिक तथा कानूनी हक अधिकारमा कुनै असर परेको अवस्था नदेखिँदा निवेदन माग दाबीबमोजिम निवेदक नितेशकुमार साहलाई यस अदालतबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त गर्नुपर्ने अवस्था नदेखिने।

रिट निवेदक नितेशकुमार साहसमेतलाई प्रतिवादी कायम गरी सन्तनकुमार पाण्डेको जाहेरीले वादी नेपाल सरकार भएको ठगी तथा आपराधिक विश्वासघातको कसुरमा पक्राउ गरी सुरू सिराहा जिल्ला अदालतबाट पटकपटक म्याद थप गरी अनुसन्धान गर्नको लागि न्यायिक हिरासतमा राखी अनुसन्धान भइरहेको देखिएकोले निज निवेदकलाई थुनामा राखेको कार्य गैहृकानूनी देखिन आएन, निवेदकको बन्दीप्रत्यक्षीकरणको रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : लालसिंह थापा

कम्प्युटर :- राधिका घोरासाइने

इति संवत् २०८० साल चैत्र १२ गते रोज २ शुभम्।

## ५

**स.प्र.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अब्दुल अजीज मुसलमान,** *०७४-CR-०१६५, ०७४-CR-१२३१, किर्ते ठगी, रंगप्रसाद भन्ने कृष्णबहादुर श्रेष्ठ वि. नेपाल सरकार, नेपाल सरकार वि. रंगप्रसाद*

*भन्ने कृष्णबहादुर श्रेष्ठसमेत*

जाहेरवालाको मौकाको जाहेरी तथा अभियोजन गर्दासमेत यी प्रतिवादीहरूमध्ये यो यसले यो यति यसरी लाभ वा लिनुदिनु गरी आफ्नो कर्तव्यबाट विमुख भई पदीय आचरण विरुद्धको काम गरेको भनी प्रस्ट रूपमा जाहेरवालाले भन्न सकेको वा दाबी लिन सकेको पनि देखिँदैन। यी जाहेरवालाले आफूले पारित गराइलिएको मिति २०७०।६।२१ को राजीनामाबमोजिमको जग्गा वास्तविक जग्गाधनी रंगप्रसाद श्रेष्ठलाई मिति २०७०।७।१३ मा राजीनामाबाट फिर्ता गरिसकेपश्चात् मात्र प्रस्तुत मुद्दामा प्रतिवादीले उजुरी जाहेरी दिएको देखिन्छ। प्रतिवादीहरू आरोपित कसुर गरेकोमा इन्कारी भई अदालतमा आई बयान गरेको देखिन्छ । निजको इन्कारीलाई खण्डित गर्न सक्ने प्रतिवादी विरुद्धको प्रमाण वादी पक्षले प्रदान गर्न सकेको पाइदैन । फौजदारी मुद्दामा प्रतिवादी विरुद्ध कसुर प्रमाणित गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादी नेपाल सरकारको हुनेमा त्यस्तो प्रमाण पेस गरी प्रतिवादी विरुद्धको कसुर प्रमाणित हुन सकेको छैन । प्रतिवादीउपरको अभियोग दाबी प्रमाणित हुने भौतिक र अभौतिक प्रमाण मिसिलबाट देखिन आएको छैन । यसर्थ, प्रमाणको अभावमा निज प्रतिवादीहरूलाई सफाइ दिनुपर्नेमा सजाय ठहर गरेको सुरू कास्की जिल्ला अदालतको मिति २०७२।११।१८ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई आरोपित कसुरबाट प्रतिवादी खेमनारायण पौडेल, लक्ष्मी पौडेल, केशवराज भट्टराईसमेत जना-३ ले सफाइ पाउने ठहर गरी उच्च अदालत पोखराबाट मिति २०७४।३।४ मा भएको फैसला अन्यथा परिवर्तन गरिरहनुपर्ने नदेखिने।

प्रतिवादीमध्येका अनिता शर्माको हकमा हेर्दा, निजउपर नागरिकता ऐन, २०६३ को दफा २१(३), मुलुकी ऐन किर्ते कागजको महलको ७, १२ नं. तथा मुलुकी ऐन, ठगीको महलको ४ नं. बमोजिम सजाय हुन भन्नेसमेत अभियोग दाबी भएकोमा निज प्रतिवादी आरोपित कसुरमा इन्कारी भई अदालतमा बयान गरेको देखिन्छ । सह-अभियुक्त रंगप्रसाद श्रेष्ठ भन्ने कृष्णबहादुर श्रेष्ठले अदालतमा आई बयान गर्दा नागरिकता किर्तेतर्फ प्रतिवादी अनिता शर्माको कुनै भूमिका नभएको भनी बयान गरेको पाइन्छ। प्रतिवादी अनिता शर्माले जग्गा पास गर्ने गराउने कार्यमा भूमिका खेलेबापत खाई खर्चबापत रु.५०-६० हजार दिएको भनी पोल गरेको देखिन्छ। नागरिकता किर्तेतर्फ निज अनिता शर्माको संलग्नता पुष्टि हुने कुनै विश्वसनीय प्रमाण वादी पक्षले पेस गर्न सकेको नदेखिँदा निजको हकमा सोतर्फको दाबी पुग्न नसक्ने हदसम्मको सुरू फैसलालाई अन्यथा मान्न सकिएन । यद्यपि त्यस्तो अर्काको जग्गा आफ्नो बनाई बिक्री गरी रकम लिनु खानु गरेको भन्ने निजउपरको पोलसमेतबाट त्यस्तो कार्यमा प्रतिवादी अनिता शर्माको पनि संलग्नता रहेको भन्ने पुष्टि हुन आयो। यी प्रतिवादीउपर पोल गर्ने सहअभियुक्त रंगप्रसाद श्रेष्ठ भन्ने कृष्णबहादुर श्रेष्ठले रु.५०-६० हजार खाना खर्चबापत दिएको भनेकोमा सोभन्दा बढी प्रतिवादी अनिताले लिएखाएको भन्नलाई प्रमाणको अभावमा सकिएन । यसैले निजले गरेको कसुरको प्रकृति र कसुरको मात्रासमेतलाई विचार गर्दा, निज प्रतिवादीको हकमा एक वर्ष कैद र रु.४,५०,०००।- (चार लाख पचास हजार) जरिवाना गर्ने गरेको सुरू कास्की जिल्ला अदालतको फैसला कैद र जरिवानाको सो हदसम्म मिलेको देखिन नआएकोले केही उल्टी भई प्रतिवादी अनिता शर्मालाई ६ महिना कैद र जरिवाना रु.५०,०००।- (पचास हजार) हुने ठहर गरी उच्च अदालत पोखराबाट मिति २०७४।३।४ मा भएको फैसला अन्यथा परिवर्तन गरिरहनुपर्ने नदेखिने।

प्रतिवादी रंगप्रसाद भन्ने कृष्णबहादुर श्रेष्ठको पुनरावेदनको हकमा विचार गर्दा, निजउपर नेपाल

नागरिकता ऐन, २०६३ को दफा २१(३), मुलुकी ऐन, किर्ते कागजको ७, १२ नं. ठगीको ४ नं. बमोजिमको सजायको मागदाबी रहेकोमा प्रतिवादीका नाउँमा अर्के रंगप्रसाद श्रेष्ठको नाउँको नागरिकतामा यी प्रतिवादीको फोटो टाँस गरी उही नागरिकता नं.समेत राखी नागरिकता बनाई सोही आधारमा यिनै प्रतिवादी जग्गा दिने र लिने रत्नबहादुर खत्री भई मिति २०७०।६।२१ मा थैली रु.२७,००,०००।- (सत्ताइस लाख) राखी राजीनामा पारित गरेको राजीनामाको मिसिल संलग्न सक्कल प्रतिबाट देखिन आएको छ । यी प्रतिवादी रंगप्रसाद भन्ने कृष्णबहादुर श्रेष्ठले रत्नबहादुर खत्रीबाट रु.२७,००,०००।- (सत्ताइस लाख रूपियाँ) लिएको भन्ने देखिन आयो । अधिकार प्राप्त अधिकारीसमक्ष निजले आरोपित कसुर गरेकोमा साबिती भई बयान गरी अदालतमा समेत निज प्रतिवादीले नागरिकतामा फोटो टाँस गर्न फोटो खिचाएको, सिफारिसको लागि फोटो प्रतिवादी अनितालाई दिएको, आफ्नो नाउँबाट दाबीबमोजिमको जग्गा बिक्री गरी रकम लिनुदिनु गरेको भनी साबिती बयान गरेको देखिन्छ । वादी दाबीको साबिक कि.नं. ८५४ को हाल कि.नं.१०७ को ०-११-०-० जग्गा आफ्नो स्रेस्ता पुर्जा दर्ताभित्रको होइन भन्ने कुरा यी प्रतिवादी रंगप्रसाद भन्ने कृष्णबहादुर श्रेष्ठलाई थाहा जानकारी रहे भएकै अवस्थामा अर्के व्यक्तिको नाउँमा रहे भएको उक्त जग्गा यी प्रतिवादीसमेतले आफ्नो नाउँमा स्रेस्ता पुर्जा बनाई मिति २०७०।६।२१ मा जाहेरवालालाई बिक्री गरेको भन्ने देखिएको अवस्थामा यी प्रतिवादीले राजीनामामा उल्लेख भएको थैली रु.२७,००,०००।- मध्ये रु.५०,०००।- (पचास हजार) प्रतिवादीमध्येका अनिता शर्मालाई दिएको भन्ने हुँदा सो कटाई बाँकी हुन आउने रु.२६,५०,०००।- (छब्बिस लाख पचास हजार) को बिगो प्रतिवादीले हानि नोक्सानी गरेको ठहर गर्नुपर्नेमा सुरू अदालतबाट अन्यथा गर्ने गरी भएको मिति २०७२।११।१८ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी रंगप्रसाद श्रेष्ठ भन्ने कृष्णबहादुर श्रेष्ठलाई कैद वर्ष ६ र बिगो जरिवाना रु.२६,५०,०००।- (छब्बिस लाख पचास हजार) हुने उच्च अदालत पोखराबाट मिति २०७४।३।४ मा भएको फैसला अन्यथा परिवर्तन गरिरहनुपर्ने नदेखिने ।

अब, प्रतिवादीमध्येका दिपबहादुर कोइरालाको हकमा हेर्दा, निज प्रतिवादी पोखरा उपमहानगरपालिका वडा नं. ६ को वडा सचिवको रूपमा कार्यरत रहेको देखिन्छ । मिति २०७०।५।१८ मा उक्त कि.नं १०७ को जग्गाको स्रेस्तामा फोटो टाँस गर्न सिफारिस पाउँ भन्ने निवेदन दिएको र सोही दिन सर्जमिन मुचुल्का भएकोमा सो मुचुल्काको काम तामेल गर्ने वडा सचिव यिनै प्रतिवादी दिपबहादुर कोइरालाले गरेको देखिन्छ । सोही आफैँले सम्पन्न गरेको सर्जमिन मुचुल्काको आधारमा निज वडा सचिव दिपबहादुर कोइराला (पो.उ.म.न.पा. वडा नं. ८ को वडा सचिव) ले मालपोत कार्यालयको स्रेस्तामा फोटो टाँसको सिफारिस गर्ने निर्णयको मिति २०७०।५।१८ मा टिप्पणी उठाएको देखिन्छ । पोखरा उपमहानगरपालिका कार्यालयको मिति २०७०।५।१८ मा प्रशासकीय अधिकृत कल्पना बरालले मालपोत कार्यालय कास्की पोखरामा सिफारिस पत्र पठाएको देखिन्छ । प्रस्तुत किर्ते ठगी मुद्दाको सूत्रपात पोखरा नगरपालिकाबाट जग्गाधनी स्रेस्तामा फोटो टाँस गर्ने सिफारिस गर्न दिएकोबाट प्रारम्भ भएको देखिन्छ । सो सिफारिस दिनको लागि एकै दिनमा नक्कली जग्गाधनीको निवेदन परेको सोही दिन प्रतिवादी दिपबहादुर कोइराला वडा सचिव आफैँले सर्जमिनको काम तामेल गरी सिफारिस टिपण्णीसमेत उठाएको पाइयो । यो ठगीको प्रकरणमा निज वडा सचिव दिपबहादुर कोइरालाको प्रत्यक्ष संलग्नतामा हुन गएको स्पष्ट देखियो । यस अवस्थामा प्रतिवादी वडा सचिव दिपबहादुर कोइरालालाई सफाइ दिएको हदसम्म उच्च

अदालत पोखराबाट भएको फैसला मिलेको देखिएन। सो नदेखिँदा निजले कसुरमा संलग्न रही सहयोगको काम गरेको हुँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ठगीको महलको १ र ५ नं. विपरीतको कसुरमा कैद ६ महिना र ४,५०,०००।- जरिवानासमेत हुने ठहर गरेको सुरू जिल्ला अदालतको फैसला मिलेको हुँदा सोबमोजिम सजाय गर्नुपर्नेमा सफाइ दिएको उच्च अदालत पोखराबाट मिति २०७४।३।४ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादी दिपबहादुर कोइरालालाई ठगीको महलको १ र ५ नं. विपरीतको कसुरमा ६ महिना कैद र रु. ४,५०,०००।- जरिवाना हुने।

इजलास अधिकृत : लिलाधर सुवेदी

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०८० साल पौष २६ गते रोज ५ शुभम्।

६

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०६८-CR-०७५९, ०६८-CR-०८१२, कर्तव्य ज्यान, नेपाल सरकार वि. कृष्णदेव यादवसमेत, रामदरेश यादव वि. नेपाल सरकार*

प्रस्तुत मुद्दा जालसाजी मुद्दामा विवादित बाटोको नाप नक्सा गर्न भनी डोर खटी आएकोमा गाउँका सबै भद्रभलाद्मी भेला जम्मा भई बाटोको साँध सिमाना देखाउँदै गर्दाको अवस्थामा दुई पक्षबिच एकापसमा झगडा भएको देखिन्छ। भिडभाडमा घटना घटेकोले त्यस्तो अवस्थामा वचन दिने र सोको पालना हुने स्थिति रहँदैन। बाटोको नापीको विषयमा तत्काल विवाद उत्पन्न भई प्रस्तुत वारदात भएको देखिएको र कसले वचन दियो, कसले प्रहार गर्‍यो भनी वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन। मृतकसँग यी प्रतिवादीहरूको पूर्वरिसइवी नरहेको र प्रतिवादीको कुनै योजना वा पूर्वतयारी रहेको भन्ने पनि मिसिलबाट देखिँदैन। जालसाजी मुद्दामा मृतक र यी पुनरावेदक/प्रतिवादी पक्ष-विपक्ष पनि होइनन्। यस स्थितिमा यी प्रतिवादी कृष्णदेवले नागेन्द्र महतोलाई मार भनी बचन दिने र सो वचन मानी अन्य प्रतिवादीहरूले मृतकलाई कुटपिट गरी ज्यान मार्नेसम्मको कार्य गर्नुपर्ने ठोस कारण पनि नदेखिने।

पुनरावेदक/प्रतिवादी रामदरेश यादवले वारदात मिति २०५८।३।२५ मा कर्मचारी सञ्चयकोष कट्टी रकम जम्मा गर्न जलेश्वर गएको र वारदातमा संलग्न नभएको अवस्थामा पनि आफूलाई कसुरदार ठहर गरी सजाय गरेको पुनरावेदन अदालत जनकपुरबाट भएको फैसला नमिलेको भनी जिकिर लिएको देखिन्छ। पुनरावेदक/प्रतिवादी रामदरेश यादव वारदात मितिमा कर्मचारी सञ्चयकोष कट्टी रकम जम्मा गर्न जलेश्वर गएको भन्ने जिकिर राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, जलेश्वरको मिति २०५८।३।२५ र दाखिला गर्नेमा रामदरेश भनी उल्लेख भएको बैंक भौचरबाट पुष्टि हुन आयो। पुनरावेदक/प्रतिवादीले पेस गरेको उक्त बैंक भौचरलाई वादी पक्षबाट सप्रमाण अन्यथा रहेको भन्नसमेत सकेको नदेखिएबाट निज प्रतिवादी रामदरेश यादव घटनास्थलमा नरहेको भन्ने पुष्टि हुन आयो। प्रस्तुत मुद्दामा पुनरावेदक/प्रतिवादी रामदरेश यादवसमेतका प्रतिवादीहरूको कुटपिटबाट छोरा नागेन्द्र महतोको मृत्यु भएको भन्ने जाहेरी बेहोरा रहे पनि जाहेरवाला मृतककी आमा रामपरी देवीले वारदात मितिमा सडकसम्बन्धी मुद्दाका पक्षहरूबिच विवाद हुँदा भएको मारपिटबाट बच्न मेरो छोरा भाग्दै गर्दा कल्भर्टमा लडी निजको मृत्यु भएको हो। यी प्रतिवादीहरूको कर्तव्यबाट मृत्यु भएको होइन भनी अदालतमा बकपत्र गरेको देखिन्छ। यसबाट रामदरेश यादवसमेतका प्रतिवादीहरूको कर्तव्यबाट मृतक नागेन्द्र महतोको मृत्यु भएको भन्ने घटना नै पुष्टि हुन सकेको देखिएन। यसरी एकातर्फ घटना नै पुष्टि हुन नसकेको स्थिति र अर्कोतर्फ वारदातस्थलमा नै

नरहेको स्थितिमा प्रतिवादी रामदरेश यादवलाई दोषी ठहर गर्ने गरी भएको पुनरावेदन अदालत जनकपुरबाट भएको फैसला मिलेको नदेखिने।

जाहेरवाला रामपरी देवीले अदालतमा बकपत्र गर्दा छोरा नागेन्द्र महतोको भागदौडमा कल्भर्टमा लडेर मृत्यु भएको भनी जाहेरी बेहोराभन्दा फरक बेहोरा उल्लेख गरेको र मिसिल सामेल प्रमाणबाट यी प्रतिवादीहरूको कुटपिटको कारणले नभई भागदौडमा लडेर मृत्यु भएको भन्ने तथ्य स्थापित भएकोले यी प्रतिवादीहरूको कुटपिटको कारण नागेन्द्र महतोको मृत्यु भएको भन्ने कसुर स्थापित नै हुन नसकी सबै प्रतिवादीहरूले सफाइ पाउने देखिएकाले प्रतिवादी रामदरेश यादवलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद हुने ठहर्‍याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०६७।१२।०९ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ। साथै अन्य प्रतिवादीहरूलाई सफाइ दिने गरी तत्कालीन पुनरावेदन अदालत जनकपुरबाट भएको फैसला सो हदसम्म सदर हुने ठहरेकाले पुनरावेदक/प्रतिवादी रामदरेश यादव एवम् प्रत्यर्थी/प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत : टीकाबहादुर थापा

कम्प्युटर : चन्दनकुमार मण्डल/अमिररत्न महर्जन

इति संवत् २०७९ चैत्र १४ गते रोज ३ शुभम्।

**७**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-WO-०३३६, उत्प्रेषणयुक्त परमादेश, अग्नी कार्कीसमेत वि. काठमाडौं जिल्ला अदालत, बबरमहल काठमाडौंसमेत*

निवेदकहरूको वास्तविक ठेगाना तथा बाबुको नाम नै गलत उल्लेख भएको अवस्थामा काठमाडौं जिल्ला अदालतबाट यी रिट निवेदकको नाममा प्रकाशित म्याद सूचनाले सही रूपमा सम्बन्धित पक्षले जानकारी पाउन सक्छ भनी मान्न मिल्ने अवस्था देखिएन। वादीले फिरादमा उल्लेख गरेको उक्त ठेगाना राखी गोरखापत्र राष्ट्रिय दैनिकको मिति २०६९।०९।०६ मा सूचना प्रकाशित गरी जारी भएको भनिएको म्यादबाट यी निवेदकले आफ्नै नामको म्याद हो भनी यकिन हुन तथा निजले जानकारी पाएको होला भनी अदालतबाट अनुमान गर्न मिल्ने देखिन आएन। म्याद तामेली नै कानूनबमोजिम रीतपूर्वकको हुँदैन भने त्यस्तो तामेली म्यादको आधारमा भएको फैसलासमेतबाट प्राकृतिक न्यायको सिद्धान्तको हनन भएको नै सम्झनुपर्ने हुन्छ। आफ्नो मुद्दामा कानूनबमोजिम प्रतिवाद गर्न पाउने हकलाई कसैले हनन गर्न सक्तैन। यसरी प्रतिवाद गर्न पाउने त्यस्तो कानूनी हक प्राकृतिक न्यायको सिद्धान्तमा आधारित रहने हुँदा प्राकृतिक न्यायको सिद्धान्तको विपरीत हुने गरी भएको काम कारबाहीले वैधता प्राप्त गर्न सकिने अवस्था भएन। प्रस्तुत मुद्दामा अदालतबाट प्रकाशन भएको म्याद नै गलत ठेगाना तथा गलत नाम उल्लेख भएबाट प्रतिवादीले आफ्नो विरूद्ध परेको मुद्दाको सूचना सही रूपमा प्राप्त गरी मुद्दामा प्रतिवाद गर्न सक्ने स्थिति रहेछ भनी मान्न नसकिने।

घर वा ठेगाना थाहा नभएको व्यक्तिहरूको हकमा मात्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनाले पनि प्राकृतिक न्यायको सिद्धान्तलाई अनुसरण गरेको भनी अपवादको रूपमा मान्न सकिए तापनि म्याद सूचना र म्याद तामेल गर्नुपर्ने प्राकृतिक न्यायसम्बन्धी कार्यविधिको व्यवस्था स्वच्छ न्यायको आधारस्तम्भ भएकोले यसमा हुने सामान्य तलमाथि वा विचलनलाई मनासिब मान्न सकिँदैन। प्रस्तुत विवादमा यी निवेदकहरूको घरमा लामो समयदेखि व्यापार व्यवसाय गरिआएका घनश्याम मैनालीले आफ्ना घरधनीको वास्तविक वतनलगायत टेलिफोन मोबाइल नम्बर उल्लेख नगरी दायर भएको

फिरादपत्रका आधारमा भएको म्याद तामेल बेरितको भएकोमा पुनः गोरखापत्रमा सूचना प्रकाशित गर्दासमेत गलत वतनका साथै विवरण उल्लेख भएका कारणले यी निवेदकहरूलाई प्रतिरक्षा गर्ने र सफाइ पेस गर्ने पूर्ण अवसरबाट वञ्चित भई सुनुवाइको मौका नपाएको देखिने।

वास्तविक वतन उल्लेख नगरी दायर भएको फिराद पत्रमा उल्लेख भएको वतनमा म्याद तामेल हुन नसकेपश्चात् सोही वतनलाई वास्तविक वतन मानी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना र सोको आधारमा एकतर्फी सुनुवाइ गरी भएको काठमाडौं जिल्ला अदालतको मिति २०७६।०१।११ मा भएको फैसला रीतपूर्वकको मान्न नमिल्ने हुँदा सो फैसला र सोही फैसलाको आधारमा बिगो बुझाउन काठमाडौं जिल्ला अदालतबाट जारी गरेको म्यादलगायतका काम कारबाही उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब नियमबमोजिम यी निवेदकहरूका नाउँमा म्याद जारी गरी म्यादभित्र प्रतिवादीले ल्याएको प्रतिउत्तरपत्र रीतपूर्वक दर्ता गरी पुनः उक्त मुद्दाको पुर्पक्ष गर्नु भनी काठमाडौं जिल्ला अदालतको नाममा परमादेश जारी हुने।

इजलास अधिकृत – नबिन आचार्य

इति संवत् २०७९ साल साउन २४ गते रोज ३ शुभम्।

## इजलास नं. १

८

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७८-WH-०२१६, बन्दीप्रत्यक्षीकरण, कृष्टिना यादव वि. जिल्ला सरकारी वकिलको कार्यालय, झापासमेत*

बालबालिका ऐनमा उल्लिखित बाल सुधार गृह र मुलुकी अपराध संहितामा उल्लिखित सुधार गृह एकै हुन् वा होइनन् भन्ने सम्बन्धमा हेर्दा बालबालिकासम्बन्धी ऐनको दफा २ को (थ) मा "बाल सुधार गृह" भन्नाले दफा ४३ बमोजिम स्थापना भएको बाल सुधार गृह सम्झनुपर्दछ भन्ने उल्लेख भएको पाइन्छ। सोही ऐनको दफा ४३ मा बाल सुधार गृहसम्बन्धी व्यवस्था रहेको देखिन्छ। सोको उपदफा (१) मा नेपाल सरकारले कानूनको विवादमा परेका बालबालिकाको सुधार र पुनर्स्थापना नभएसम्म बालबालिका राख्ने प्रयोजनको लागि आवश्यकता अनुसार बाल सुधार गृहको स्थापना गर्ने छ भन्ने, उपदफा (२) मा उपदफा (१) को प्रयोजनको लागि कुनै संस्थाले नेपाल सरकारबाट स्वीकृति लिई बाल सुधार गृहको स्थापना गर्न सक्ने छ भन्ने, उपदफा (३) मा बाल अदालतले आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्र स्थापना भएका बाल सुधार गृहको अनुगमन तथा निरीक्षण गर्न, त्यस्तो बालसुधार गृहलाई आवश्यक निर्देशन दिन र बालसुधार गृहमा रहेका बालबालिकाको सुधारको स्थितिका सम्बन्धमा त्यस्तो बाल सुधार गृहलाई प्रतिवेदन पेस गर्न लगाउन सक्ने छ भन्ने, उपदफा (४) मा बाल सुधार गृहमा रहेका बालबालिकाको सो गृहमा रहनुपर्ने अवधि बाँकी हुँदाको अवस्थामा निजको उमेर अठार वर्ष पुगेमा निजको बानी बेहोरामा आएको सुधार, आर्जन गरिरहेको सिप तथा शिक्षाको निरन्तरतालगायतलाई ध्यानमा राखी बाँकी अवधिसम्मका लागि बाल सुधार गृहमा अन्य बालबालिकासँग अलग हुने गरी राख्नुपर्ने छ भन्ने र उपदफा (५) मा बाल सुधार गृहको स्थापना, सञ्चालन, अनुगमन तथा अन्य व्यवस्था तोकिएबमोजिम हुने छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रस्तुत कानूनी व्यवस्थाबाट कानूनको विवादमा परेका बालबालिकाको सुधार र पुनःस्थापना नभएसम्म बालबालिकालाई राख्ने प्रयोजनका लागि बाल सुधार गृहको स्थापना हुने देखिन्छ। बाल सुधार

गृहको स्थापना या त नेपाल सरकार आफैँले गर्ने या नेपाल सरकारको स्वीकृति लिएर कुनै संस्थाले गर्नसक्ने देखिन्छ। बाल अदालतले आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्र स्थापना भएका बाल सुधार गृहको अनुगमन तथा निरीक्षण गर्न, आवश्यक निर्देशन दिन बालबालिकाको सुधारको स्थिति सम्बन्धमा प्रतिवेदन लिनसक्ने बेहोरा उल्लेख भएको पाइन्छ। त्यसैगरी मुलुकी अपराध संहिताको दफा ४५(२) मा सुधार गृह भन्ने शब्दावलीको उल्लेखसम्म भए पनि सो संहितामा सुधार गृहको परिभाषा गरेको नपाइने।

निवेदक १४ वर्षभन्दा कम उमेरका नाबालिग रहेकोमा बालबालिकासम्बन्धी ऐनबमोजिम कसुरजन्य कार्य गरेको भए कसुरको प्रकृति हेरी छ महिनासम्म कैद सजाय हुने वा कैद नगरी बढीमा एक वर्षसम्म बालसुधार गृहमा राख्नुपर्ने व्यवस्था मौजुद रहेको परिप्रेक्ष्यमा कानूनले तोकेको अधिकतम हद ६ महिना कैद हुने ठहरेको भए पनि सो भुक्तान गर्न पठाउने स्थान बाल सुधार गृह हो। कैद सजाय नगर्दा बढीमा १ वर्षसम्म बालसुधार गृहमा राखिने ठहऱ्याई फैसला भए पनि सम्बन्धित व्यक्तिलाई राखिने स्थान बालसुधार गृह नै हो। चाहे कैद ठहरेको होस् या बाल सुधार गृहमा पठाउने ठहरोस जे ठहरे पनि फैसला कार्यान्वयन गर्न पठाइने स्थल बाल सुधार गृह नै रहेको देखिन्छ। कैद ठहरेको भए पनि या बाल सुधार गृहमा राख्न पठाउने ठहरे पनि ठहरेको व्यक्तिलाई राख्ने तौर तरिका, राखिने स्थान र उपलब्ध हुने सेवा सुविधा एउटै रहने हुँदा स्थापित बाल सुधार गृहमा नै कैदको सट्टा बालबालिकालाई १ वर्षसम्म राख्न पठाउँदा ६ महिनासम्म कैद हुने व्यवस्थाको प्रयोजन नै समाप्त हुन जान्छ। यस अर्थमा बालसुधार गृहमा ६ महिनाभन्दा बढी राख्नु न्यायोचित र औचित्यपूर्ण देखिँदैन। यस स्थितिमा ०७८-C१-००८६ को जबरजस्ती करणी मुद्दामा झापा जिल्ला अदालतबाट यी निवेदकलाई १ वर्ष सुधार गृहमा राखी सजाय भुक्तान हुने ठहरी मिति २०७८।५।२९ मा भएको फैसलाअनुसार यी निवेदकलाई १ वर्ष बालसुधार गृह, विराटनगरमा राख्ने गरी च.नं. TH-७२४ मिति २०७८।१०।२५ मा झापा जिल्ला अदालतबाट जारी भएको कैदीपुर्जी उल्लिखित कानूनी व्यवस्था र विवेचित ०७८-WH-०१८१ र ०७८-WH-००६० का बन्दीप्रत्यक्षीकरण रिट निवेदनमा गरिएको व्याख्याअनुकूल भए गरेको देखिएन। उक्त कैदी पुर्जीलाई कानूनसम्मत मान्न मिल्ने नदेखिँदा संशोधन गरिदिएको छ। यस परिप्रेक्षमा उपर्युक्त उल्लिखित कानूनी व्यवस्था, ०७८-WH-०१८१ र ०७८-WH-००६० का रिट निवेदनमा भएको व्याख्याबमोजिम उक्त मुद्दामा निवेदकलाई ६ महिनामात्र बाल सुधार गृहमा राख्न पठाउनुपर्नेमा निज निवेदक मिति २०७८।४।१८ देखि लागु हुने गरी बाल सुधार गृहमा रहेकोमा २०७८।१०।१७ सम्ममा ६ महिना भुक्तान गरेको देखिन्छ। उक्त मिति २०७८।१०।१७ पछि हालसम्म बाल सुधार गृहमा राख्ने कार्यलाई गैरकानूनी थुना मान्नुपर्ने।

निवेदक परिवर्तित नाम "ङ" लाई ६ महिना मात्र बाल सुधार गृहमा राख्न सकिनेमा यी निवेदक बाल सुधार गृह विराटनगरमा बसेको मिति २०७८।४।१८ देखि गणना गर्दा मिति २०७८।१०।१७ मा ६ महिना व्यतीत गरिसकेको देखिन आएको परिप्रेक्ष्यमा सोपछि निवेदकलाई बाल सुधार गृहमा राख्ने कार्य गैरकानूनी देखिँदा निवेदकलाई आजै थुनामुक्त गरी कानूनबमोजिम अभिभावक वा संरक्षकको जिम्मा लगाउनु भनी विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत : विष्णुप्रसाद खतिवडा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७९ जेठ ३१ गते रोज ३ शुभम्।

९

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७१-CR-००६१(०१-०७१-००३०२), लागु औषध, सरोज शाक्य वि. नेपाल सरकार*

बरामद भएको लागु औषधको नमुना परीक्षणको लागि पठाएकोमा राष्ट्रिय विधिविज्ञान प्रयोगशालाबाट जाँच हुँदा उक्त लागु औषध हेरोइन हो भन्ने परीक्षण प्रतिवेदन प्राप्त भएको मिसिलबाट देखिएको छ । परीक्षणसमेतको लागि नमुना छुट्याई बाँकी रहेको ४४१ ग्राम लागु औषध हेरोइन काठमाडौं जिल्ला अदालतका कर्मचारीसमेतको रोहबरमा नष्ट गरेको भन्ने मिति २०५३।१०।८ को मुचुल्का मिसिलसामेल रहेको देखिन्छ । प्रतिवादी रवि शाहबाट ४५० ग्राम खैरो हेरोइन अन्य प्रतिवादीहरूसमेतको रोहबरमा बरामद भएको भन्ने प्रतिवेदन र बरामदी मुचुल्काको बेहोरा सही साँचो हो । सोमा भएको सहीछाप मेरो हो । निज प्रतिवादीहरूलाई मिति २०५३।१०।२९ मा नै पक्राउ गरेको हो भन्नेसमेत बेहोराको प्र.ना.नि. दुर्गाबहादुर गुरुङ्ग र सोही बेहोराको प्र.स.नि. भिमबहादुर लामाको अदालतमा छुट्टाछुट्टै बकपत्र भएको मिसिलबाट देखिएकोले यी प्रतिवादी सरोज शाक्यसमेतको मिलेमतोमा खरिद गरी ल्याएको लागु औषध हेरोइन ४५० ग्राम बरामद भएको भन्ने तथ्य सप्रमाण पुष्टि भएको देखिने ।

पुनरावेदकसमेतका प्रतिवादीहरूले अनुसन्धानको क्रममा र अदालतसमेतमा बयान गर्दा आफूहरू लागु औषध सेवनकर्ता नभएको भनी बयान गरेको देखिएकोले उक्त लागु औषध खरिद गरी ल्याउनुको उद्देश्य बिक्री वितरण गरी नाफा बाँडी खाने भन्ने नै देखिन्छ । यी पुनरावेदक प्रतिवादी सरोज शाक्य, बलराम सिंह र ललितकिशोर शाहले लागु औषध खैरो हेरोइन खरिद गरी ल्याउने, अरविन्द दासले रवि शाहलाई दिने, रवि शाहसमेतका प्रतिवादीहरूले उक्त खैरो हेरोइन सञ्चय गर्ने, ग्राहक खोज्ने, बिक्री वितरणको प्रबन्ध मिलाउने र बिक्री वितरण गर्नेलगायतका कार्यको लागि सबै प्रतिवादीहरूले सङ्गठितरूपमा योजना बनाई भएको नाफा बाँडी खाने एउटै उद्देश्यले सो कार्य सम्पन्न गराउनमा सामूहिकरूपमा संलग्न रही आ-आफ्नो भूमिका निभाएको मिसिल संलग्न कागज प्रमाणबाट देखिएकोले निज प्रतिवादी सरोज शाक्यले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ)(ङ)(च) बमोजिम लागु औषधको बिक्री वितरण गर्ने, निकासी वा पैठारी गर्ने, खरिद गर्ने, सञ्चय गर्ने, राख्ने वा ओसारपसार गर्नेलगायतका कार्य गरी कसुरमा सामूहिकरूपमा संलग्न रहेको भन्ने घटनाको सिलसिलेवार रूपमा भएको वर्णन र मालाकाररूपमा परिस्थितिजन्य प्रमाणको उपस्थितिले कसुरको पुष्टि भएको देखिने ।

पुनरावेदक प्रतिवादी सरोज शाक्यसरहका यसै मुद्दाका पुनरावेदक प्रतिवादीहरू कृष्णबहादुर के.सी. अरविन्द दास र राजु खड्काले तथा प्रतिवादीहरू अरविन्द दास, नारायणबहादुर थापा, वैकुण्ठ खड्का र कृष्णबहादुर के.सी.उपर पुनरावेदक वादी नेपाल सरकारले यस अदालतमा भिन्न भिन्न मितिमा दिएको पुनरावेदनमा लागु औषध खरिददेखि बरामद हुँदाको अवस्थासम्ममा संलग्न रहेका अभियुक्तहरूमध्ये बलराम र ललितकिशोरले रक्सौल गई खैरो हेरोइन खरिद गरी ल्याउने, सरोज र बलरामले उक्त लागु औषध काठमाडौं ल्याउने, सरोजले अरविन्दलाई दिने, अरविन्दले रवि शाहलाई दिने, राजु खड्का र कृष्णबहादुर के.सी.ले बन्दोबस्त गर्ने, ल्याउने खबर भएअनुसार रवि शाहले निर्दोष राईलाई बोकाई लागु औषध ज्ञानेश्वर लैजाने, प्रतिवादीहरू नारायणबहादुर थापा, वैकुण्ठ खड्कासमेत भई प्रतिवादी नारायणबहादुर थापाको ट्रेकिङ्ग अफिस कोठा मिलाई लागु औषध बिक्री गरी नाफाको हिस्सा

मतसल्लाहमा खाने कार्य गरेको देखिँदा र सोही अवस्थामा सबै गिरफ्तार भएको हुँदा यी प्रतिवादीहरू सबै सङ्गठितरूपमा सरसल्लाहमा पसी लागु औषध खरिद गर्ने, ओसारपसार, बिक्री वितरण गर्ने कार्य गरेको हुँदा आपराधिक कार्यलाई प्रतिवादीपिच्छे अलगअलग गरी हेर्न मिल्ने नदेखिने।

सहअभियुक्तको पोल तथा लागु औषध बरामद भएको अवस्थामा होइन भन्ने कुराको प्रमाणित गर्ने भार प्रतिवादीमाथि रहने हुँदा सो प्रमाणित गर्नसमेत नसकेबाट निज प्रतिवादी राजु खड्काले लागु औषध ओसारपसार र बिक्री वितरण गर्ने कार्य गरेको देखिँदा पुनरावेदन अदालत पाटनले निजलाई १५ वर्ष कैद र पाँच लाख जरिबाना गर्ने गरी गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

पुनरावेदक नेपाल सरकारको पुनरावेदन र पुनरावेदक प्रतिवादीहरू अरविन्द दास, कृष्णबहादुर के.सी.को पुनरावेदनको सन्दर्भमा समेत प्रतिवादीहरू अरविन्द दास शर्मा, नारायणबहादुर थापा, वैकुण्ठ खड्का र कृष्णबहादुर के.सी.को हकमा समेत प्रतिवादीहरूले रायसल्लाह गरी लागु औषध ओसारपसार गरी बिक्री वितरण गरी नाफा खाने कार्यमा संलग्न भई निषेधित कार्य गरेको, निजहरूले अधिकारप्राप्त अधिकारीसमक्ष एकअर्कोलाई पोल गरेको, प्रतिवादी सबैको सल्लाह र योजनाअनुसार काम गरेको कुरा घटनाको प्रकृतिसमेतबाट पुष्टि गरेको कारण निजहरू कसुरदार देखिँदा अभियोग दाबीबमोजिम कसुर कायम हुनेमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम मतियारमा सजाय गरेको पुनरावेदन अदालत पाटनको फैसला सो हदसम्म मिलेको नदेखिँदा उल्टी भई निज प्रतिवादीहरूलाई उक्त ऐनको दफा १४(१) को (छ) (३) बमोजिम जनही १५ वर्ष कैद र रू.५,००,०००।- जरिबानासमेत हुने ठहर्छ भन्ने फैसला भई सो फैसलामा "लागुऔषध बिक्री गरी नाफाको हिस्सा मतसल्लाहमा खाने कार्य गरेको देखिँदा र सोही अवस्थामा सबै गिरफ्तार भई यी प्रतिवादीहरू सबै सङ्गठितरूपमा सरसल्लाहमा पसी लागुऔषध खरिद गर्ने, ओसारपसार, बिक्री वितरण गर्ने कार्य गरेको हुँदा आपराधिक कार्यलाई प्रतिवादीपिच्छे अलगअलग गरी हेर्न नमिल्ने। (प्र.नं. ४६) लागुऔषध बिक्री गरी नाफा बाँडी खाने उद्देश्यले मतसल्लाह गरी भारतबाट ल्याउने ग्राहक खोज्ने र बिक्री गर्ने कार्यमा सबैको समान संलग्नता भएको देखिँदा समग्रतामा हेर्नुपर्ने।

पुनरावेदक प्रतिवादी सरोज शाक्यले आरोपित कसुर गरेको भन्ने पुष्टि भएको देखिएको सन्दर्भमा निजको हकमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ)(ङ) (च) को कसुर गरेको पुष्टि भएकोले ऐजन ऐनको दफा १४ (१) को (छ) (३) मा "एक सय ग्रामदेखि माथि जतिसुकै परिमाणको कारोबार गर्नेलाई पन्ध्र वर्षदेखि जन्मकैद र पाँच लाख रूपियाँदेखि पच्चिस लाख रूपियाँसम्म जरिवाना" हुने कानूनी व्यवस्थाबमोजिम साबिक पुनरावेदन अदालत पाटनबाट भएको फैसला अन्यथा रहेको भन्ने नदेखिने।

पुनरावेदक प्रतिवादी सरोज शाक्यलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ) (ङ) (च) को कसुर अपराधमा ऐजन ऐनको दफा १४(१) को (छ) (३) बमोजिम १५(पन्ध्र) वर्ष कैद र रु.५,००,०००।- (पाँच लाख रूपियाँ) जरिवाना गर्ने गरेको काठमाडौं जिल्ला अदालतको सुरू फैसला सदर गर्ने ठहऱ्याएको साबिक पुनरावेदन अदालत पाटनको मिति २०७०।१०।१४ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : ऋतबहादुर पुलामी मगर

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७८ माघ २७ गते रोज ५ शुभम्।

## इजलास नं.२

### १०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७८-WO-०२११, उत्प्रेषणसमेत, सीतादेवी यादव वि. उच्च अदालत जनकपुर, राजविराज इजलाससमेत*

बिगो नं. ४०३ मा रोक्का रहेको जग्गाको विषयमा अदालतमा मुद्दा परी उक्त मुद्दा डिसमिस फैसला भई अन्तिम भई बसेको देखिएको छ । सोही मुद्दामा उल्लिखित विषयवस्तु फैसला कार्यान्वयनको क्रममा पुनः कारबाही प्रारम्भ गर्न मिल्ने हुँदैन । जिल्ला अदालतबाट भएको फैसलामा चित्त नबुझे कानूनबमोजिम पुनरावेदन गरी उपचार प्राप्त गर्न सक्नुपर्दछ । मुद्दाबाट प्रवेश गरी न्याय निरूपण भइसकेपछि सोही विषयमा जिल्ला अदालतमा कारबाहीको तहमा रहेको अन्य प्रक्रियामा पनि पुनः सोही कानूनी उपचारको प्रश्न उठाउन प्राङ्न्यायको सिद्धान्तले मिल्ने हुँदैन । यसरी, यिनै विवादित जग्गाको सम्बन्धमा रोक्का बदर मुद्दा गरी उक्त मुद्दा नै डिसमिस फैसला भएपछि पुनः सोही बिगो नं. ४०३ कै विषयमा फैसला कार्यान्वयनको कारबाही स्थगन गरी उही रोक्का जग्गा फुकुवा गरिपाउँ भनी रिट निवेदक सीतादेवी यादवले नै निवेदन कारबाही प्रारम्भ गरेको देखिन आएको हुँदा सप्तरी जिल्ला अदालतका तहसिलदारबाट उक्त निवेदन मागबमोजिम फैसला कार्यान्वयनको कारबाही स्थगित गर्न नमिल्ने भनी भएको आदेश कानूनविपरीत रहेको देखिन आएन ।

लेनदेन मुद्दामा अदालतबाट ठहर भएको अन्तिम फैसला अनुसार विपक्षी (लेनदेन मुद्दाका प्रतिवादी) बुद्धिलाल यादवकै नाउँसमेतको जग्गाबाट बिगो भरिभराउ गर्ने सिलसिलामा जग्गा रोक्का रहेउपर यिनै निवेदकसमेतबाट परेको बेरितको रोक्का बदर मुद्दा नै डिसमिस फैसला भइसकेको अवस्थामा पुनः उक्त जग्गा फुकुवा गरिपाउँ भनी यिनै निवेदकबाट परेको निवेदनमा फैसला कार्यान्वयनको कारबाही स्थगन गर्न मिलेन भनी सप्तरी जिल्ला अदालतका तहसिलदारबाट भएको आदेश र सोही आदेश सदर गर्ने गरी सोही अदालतको इजलासबाट मिति २०७७।०९।२४ मा भएको आदेश तथा उच्च अदालत जनकपुर राजविराज इजलासबाट मिति २०७७।१२।०६ मा भएको सदर आदेशसमेत कानूनसम्मत रहेको देखिँदा उत्प्रेषणको आदेशले उक्त आदेशहरू बदर गरिपाउँ भन्ने निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली
कम्प्युटर : देबिमाया खतिवडा (देबिना) र राधिका घोरासाइने
इति संवत् २०७९ साल जेष्ठ ११ गते रोज ४ शुभम् ।

### ११

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७३-CR-११२१, ०७४-CR-०४०२, जबरजस्ती करणी, कमल परियार वि. नेपाल सरकार, नेपाल सरकार वि. कमल परियार*

पीडित अपाङ्ग भएकोले जबरजस्ती करणीको महलको ३ क नं. बमोजिम थप सजाय नगर्ने गरी उच्च अदालत तुलसीपुर बुटवल इजलासबाट भएको फैसला उल्टी गरी थप सजायसमेत गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा, अपाङ्गताको परिभाषा के रहेछ भन्ने सम्बन्धमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन, २०७४ को दफा २(ख) हेर्दा "अपाङ्गता भएका व्यक्ति" भन्नाले शारीरिक,

मानसिक, बौद्धिक वा इन्द्रीयसम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पोरमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनुपर्छ" भन्ने उल्लेख भएको पाइन्छ । प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा निज वारदातको दिन पनि साँझको समयमा आफैँ सानी बहिनीसँग घुम्न निस्केको भन्ने देखिन्छ । निज पीडितलाई हिँडडुल गर्न अरुको सहारा चाहिने भन्ने खुलेको देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम दाबी लिएको कुरा प्रमाण पुर्‍याउनुपर्ने भार दाबी लिने पक्षको हुने हुँदा वादी नेपाल सरकारले पीडितको अपाङ्गतासम्बन्धी आफ्नो दाबीलाई प्रमाणित गराउन सकेको देखिँदैन । आधिकारिक प्रमाण पेस हुन नआएको अवस्थामा साबिक मुलुकी ऐन, जबरजस्ती करणीको ३ क नं. प्रस्तुत विवादमा आकर्षित हुने देखिएन । पीडित अपाङ्ग भएतर्फ थप सजाय गर्न नपर्ने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला अन्यथा नभई मनासिब नै देखिन आयो ।

प्रतिवादी कमल परियारलाई साबिक मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ (४) नं बमोजिम ५ वर्ष कैद र ऐ. ऐनको ३ क नं. बमोजिम थप ५ वर्ष कैद र ऐ. ऐनको १० नं. बमोजिम पीडितलाई रु.५०,०००।- क्षतिपूर्ति भराउने गरी सुरू रुपन्देही जिल्ला अदालतले गरेको मिति २०७२।०२।१९ गतेको फैसलालाई थप सजाय गरेको हदसम्म केही उल्टी गरी प्रतिवादी कमल परियारलाई साबिक मुलुकी ऐन, जवरजस्ती करणीको ३ (४) नं बमोजिम ५ (पाँच) वर्ष कैद ऐ. ऐनको १० नं. बमोजिम रु.५०,०००।- (पचास हजार) क्षतिपूर्तिसम्म पीडितलाई भराइदिने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको मिति २०७३।०७।३० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - इन्द्रबहादुर कठायत र सीताराम खड्का

कम्प्युटर - राधिका घोरासाइने

इति संवत् २०७९ साल असार १२ गते रोज १ शुभम् ।

## १२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७३-CI-०९४०, लेनदेन, देवआशिस यादव वि. मागैनकुमार यादव*

प्रतिवादीले पेस गरेको मिति २०६९।०१।०५ को कागज हेर्दा मिति २०६८।०९।११ गतेको कपाली तमसुकको कागज बदर गरी हामीबिच कुनै लेनदेन नभएको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ । सो मिति २०६९।०१।०५ को भरपाईलाई किर्ते हो भनी वादी मागैनकुमार यादवले बयान गरेको देखिन्छ । सो लिखत परीक्षणको लागि राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा पठाएकोमा वादी मागैनकुमार यादवका प्राप्त नमुना दस्तखतहरू र विवादित लिखतमा गरिएको दस्तखतको बनावटमा भिन्नता भएकाले मागैनकुमार यादवको थप दस्तखत सङ्कलन गरी पठाइदिनु भनी राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको च.नं १२१५ मिति २०७०।१२।२२ को पत्रबाट लेखि आएको देखिन्छ । त्यसपश्चात् थप दस्तखत नमुनाहरू सङ्कलन गरी पठाएको देखिएन । मिति २०६९।०१।०५ को सो लिखत टाइपबाट भएको देखिन्छ । सो कागजको अक्षरको बेहोरामा सहीछापले छोएको देखिँदैन । सहीछाप अलग्गै रहेको देखिन्छ । मिसिल संलग्न फिरादपत्रसमेतका वादीको सहीछाप भएका कागजातहरूमा वादी मागैनकुमार यादवको सहीछाप प्रस्ट रहेको देखिन्छ । मिति २०६९।०१।०५ को भरपाई भनेको कागजमा दस्तखत नै फरक प्रकृतिको रही स्पष्ट देखिएको छैन ।

मिति २०६९।०९।११ को कपाली तमसुक करकापबाट भएको भनी यिनै पुनरावेदकले प्रत्यर्थी वादी मागैनकुमार यादवउपर दिएको करकाप मुद्दा डिसमिस भएको छ । वस्तुतः सो कपाली तमसुकको अस्तित्व कायम रहिरहेको पाइन्छ । मिति २०६९।०१।०५ को भरपाई कागजको कुनै विश्वसनीयता देखिन आउँदैन ।

प्रस्तुत मुद्दामा वादी दाबी नपुग्ने ठहऱ्याई सुरू सिराहा जिल्ला अदालतबाट मिति २०७१।०२।१२ मा भएको फैसला उल्टी गरी वादी दाबीबमोजिम वादीले प्रतिवादीबाट साँवा रु.२,५०,०००।- (दुई लाख पचास हजार) तथा कानूनबमोजिमको ब्याजसमेत भरिपाउने ठहऱ्याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०७२।११।१२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत :- सीताराम खड्का

कम्प्युटर :- राधिका घोरासाइने

इति संवत् २०७९ साल असार १२ गते रोज १ शुभम् ।

**१३**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७९-WH-००१३, बन्दीप्रत्यक्षीकरण, किरण पुतुवार वि. जिल्ला प्रहरी कार्यालय, धादिङबेशी, धादिङसमेत*

विपक्षीहरूको लिखित जवाफ हेर्दा, मिति २०७५।१२।०८ मा भएको मोटरसाइकल चोरीको वारदातमा अन्य प्रतिवादीले समेत यी निवेदक प्रतिवादी सानुबाबु पुतुवार तथा पुनु पुतुवारको छोरा जिल्ला काठमाडौं जिल्ला ओखलढुंगा गा.वि.स. वडा नं. १ साबिक हाल ऐ. तारकेश्वर नगरपालिका वडा नं. ४ लोलाङ घर भएका दिपु पुतुवारलाई पोल गरेको अवस्था भई निजको समेत संलग्नता देखिँदा धादिङ जिल्ला अदालतबाट मिति २०७८।८।२१ मा फैसला भई निज निवेदकसमेतलाई १ वर्ष ६ महिना कैद र रु.१५,०००।- जरिवाना हुने ठहरेकोले सोही फैसलाबमोजिमको लगत कसी कारागार कार्यालय, धादिङमा थुनामा राख्न पठाएको हुँदा निजको थुना गैहृकानूनी नभएकोले रिट खारेज गरिपाउँ भन्ने एकै बेहोरा उल्लेख भएको पाइने ।

मिसिल संलग्न रहेको धादिङ जिल्ला अदालतको मिति २०७८।१२।२३ को च.नं.२९५ को लगत नं. २४८२ को पत्र हेर्दा, यी रिट निवेदकलाई १ वर्ष ६ महिना कैद र रु.१५,०००।– जरिवाना ठहर भएकोमा उक्त जरिवाना निजले मिति २०७८।९।२७ गते दाखिला गरिसकेकोले कैदको हकमा निज पक्राउ परेको मिति २०७८।१।१८ देखि मिति २०७९।७।१७ सम्म कैदमा राख्नु भनी कारागार कार्यालय, धादिङलाई लेखी पठाएको देखिन्छ । सोही पत्रानुसार यी रिट निवेदकलाई थुनामा राखी मिति २०७९।०७।१८ मा कारागार कार्यालय, धादिङले च.नं.४४४ को पत्रबाट निज प्रतिवादी दिपु पुतुवारलाई अन्य मुद्दा वा कारणबाट थुनामा राख्नुपर्ने यस कार्यालयको अभिलेखबाट नदेखिएकोले मिति २०७९।७।१८ गते थुनाबाट छाडिदिनु भनी कारागार सुरक्षा गार्डलाई जानकारी पठाएको देखिने ।

कारागार कार्यालय, धादिङको उक्त पत्रबाट यी रिट निवेदकलाई ठहर भएको कैद भुक्तान भई निज थुनाबाट मुक्तसमेत भइसकेकोले यी निवेदक हाल थुनामा रहेको देखिँदैन । तसर्थ, निज निवेदकलाई थुनाबाट मुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनुपर्ने स्थितिको विद्यमानता नदेखिने ।

अतः रिट निवेदक किरण पुतुवार हाल थुनामा नरहेको अवस्था हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : मनिता गुरुङ

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल फाल्गुन २६ गते रोज ६ शुभम् ।

## १४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७९-WH-०१४६, बन्दीप्रत्यक्षीकरण / उत्प्रेषणसमेत, दिनेशप्रसाद अधिकारी वि. उच्च अदालत, पाटनसमेत*

रिट निवेदकको हकमा त्यस्तो सूचना एकपटक मात्र प्रकाशित भई कानूनले नै स्पष्ट रूपमा अनिवार्य गरेको कम्तीमा दुईपटक सूचना प्रकाशित गर्नुपर्ने भन्ने कार्यविधि पूरा नगरिएको अवस्थामा उक्त म्याद सूचनालाई रीतपूर्वकको मान्न मिल्ने नदेखिँदा रिट निवेदकका नाउँमा मिति २०७६।१०।०६ मा गोरखापत्रमा प्रकाशित सूचना र सो सूचनाको आधारमा उच्च अदालत, पाटनबाट मिति २०७६।११।१४ मा भएको फैसलासमेत प्राकृतिक न्यायको सिद्धान्तअनुकूल भएको नदेखिँदा उत्प्रेषणको आदेशबाट बदर हुने ठहर्छ । उक्त फैसला बदर भएकोले झापा जिल्ला अदालतबाट लगत कसी कैद म्याद ठेकेको मिति २०७९।०९।१३ को च.नं. TH/१००३ को पत्रसमेत निष्क्रिय गरिदिएको छ । अब, निज निवेदकलाई अभियोगबमोजिम बैंकिङ कसुर मुद्दामा थुनछेक प्रयोजनको लागि हाल थुनामा राखिएको कारागारबाट उच्च अदालत पाटन, वाणिज्य इजलासमा उपस्थित गराई बयान गराउनेलगायतका कानूनी कारबाही अगाडि बढाई पुनः इन्साफ गर्नु भनी उच्च अदालत, पाटनका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेशको सम्बन्धमा विचार गर्दा, रिट निवेदक प्रतिवादी रहेको उक्त बैंकिङ कसुर मुद्दामा पुनः कारबाही चलाई निवेदकको हकमा सोहीबमोजिम हुने नै हुँदा हाल बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु परेन । बन्दीप्रत्यक्षीकरण आदेश जारी गरी थुनामुक्त गरिपाउँ भन्ने हदसम्मको निवेदकको निवेदन दाबी खारेज हुने ।

रिट निवेदकको मागबमोजिम सुमितकुमार वंशलको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी यी निवेदक दिनेशप्रसाद अधिकारी भएको मुद्दा नं. ०७४-CB-०४१४ को बैंकिङ कसुर मुद्दामा उच्च अदालत, पाटनबाट मिति २०७६।११।१४ मा भएको फैसला उत्प्रेषणको आदेशबाट बदर भई निज निवेदकलाई अभियोगबमोजिम बैंकिङ कसुर मुद्दामा थुनछेक प्रयोजनको लागि हाल थुनामा राखिएको कारागारबाट उच्च अदालत पाटन, वाणिज्य इजलासमा उपस्थित गराई बयान गराउनेलगायतका अन्य कानूनी कारबाही अगाडि बढाई जो बुझ्नुपर्ने हो बुझी पुनः इन्साफ गर्नु भनी उच्च अदालत, पाटनका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत : मनिता गुरुङ

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल फाल्गुन २६ गते रोज ६ शुभम् ।

## १५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी,** *०७०-RB-००७८, करारविपरीतको काम कारबाही रोकिपाऊँ, गंगालाल श्रेष्ठसमेत वि. राष्ट्रिय सहकारी विकास बोर्ड, हरिहरभवन पुल्चोक ललितपुर*

यसरी पुनरावेदक वादीहरू स्थापनाकालबाटै विपक्षी राष्ट्रिय सहकारी विकास बोर्डको अधीनमा रहेको साझा किनमेल केन्द्रको सटर कबलमा सम्झौता गरी बहालमा रहेको भन्ने कुरामा विवाद देखिँदैन । निवेदक र विपक्षीहरूका बिचमा के कति अवधिका लागि सटर वा कोठामा बहालमा लिने र दिने भन्ने विषय निज दुवै पक्षको आपसी सहमतिबाट निश्चित गरिने विषय हुन् । निजहरूले भाडामा लिइराखेको सटर वा कोठा अनन्तकालसम्म पनि निज निवेदकहरूकै अधीनमा रहनुपर्दछ वा अन्य व्यक्ति वा समूहलाई सो कोठा सटर भाडामा दिन हुँदैन वा व्यवस्थापन गर्न मिल्दैन भन्ने

विषयमा पुनरावेदकहरूको दाबी तर्कसङ्गत रहेको पाइँदैन । करारबमोजिम तोकिएको अवधि समाप्त भएपछि दुवै पक्षको सहमतिबाटै पुन: करारको अवधि थप गर्न वा अवधी लम्ब्याउन पक्षहरूलाई कुनै प्रतिबन्ध वा निषेध गरिएकोसमेत अवस्था नदेखिने ।

अतः प्रस्तुत विवादमा पुनरावेदकहरू र प्रतिवादीका बिचमा भएको पछिल्लो करार मिति २०६९।५।१० को करारको अवधि मिति २०७० असार मसान्तमा समाप्त भइसकेको देखिन आयो । राष्ट्रिय सहकारी विकास बोर्डले २०७०।४।१५ मा घरभाडा दिनेसम्बन्धी बोलपत्र आह्वान गर्दा निवेदकहरूलाई निस्कासन गर्न लागेको हो भनी अनुमान गर्न मिल्नेसमेत देखिँदैन । मिति २०७०।४।१५ को बोलपत्रको आश्वानसम्बन्धी सूचनाको औचित्य हाल समाप्त भइसकेको पाइयो ।

करारबमोजिम सटर भाडामा लिई व्यापार व्यवसाय गरिरहेको अवस्थामा करारका पक्षहरूले समय तोकी करारको अवधि थप गरी रहेको अवस्थामा करारको अवधि समाप्त भएपछि कोठा भाडामा लगाउनका लागि स्वामित्व जसको हो उही पक्षले प्रचलित कानूनबमोजिम बोलपत्रको सूचना प्रकाशन गर्न सक्ने नै हुन्छ । विपक्षी प्रतिवादी राष्ट्रिय सहकारी विकास बोर्डले बोलपत्रको सूचना प्रकाशन गर्दा पुनरावेदकहरूलाई निस्कासन नै गर्न लागेको हो भनी अनुमान गर्न सकिने अवस्था रहँदैन । विपक्षीबाट प्रकाशित सूचनाको औचित्य हाल समाप्त भइसकेको अवस्थामा पुनरावेदक वादीको माग दाबीबमोजिम पुनरावेदक वादीहरूलाई सटर कोठाबाट निकाल्ने मनसायबाट प्रकाशित सूचना रोक्नु भनी आदेश जारी गरिरहनुपर्ने अवस्थासमेत नदेखिने ।

जहाँसम्म पुनरावेदक वादीहरू स्थापनाकालदेखि नै पसल कवल बहालमा लिई व्यवसाय चलाई आइरहेको कुरामा विवाद देखिँदैन । निवेदकहरू हालसम्म कोठा भाडामा लिई पसल सञ्चालन गरिरहेका पसल कबलको भाडा बुझाइरहेको देखिन्छ । पुनरावेदक वादीहरूले बहालमा बसेबापतको मासिक बहाल विपक्षीले बुझिरहेको भन्ने पुनरावेदकका कानून व्यवसायीले बहसको सिलसिलामा पेस गरेको बहाल बुझाएको भौचरसमेतबाट देखिने । करार सम्झौता बहाल नरही करारको म्याद समाप्त भइसकेको अवस्थामा निवेदकहरूको मागबमोजिम तत्कालीन करार ऐन, २०५६ को दफा ८७(२) बमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा निवेदन दाबी खारेज हुने ठहऱ्याई भएको तत्कालीन पुनरावेदन अदालत, पाटनको मिति २०७०।५।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - भेषराज भट्टराई

कम्प्युटर - देबिमाया खतिवडा

इति संवत् २०७९ साल असार २७ गते रोज २ शुभम् ।

**१६**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी,** *०७५-WO-०७७४, उत्प्रेषण, सियाशरण रायसमेत वि. उच्च अदालत जनकपुरसमेत*

निवेदकका छोरा इन्द्रजित रायले संजयकुमार रौनियारसँग मिति २०६९।०२।३० मा रु.८,०००००।- कर्जा लिई निजहरूबिचमा सर्लाही जिल्ला अदालतमा लेनदेन मुद्दा चली बिगो भराउने ठहरी फैसला भई बसेको देखिन्छ । सो लेनदेन मुद्दामा वादीकै निवेदन मागबमोजिम ५ भागको १ भागसम्म बिगो भराउनुपर्ने सम्पत्ति रोक्का राखेको पाइन्छ । फैसला भइसकेपछि कार्यान्वयनको क्रममा बिगो मुद्दामा १ भागले मात्र असुल नहुने भनी पुनः वादीबाट परेको निवेदनमा वादीको बिगो असुल नहुने भनी निवेदकहरूको अंश भागको सम्पत्तिसमेत सर्लाही जिल्ला अदालतका तहसिलदारबाट मिति २०७३।०४।२५ मा रोक्का राखेको पाइयो । ऋणी इन्द्रजित राय घरको मुख्य भई

कारोबार गर्ने व्यक्तिसमेत नभएको अवस्थामा अरू अंशियारको सम्पत्ति रोक्का राखेको देखिन्छ। ऋणीको अंश ५ भागको १ भागबाट बिगो असुल हुनसक्ने नसक्ने भन्ने सम्बन्धमा कुनै मूल्याङ्कन नै नगरी अरू अंशियारको सम्पत्ति रोक्का राख्ने कार्यले सम्पत्ति उपभोग, बेचबिखन गर्न पाउने हकमा असर पर्न जाने हुन्छ। वादीले नै ५ भागको १ भाग रोक्का राखेको अवस्थामा सो १ भाग सम्पत्तिबाट लेनदेनको बिगो भरिपाउनेतर्फ नै प्राथमिकता दिनुपर्ने हुन्छ। यी निवेदकहरू संलग्न भई ऋण खाएको नदेखिएको अवस्थामा निवेदकहरूको अंश भागको जग्गा रोक्का राखी रकम असुल गर्न मिल्ने देखिँदैन। ऋणीको भागको जग्गाबाट ऋण असुल नहुने भनी अन्दाज र अनुमानको आधारमा व्यक्तिको सम्पत्ति रोक्का राख्नु मनासिब हुँदैन। अतः निवेदकहरूको हकको जग्गा रोक्का राख्ने गरी महोत्तरी जिल्ला अदालतबाट भएको आदेश र सो आदेशलाई सदर गर्ने गरेको उच्च अदालत जनकपुरको आदेश कानूनसम्मत नदेखिने।

निवेदकहरूको हकको जग्गा रोक्का राख्ने गरी महोत्तरी जिल्ला अदालतबाट मिति २०७५।०५।१५ मा भएको आदेश र सो आदेशलाई सदर गर्ने गरेको उच्च अदालत जनकपुरको मिति २०७५।०८।२० को आदेश कानूनसम्मत नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर भई निवेदकहरूको अंश हकको जग्गा फुकुवा गरिदिनु भनी महोत्तरी जिल्ला अदालतको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : सीताराम खड्का

कम्प्युटर :- देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७९ साल असार १७ गते रोज ६ शुभम्।

**१७**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी,** *०७६-CR-०६५८, लागु औषध अफिम, अमरबहादुर थापा मगरसमेत वि. नेपाल सरकार*

पर्सा जिल्ला, वीरगन्ज उपमहानगरपालिका, वडा नं. २४ स्थित परवानीपुर स्थित सडकमा प्रतिवादी अमरबहादुर थापा मगर र राम वाइवाको शरीर खानतलासी लिँदा निज राम वाइवाको शरीरको भागमा प्लाष्टिकमा पोका पारी टेपले बाँधी हाफ कोटजस्तो बनाई लगाई लुकाइ ल्याएको अवस्थामा लागु औषध अफिम २ किलो फेला परेकोले बरामद गरिएको भन्ने बेहोराको बरामदी मुचुल्का देखिन्छ। उक्त बरामदित लागु औषध परीक्षणको लागि केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालामा पठाएकोमा उक्त बरामदित लागु औषध अफिम रहेको पाइएको भन्ने परीक्षण प्रतिवेदनबाट देखिने।

निज प्रतिवादीहरूले आफ्नो साथबाट लागु औषध बरामद भएको हो भनी कसुर स्वीकार गरी गरेको बयानलाई बरामदी मुचुल्का, प्रहरी प्रतिवेदन, तथा प्रहरी प्रतिवेदकहरूले अदालतमा गरेको बकपत्रसमेतले समर्थन गरेको देखिन्छ। निजहरूको साथबाट बरामदित लागु औषध अफिम वीरगन्ज घर बताउने अं. ५० वर्षको मुसलमान पुरूषको निर्देशनमा वीरगन्ज ल्याएको हो भनी बयान गरे तापनि उक्त व्यक्तिको अस्तित्वलाई निजहरूले पुष्टि गर्न सकेको पाइँदैन। निज प्रतिवादीहरूले ज्यालाको लोभमा मात्र दुई किलो परिमाणको लागु औषध अफिम बोकेको हो भने तापनि प्रतिवादी अमरबहादुर थापा मगरले आफ्नो बयानमा निजले धादिङबाट स्याङतान थर भएका व्यक्तिसँग लागु औषध अफिम प्रतिकिलो रु.६०,०००।– को दरले २ किलो खरिद गरेको हो भन्ने उल्लेख गरेबाट भरियाको रूपमा मात्र कार्य गरेको भन्ने निजहरूको सो भनाइ विश्वसनीय देखिँदैन। निज प्रतिवादीहरूले लागु औषध अफिम खरिद गरी नाफा लिई बिक्री कारोबार गर्ने भन्ने पुष्टि हुने।

सुरू पर्सा जिल्लाबाट प्रतिवादीहरू

अमरबहादुर थापा मगर र राम वाइवालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) देहाय छ (३) बमोजिम जनही १५ (पन्ध्र) वर्ष कैद सजाय र रु.५,००,०००।- (पाँच लाख रूपियाँ) जरिवाना हुने ठहर गरी भएको फैसलालाई सदरै गरी उच्च अदालत जनकपर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७६।०१।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मनिता गुरुङ

कम्प्युटर : देवीमाया खतिवडा (देबिना)

इति संवत् २०७८ साल चैत्र २२ गते रोज ३ शुभम्।

**१८**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी,** *०७५-CR-०७७४, ०७५-RC-०११५, ०७५-CR-१५४६, कर्तव्य ज्यान, माया तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. मागधन राई, नेपाल सरकार वि. अरुण माझीसमेत*

प्रस्तुत वारदातमा कुन-कुन प्रतिवादीहरूको के कस्तो संलग्नता रहेको छ भन्ने सम्बन्धमा हेर्दा, प्रतिवादी मागधन राईको हकमा हेर्दा निजले मौकाको बयानमा वारदातको समयमा आफू घटनास्थलमै रहेकोले मादक पदार्थ सेवन गरी हल्लाखल्ला गरेका राजकुमार लामालाई किन हल्ला गरेको, झगडा गरेको भनी भन्दा निजले तँ को होस् भनी आफूलाई गाली गर्न थालेपछि रिस उठी समातेर झाँगलझुँगल पारी प्रतिवादी माया तामाङ्ग र राजकुमार लामालाई २/२ थप्पड गालामा हानेको हो । मृतक राजकुमार लामाले विवाद गर्न थालेपछि निजलाई मारिदिन्छु भनी हतियार खोज्दै हेर्दा धारानजिकै पर्खालमा इँटा देखी सोही इँटा उठाई निजको टाउकोमा २/३ पटक प्रहार गरेपछि निज भुइँमा लडी अचेत भएका हुन्। निजको होस नखुलेपछि अब राजकुमार लामालाई हामीले कुटेर मारेको भन्ने कुरा कसैलाई भन्न हुँदैन, हाम्रो होटलअगाडि आफैँ लडी अचेत अवस्थामा फेला परेका हुन् भनी भन्नुपर्छ भनी अन्य प्रतिवादीहरूसँग सल्लाह गरेको हुँ भनी उल्लेख गरेकोमा अदालतमा बयान गर्दासमेत वारदातको समयमा आफू घटनास्थलमा रही मृतकसँगको विवादमा दुई/तीन थप्पड हानेको हो भनी उल्लेख गरेको देखिने।

अन्य सहप्रतिवादीहरूले समेत प्रतिवादी मागधन राईले मृतकलाई इँटाले प्रहार गरेको हो भनी पोल बयान गरेको देखिन्छ भने घटनास्थलबाट वारदातमा प्रयोग भएको इँटासमेत बरामद भएको छ । मृतकको मृत्युको कारण "BLUNT FORCE OF INJURIES TO THE HEAD" भन्ने बेहोरा शव परीक्षण प्रतिवेदनबाट देखिन्छ । शव परीक्षण गर्ने बिशेषज्ञ डाक्टर हरिहर बस्ती र गोपाल कुमार चौधरीले बकपत्र गर्दा "मृतकको टाउकाको माथिल्लो भाग तालुमा ५X५ CM को छाला खुस्किएको टुटुल्को पाइयो । सोबाहेक शरीरको अन्य भागमा बाहिरबाट देखिने कुनै चोटपटक थिएन। टाउकोको हड्डी तालुको भागदेखि देब्रेपट्टि कन्चटसम्म फुटेको (FRACTURE) थियो। त्यसै गरी टाउकाको पछाडिपट्टि हड्डीमा समेत FRACTURE थियो। मृतकको मृत्यु टाउकोमा परेको बोधो चिजवस्तुको कारण उत्पन्न गम्भीर चोटका कारण भएको हो भनी प्रतिवेदनमा उल्लेख गरेको हो" भनी बेहोरा लेखाएको देखिँदा मृतकको मृत्यु टाउकोमा बोधो वस्तुले हिर्काएको कारण भएको भनी निष्कर्षमा पुग्न सकिन्छ भनी उल्लेख गरेकोसमेतका आधार प्रमाणहरूबाट प्रतिवादी मागधन राईले प्रहार गरेको इँटाको चोटबाट नै राजकुमार लामाको मृत्यु भएको देखिने।

प्रतिवादी मागधन राईले राजकुमार लामालाई टाउकोमा इँटाले पटकपटक प्रहार गरेको कारणबाट नै निज राजकुमार लामाको मृत्यु भएको देखिन आएको हुँदा निज प्रतिवादीलाई आरोपित कसुर गरेको ठहऱ्याई

साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी उच्च अदालत पाटनबाट फैसला भएकोमा प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने कानूनी व्यवस्था रहेको तथा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) को प्रतिबन्धात्मक वाक्यांश अनुसार "साबिक मुलुकी ऐनभन्दा प्रचलित अपराध संहिताले घटी सजायको व्यवस्था गरेकोमा घटी सजाय गर्नुपर्ने भन्ने कानूनी व्यवस्थाबमोजिम निज प्रतिवादी मागधन राईको हकमा सर्वस्व नभई जन्मकैदको सजाय मात्र हुने ठहर्छ । प्रतिवादीहरू माया तामाङ्ग र संगिता थिङ्ग (रा्ँइ) समेतको उपस्थितिमा प्रस्तुत वारदात घटेको र निजहरूले घटना नघटाउन कुनै भूमिका नखेली घटनालाई दबाउन, ढाकछोप गर्न सहयोग गरेको देखिदा निज प्रतिवादीहरूला्ँइ ज्यानसम्बन्धी महलको १७(३) नं अनुसारको कसुरमा ऐ. महलको १७(३) नं. अनुसार जनही तीन वर्ष कैद सजाय गर्ने र कसुर गरेको भन्ने वस्तुनिष्ठ प्रमाणको अभावमा प्रतिवादीहरू अरुण माझी र दिया माझीले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको उच्च अदालत पाटनको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - राजन खनाल, मनिता गुरुङ

कम्प्युटर : देबीमाया खतिवडा (देबिना)

इति संवत् २०७८ साल चैत्र २२ गते रोज ३ शुभम् ।

**१९**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७३-CI-०९७५, दर्ता फारी, बद्रीलक्ष्मी साही खड्गी वि. गणेशकुमारी साहीसमेत*

संयुक्त नाम दर्ताको जग्गामा अन्यथा उल्लेख नभएसम्म दर्तावाला सबैको समान हक रहने हुँदा वादीले दाबी गरेजस्तो त्यस्तो जग्गामा यो तर्फबाट फलानाको र यो तर्फबाट फलानाको हक कायम हुने भन्न कानूनसङ्गत हुने देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा ६(ख) मा उल्लिखित कानूनी व्यवस्थाबमोजिम दुई वा सोभन्दा बढी व्यक्तिहरूको भोग चलनमा रहेको सम्पत्तिमा ती व्यक्तिहरू सबैको बराबर हक छ भनी अदालतले अनुमान गर्नुपर्ने हुन्छ । यसको अर्थ दुई वा सोभन्दा बढी व्यक्तिहरूको भोग चलन भएको खण्डमा जो जति व्यक्तिहरूको भोगमा जग्गा रहेको हुन्छ, उक्त जग्गामा ती सबैको बराबर हक लाग्ने अवस्था रहेको मान्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा विवादित जग्गा वादी र प्रतिवादीहरूको संयुक्त नामदर्तामा रहेको र निजहरूले नै भोग चलन गरिआएको भन्ने तथ्य स्थापित रहेको देखिन्छ । यो स्थितिमा संयुक्त नामदर्ता रहेको जग्गामा वादीको समेत हक कायम हुन आउने स्थिति देखिए पनि जग्गाको पूर्व सडकतर्फबाट पश्चिमतर्फ हुने गरी पुनमकुमारीसँगको साँध मिलाई आफ्नो नाउँमा दर्ता फारी गरिपाउँ भन्ने जिकिर रहेको सम्बन्धमा हेर्दा सडकतर्फको जग्गाको भागमा वादीको नियमित भोग रहेको वा सडकतर्फको जग्गामा रहेको घर आपसी सहमतिले निर्माण गरेको कुनै तथ्ययुक्त वस्तुगत आधार, प्रमाण पेस हुन आएको देखिँदैन । वादीले दाबी गरेको तर्फबाट जग्गा छुट्याइ दिन प्रतिवादीहरूको असहमति रहेको देखिन्छ । यसरी वादी प्रतिवादीबिच सहमति नरहेको विषयमा सम्बन्धित स्थलमै गई सबैलाई नरम गरम मिल्ने गरी मात्र जग्गा छुट्ट्याइदिनुपर्ने अवस्था रहने हुँदा एउटा पक्षको मात्र दाबीलाई आधार बनाएर फैसलाको रोहबाटै यो तर्फबाट छुट्ट्याइलिन पाउने भनी बोल्न युक्तिसङ्गत हुने देखिँदैन । यो स्थितिमा वादी र प्रतिवादीहरूबिच नरमगरम मिलाई दर्ता फारी हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसलालाई

अन्यथा मान्न मिल्ने देखिएन।

वादी दाबीबमोजिम तर्फसमेतमा बोली वादी दाबीबमोजिम दर्ता फारी हुने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७०।०६।०१ को फैसला नमिलेको हुँदा सो हदसम्म केही उल्टी गरी जग्गाको नरमगरम मिलाई वादीले दर्ता फारी गरी लिन पाउने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७३।०३।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : शिवबहादुर थापा / भेषराज भट्टराई

इति संवत् २०७९ साल फागुन १२ गते रोज ६ शुभम्।

**२०**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७१-CR-१५५८, वैदेशिक रोजगार कसुर, सुनिता गौतम वि. नेपाल सरकार*

जाहेरवालाहरूलाई वैदेशिक रोजगारका लागि संयुक्त राज्य अमेरिका पठाइदिन्छु भनी प्रतिवादीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० बमोजिम वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति नलिई जनही रु. १५,००,०००।- का दरले रु. ३०,००,०००।- लिएको अवस्था छ। सो रकम लिई गरेको कागजलाई पुनरावेदक प्रतिवादीले अन्यथा भनी प्रमाणित गर्न सकेको पाइँदैन। निज पुनरावेदक प्रतिवादीले लिए खाएको रकम जाहेरवालालाई फिर्ता गरेकोसमेत देखिएन। यस्तो अवस्थामा पुनरावेदक प्रतिवादी सुनिता गौतमले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ विपरीतको कसुर गरेको ठहऱ्याई सोही दफाबमोजिम सजायसमेत गर्ने गरेको वैदेशिक रोजगार न्यायाधिकरणको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन।

पुनरावेदक प्रतिवादी सुनिता गौतमले अभियोग माग दाबीबमोजिम कसुरदार ठहर गरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम २ वर्ष कैद र रु. २,००,०००।- जरिवाना तथा जाहेरवालाको बिगो र क्षतिपूर्तिसहित रु. ४५,००,०००।- प्रतिवादीबाट जाहेरवालाले भराइलिन पाउने ठहऱ्याई भएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७१।१।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : भेषराज भट्टराई

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल फागुन १२ गते रोज ६ शुभम्।

२१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७४-CI-०११७, उत्प्रेषण / परमादेश, टिकाराम न्यौपाने वि. नेपाल विद्युत् प्राधिकरण रत्नपार्कअन्तर्गत परासी वितरण केन्द्र, नवलपरासीसमेत*

विद्युत् महसुल निर्धारण आयोगले निर्धारण गरेको विद्युत् महसुल तथा अन्य दस्तुर बुझाउनु प्रत्येक ग्राहकको दायित्व हुने कुरा विद्युत् नियमावली, २०५५ को नियम ३३ ले व्यवस्था गरेको देखिन्छ। आयोगले नयाँ महसुल दर स्वीकृत गर्नसक्ने र सोबमोजिमको महसुल ग्राहकले तिर्नुपर्ने दायित्व कानूनले व्यवस्था गरेकोमा विवाद रहेको देखिँदैन। प्रस्तुत मुद्दाको सन्दर्भमा तत्कालीन समयमा निवेदक उद्योगले आफैँ निवेदन दिई टिओडी मिटर जडान गरी उपभोग गरेको तथ्यलाई समेत स्वीकार गरेको देखिन्छ। एक उपभोक्ताको रूपमा निवेदकसमेतले उपभोग गरिसकेको वस्तु/सेवाको सम्बन्धमा कानूनबमोजिम निर्धारण गरिएको मूल्य/महसुल तिर्नुपर्ने दायित्व रहेकोमा पुनरावेदकले समेत विमति राखेको देखिँदैन। नयाँ परिवर्तित विद्युत् महसुल कहिलेदेखि लागु हुने भन्ने सम्बन्धमा समान विषयवस्तुको विवाद रहेको शिवम् सिमेन्ट लिमिटेड विरूद्ध नेपाल विद्युत् प्राधिकरण रहेको उत्प्रेषण/परमादेशको निवेदनमा विद्युत् महसुल निर्धारण आयोगले अनुमोदन गरेको मितिबाट वृद्धि

भएको महसुल असुल गर्नुपर्ने भनी यस अदालतबाट आदेश भइसकेको (ने.का.प. २०७६ र नि.नं. १०२३२) अवस्था देखिन्छ । यसरी विद्युत् महसुल निर्धारण आयोगले मिति २०७२।०९।२९ मा स्वीकृत गरेको विषय मिति २०७२।१०।१४ को गोरखापत्रबाट सार्वजनिक जानकारी गराइसकेको देखिएको हुँदा नेपाल विद्युत् प्राधिकरणले ग्राहक वर्गबाट विद्युत् महसुल कहिलेदेखि असुल गर्न सकिने भन्नेसम्बन्धी विवादको निराकरण भइसकेको मान्नुपर्ने हुँदा सोतर्फ पनि विचार गरिरहनुपर्ने अवस्था देखिएन । रिट निवेदनको यो विषयवस्तुका हिसाबले हेर्दा पनि मागबमोजिमको रिट जारी हुने अवस्था नरहेको छँदै छ साथसाथै वैकल्पिक कानूनी उपचारको मार्ग अवलम्बन नगरी रिट क्षेत्राधिकारमा प्रवेश गरेको अवस्थाबाटै प्रस्तुत रिट निवेदन खारेज हुने स्थिति रहेकोले रिट निवेदनमा उठाइएका अन्य विषयवस्तुहरूले खासै महत्त्व राख्ने अवस्था देखिँदैन ।

विपक्षी नेपाल विद्युत् प्राधिकरणसमेतबाट विद्युत् महसुल परिवर्तन गरी नयाँ निर्धारण गरिएको महसुल दरका सम्बन्धमा भएको निर्णय तथा कामकारबाहीबाट मर्का परेमा त्यस्तो निर्णय वा काम कारबाहीउपर पुनरावेदक उद्योगले पुनरावेदन गर्न सक्ने गरी वैकल्पिक कानूनी उपचारको मार्ग रहेको अवस्था देखिएको र उक्त परिवर्तित महसुल कुन मितिबाट लागु हुने भन्ने सन्दर्भमा यस्तै प्रश्न समावेश भएको मुद्दामा यसअघि नै यस अदालतबाट सिद्धान्त प्रतिपादन भइसकेकोसमेतको अवस्था देखिँदा पुनरावेदकको मागबमोजिम आदेश जारी हुन नसक्ने भनी रिट निवेदन खारेज हुने ठहऱ्याएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७४।१०।२० को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : शिवबहादुर थापा/भेषराज भट्टराई

इति संवत् २०७९ साल फागुन १२ गते रोज ६ शुभम् ।

साथै यसै लगाउको निम्न मुद्दामा पनि यसैनुसार फैसला भएको छ ।

- ०७४-CI-०११६, उत्प्रेषण / परमादेश, टिकाराम न्यौपाने वि. नेपाल विद्युत् प्राधिकरण रत्नपार्कअन्तर्गत परासी वितरण केन्द्र, नवलपरासीसमेत
- *०७४-CI-०९४१, उत्प्रेषण / परमादेश, सुजनकुमार पौडेल वि. नेपाल विद्युत् प्राधिकरण रत्नपार्कअन्तर्गत परासी वितरण केन्द्र, नवलपरासीसमेत*

## २२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७५-CR-१२६४, ठगी, हरेन्द्रप्रसाद कुर्मी वि. नेपाल सरकार*

जाहेरवालाको छोरा सुरजकुमार साहलाई भारतको नम्बरबाट फोन गरी तिमीलाई २५ लाख रुपैयाँको लक्की ड्र परेको छ भन्दै ट्याक्स तिर्ने प्रयोजनार्थ भनी रकम जम्मा गर्न लागाएको र प्रतिवादी हरेन्द्रप्रसाद कुर्मीको नेपाल SBI बैंक लिमिटेड वीरगन्जमा १८०१५२४११७०१ नं. को खातामा मिति २०७१।१०।१२ गते रु.२५,०००।- जम्मा गरेको तथ्य मिसिल संलग्न बैङ्क भौचरसमेतबाट देखिएको अवस्था छ । यी पुनरावेदक प्रतिवादीले खातासम्म खोलिदिएको हो, ठगी गरेको होइन भनी बयान गरे तापनि जाहेरवालाका छोरा सुरजकुमार साहले यी प्रतिवादीको खातामा रकम जम्मा गरेको देखिन्छ । पैसा खातामा जम्मा गर्नुपर्ने अन्य प्रयोजन रहेको भन्ने खुलाउन सकेको पनि देखिएन । पासबुक, ATM लिने प्रतिवादीहरू मनिर मिया र इद्रिस मिया सुरूदेखि नै फरार रहेको भन्ने उल्लेख भएको पाइन्छ । पुनरावेदक प्रतिवादीको खातामा ठगी गर्ने उद्देश्यले रकम जम्मा गर्न लगाएको देखिन्छ । तर सो रकम प्रतिवादीले झिक्न पाएको देखिन्न । जाहेरवालाको रकम प्रतिवादीले

अनुसन्धानको क्रममा दिएको भन्ने पनि देखिन्छ । अतः ठगी गर्ने उद्देश्यले रकम जम्मा गर्नको लागि बैंकको खाता प्रयोग गरेको देखिँदा यी पुनरावेदक प्रतिवादीले ठगी गरेको ठहऱ्याएको मिलेको देखिने ।

सजायको हकमा विचार गर्दा, निज पुनरावेदक प्रतिवादीले गरेको कसुरको अवस्था परिस्थितिलाई हेर्दा, प्रत्यक्ष रूपमा सो ठगी गर्ने भनी आफैँले फोन गरी रकम जम्मा गर्न लगाएको देखिन्न । फोनबाट अरू चिने जानेका व्यक्तिले खाता प्रयोग गरेको स्थिति रहेको र रकम जाहेरवालालाई बुझाइसकेको भन्ने तथ्य रहेको देखिन्छ । साबिक मुलुकी ऐन, ठगीको ४ नं. मा ठगी गर्नेलाई ५ वर्षसम्म कैद हुने छ भन्ने व्यवस्था रहेको र प्रचलित मुलुकी अपराध संहिता, २०७४ मा पनि ठगी गर्नेलाई ७ वर्षसम्म कैद सजाय हुने छ भन्ने कानूनी व्यवस्था भएको परिप्रेक्ष्यमा निज पुनरावेदक प्रतिवादी हरेन्द्रप्रसाद कुर्मीको हकमा घटी सजायकै व्यवस्थाबाट सजाय गर्दा पनि कानूनको मकसद पुरा हुने देखिएकोले साबिक मुलुकी ऐन ठगीको ४ नं. बमोजिम १ वर्ष कैदको सजाय हुने ठहर गरेको हदसम्म मनासिब र न्यायोचित देखिन नआएकोले ६ महिना कैदको सजाय गर्नु मनासिब देखिने ।

प्रतिवादी हरेन्द्रप्रसाद कुर्मीलाई ६ महिना कैद गर्नुपर्नेमा १ वर्ष कैद गर्ने गरी झापा जिल्ला अदालतबाट मिति २०७२।०९।३० मा भएको फैसलालाई सदर गर्ने गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७४।०३।२५ को फैसला सो हदसम्म नमिलेको हुँदा केही उल्टी भई निज प्रतिवादी हरेन्द्रप्रसाद कुर्मीलाई साबिक मुलुकी ऐन ठगीको महलको ४ नं. बमोजिम ६ महिना कैदको सजाय हुने ।

इजलास अधिकृत - सीताराम खड्का

कम्प्युटर - राधिका घोरासाइने

इति संवत् २०७९ साल असार १६ गते रोज ५ शुभम् ।

## २३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसादश्रेष्ठ,** *०७८-WO-०२५७, उत्प्रेषण, ओशिन नगरकोटी वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत*

मकवानपुर उद्योग वाणिज्य सङ्घको तर्फबाट सङ्घका वरिष्ठ उपाध्यक्ष माधवप्रसाद न्यौपानेले सडक डिभिजन हेटौंडा, मकवानपुरसमेतका यिनै विपक्षीहरूलाई विपक्षी बनाई मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. २ स्थित कि.नं. ९९ को ज.वि. ०-१-१४ र सोमा बनेको घरसमेत हटाउने गरी नेपाल सरकार, भौतिक पूर्वाधार तथा योजना मन्त्रालय, सडक विभाग, सङ्घीय सडक सुपरिवेक्षण, अनुगमन कार्यालय काठमाडौं, सडक डिभिजन हेटौंडा मकवानपुरबाट मिति २०७६।०३।०७ मा कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित सूचनाका विरुद्धमा उत्प्रेषणको आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन यस अदालतमा मिति २०७६।०३।१८ मा दर्ता गरेकोमा उक्त रिट निवेदन निवेदकले यस अदालतबाट तोकिएको तारिख गुजारी बसेको र कानूनबमोजिम गुज्रेको तारिख थाम्ने थमाउने अवधि व्यतीत भएका कारण मिति २०७६।०७।०५ मा तामेलीमा राखिदिएको देखिने ।

सोही कि.नं. ९९ को ज.वि. ०-१-१४ र सोमा बनेको घरसमेत हटाउने गरी मिति २०७६।०३।०७ मा कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित सोही सूचनाउपर निवेदक मकवानपुर उद्योग वाणिज्य सङ्घको तर्फबाट अख्तियार प्राप्त गर्ने ओशिन नगरकोटीले यिनै विपक्षीहरूउपर उत्प्रेषण तथा परमादेशको आदेशसमेत जारी गरिपाउँ भनी पुनः मिति २०७८।०५।१५ मा यस अदालतमा प्रस्तुत निवेदन दर्ता गरेको पाइने ।

प्रस्तुत विवादको विषयवस्तुसँग जोडिएको

निवेदक झुलेन्द्रप्रसाद कर्माचार्यसमेत विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको मु.नं. ०७६-WO-०००१ को उत्प्रेषण / परमादेश मुद्दामा यस अदालतबाट मिति २०७८।०८।२० मा मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिका वडा नं. २ स्थित कि.नं. १९६५ को जग्गा र सोमा बनेको घरसमेतका घर जग्गा हटाई सडक विस्तार गर्ने सम्बन्धमा सडकको केन्द्ररेखाको दायाँ बायाँ २५/२५ गज अर्थात् ७५ फिटबाहिर पर्ने हो वा होइन भन्ने विषयमा स्पष्टरूपमा जाँचबुझ गरी सडकको केन्द्र रेखादेखि दायाँ बायाँ ७५ फिटबाहिर २५ मिटर नपुगेसम्म अर्थात् ७ फिटको फासलामा पर्ने घर जग्गाको हकमा कानूनबमोजिमको प्रक्रिया पूरा गरी प्राप्त गर्ने र क्षतिपूर्ति प्रदान गर्ने कार्य गर्नु र ७५ फिटभित्र निर्मित घरको हकमा नक्सा पास गर्दा के सर्तमा पास भएको रहेछ सो कुरासमेतलाई हेरी घर नै भत्काउनुपर्ने अवस्थामा मानवीय दृष्टिकोणबाट उचित रकमसमेत थप प्रदान गरेर मात्र भत्काउने कार्य गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ भनी आदेश भएको छ। वस्तुतः उपर्युक्त उल्लिखित रिट निवेदन र प्रस्तुत रिट निवेदनमा एउटै स्थानमा रहेका घर जग्गाको विवाद रहेको देखिएको र विवादको विषयवस्तु पनि एउटै रहेको स्थितिमा यस अदालतबाट भएको उक्त आदेशबाट निवेदकको हकमा पनि मानवीय दृष्टिबाट हेरिन सकिने।

उही वादी र प्रतिवादी रहेको सोही विषयको रिट निवेदन यस अदालतमा मिति २०७६।०३।१८ मा दर्ता भई मिति २०७६।०७।०५ मा तामेली फैसला भइसकेपछि मिति २०७८।०५।१५ मा उही निवेदक र विपक्षी रहेको सोही विषयको रिट निवेदन पुनः दर्ता गरेको देखिँदा निवेदकले अदालत प्रवेश गर्दा तथ्य ढाँटी, सफा हात लिई अदालत प्रवेश गरेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : कृतिबहादुर बस्नेत

कम्प्युटर :- देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७९ साल असार ६ गते रोज २ शुभम्।

२४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७२-CR-२०९८, लागु औषध खैरो हिरोइन, नेपाल सरकार वि. महेश घर्तीसमेत*

प्रतिवादीहरूको साथबाट ३.५ ग्राम लागु औषध बरामद भएको कुरामा विवाद रहेको देखिँदैन । प्रतिवादीहरू दुवै जना सेवनकर्ता रहेको कुरामा साबिती रहेका र बिक्री वितरणको कसुरमा पूर्ण इन्कार रही अनुसन्धान अधिकारी र अदालतमा गरेको बयानसमेतबाट देखिन्छ । लागु औषध सेवन गर्न "भर्खर सिकेको" भन्ने भनाइ तथा सो लागु औषध खरिद गरी ल्याएको भन्ने कुरा बयानमा लेखाएको पाइन्छ। दुई जना प्रतिवादीहरूले संयुक्त रूपमा सेवन गर्ने उद्देश्यले बरामद भएको लागु औषध खरिद गरी ल्याएको स्वीकारेका छन् । बरामद लागु औषध दुई जना प्रतिवादीले उपभोग गर्नेतर्फ स्वीकार गरेको हुँदा बरामद भएको लागु औषधको परिणामसमेतलाई हेर्दा सेवन गर्ने कसुर गरेको समर्थित हुन्छ । लागु औषध बिक्री वितरण कारोबारको कसुर प्रतिवादीहरूले यसअघि पनि गरेको भन्ने वादी पक्षबाट प्रमाण दिन सकेको छैन । निज प्रतिवादीहरू महेश भुजेल भन्ने महेश घर्ती र अच्युतकुमार थापा मगरलाई निजहरूको कसुर सेवन ठहर गरेको सुरूको फैसलालाई सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको फैसला मनासिबै देखिने।

तसर्थ बरामदित लागु औषध खरिद र सञ्चय गरेको भन्ने कुराको अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याई प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३

को दफा ४(छ) को कसुरमा ऐ ऐनको दफा १४(१)(ङ) बमोजिम जनही ६ महिना कैद सजाय हुने ठहर गरेको सुरू मकवानपुर जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत, हेटौंडा मिति २०७२।१२।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - भेषराज भट्टराई

कम्प्युटर - देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७९ साल असार २८ गते रोज ३ शुभम्।

**२५**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७४-WO-०९६८, उत्प्रेषणसमेत, डा. मुक्ता चन्द शाहीसमेत वि. त्रिभुवनविश्वविद्यालय, चिकित्साशास्त्रअध्ययनसंस्थान, डिनको कार्यालय, महाराजगन्ज, काठमाडौंसमेत*

प्रस्तुत रिट निवेदनमा, निवेदकहरू जस्तै अन्यको पद प्रमाणीकरण गर्ने तर निवेदकहरूको पद प्रमाणीकरण नगर्ने गरी विपक्षी त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान, डिनको कार्यालय, महाराजगन्ज, काठमाडौंले मिति २०७५। ।०२।२८ मा गरेको निर्णय तथा सूचना कानूनविपरीत रहेको भन्ने निवेदकहरूको दाबी जिकिर रहेको देखिन्छ । निवेदकहरूको CERTIFICATE कुनै ACADEMIC INSTITUTION वा UNIVERSITY बाट जारी नभई MEDICAL CENTER बाट जारी भएको देखिएकोले निजहरूको पद प्रमाणीकरण नगरिएको भन्ने विपक्षीका लिखित जवाफ रहेको देखिन्छ । विपक्षी विश्वविद्यालयबाट मिति २०७५।०२।०६ मा प्रकाशित भएको पद प्रमाणीकरणको सूचनाबमोजिम निवेदकहरूले दरखास्त पेस गरी अन्तरवार्तासमेत दिएकोमा विवाद देखिँदैन। मिति २०७५।०२।२८ को पद प्रमाणीकरणको निर्णय तथा सूचना हेर्दा, यी रिट निवेदकहरूको हकमा किन पद प्रमाणीकरण नगरिएको हो, स्पष्ट रूपमा खुल्ने गरी वस्तुनिष्ठ आधार, कारण खुलाउन सकेको देखिँदैन । केवल निजहरूको NO BOARD EXAM CERTIFICATE उल्लेख गरी पद प्रमाणीकरण गर्न नसकिने भनी निर्णय गरी सूचनासमेत प्रकाशित भएको देखिने।

फिलिपिन्सको VICENTE SOTTO MEMORIAL MEDICAL CENTER बाट निवेदक निशभराज शाहीले M.D. INTERNAL MEDICINE र निवेदक मुक्ता चन्द शाहीले M.D. ANESTHESIOLOGY उपाधि प्राप्त गरी उक्त उपाधिलाई त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालय, पाठ्यक्रम विकास केन्द्रले सम्बन्धित विषयमा स्नातकोत्तर तह भनी समकक्षता प्रदान गरिदिएको विवाद देखिँदैन । साथै, निजहरूले नेपाल मेडिकल काउन्सिलबाट सञ्चालित परीक्षा उत्तीर्ण गरी २५ सेप्टेम्बर, २०१६ मा विशेषज्ञता दर्ता गराई नेपाल मेडिकल काउन्सिलबाट प्रमाणपत्रसमेत प्राप्त गरिसकेको पाइन्छ। सोही आधारमा निवेदकहरू निशभराज शाही र मुक्ता चन्द शाही नेसनल मेडिकल कलेज तथा टिचिङ्ग हस्पिटलमा करार सेवामा क्रमश: INTERNAL MEDICINE र ANESTHESIOLOGY विभागमा लेक्चररको रूपमा पनि कार्यरत रही सो पदहरू प्रमाणीकरणका सम्बन्धमा लिइएको अन्तर्वार्तामा समेत निवेदकहरूलाई सहभागी गराई नतिजासम्बन्धी सूचनामा निजहरूको शैक्षिक योग्यताको प्रमाण पत्र नभएको (NO BOARD EXAM CERTIFICATE) भनी पद प्रमाणीकरण नगरेका कारण निजहरूले गर्दैआएको करार सेवा सम्झौतासमेत रद्द भएको भन्ने देखिन आएको छ। यसप्रकार, निवेदकहरूको उपाधिले मान्यता प्राप्त गरी नेपाल मेडिकल काउन्सिलबाट विशेषज्ञताको प्रमाणपत्र लिई निजहरूले पेसासमेत गरिरहेको अवस्थामा निजहरूको शैक्षिक योग्यताको प्रमाणपत्र नभएको भनी सोही पेसासँग सम्बन्धित पद प्रमाणीकरण नहुने भन्न तर्कसङ्गत नहुने।

अर्कोतर्फ, यिनै निवेदकहरूले अध्ययन गरेको VICENTE SOTTO MEMORIAL MEDICAL CENTER, PHILIPPINES बाट नै ORTHOPEDICS & TRAUMATOLOGY को अध्ययन गरेका DR. AJAY KUMAR YADAV को पद प्रमाणीकरण गरिदिएको विपक्षी विश्वविद्यालयले यिनै विपक्षी नेसनल मेडिकल कलेजलाई लेखेको मिति २०७४।०७।०८ च.नं. ५८५ को पत्रबाट देखिन आएको छ । समान योग्यता पुगेका व्यक्तिहरूमध्ये कसैलाई योग्य, कसैलाई अयोग्य हुने गरी निर्णय भएमा समानताको सिद्धान्तविपरीत हुने र भेदभावपूर्ण व्यवहार हुन जाने हुन्छ । राज्यका कुनै पनि निकायबाट समान नागरिकका बिचमा समान व्यवहार नहुनु भनेको राज्यले कानूनको समान संरक्षणबाट वञ्चित गरेको अवस्था हुनु हो । कुनै पनि नागरिकले राज्यबाट पाउने सेवा र सुविधा कसैले निजलाई इच्छा लागेको व्यक्तिलाई आफूखुसी दिइने तजबिजी अधिकार होइन, यस सम्बन्धमा विभेद गर्ने तत्त्व भनेको केवल कानून हो । नेपाल कानूनले समानहरूका बिचमा असमान विभेदलाई निषेध गरेको देखिन्छ । संविधानमा नै "सबै नागरिक कानूनको दृष्टिमा समान हुने छन् कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन कुनै आधारमा भेदभाव गरिने छैन (नेपालको संविधान, धारा १८) भन्ने प्रावधान छ । समानहरूको बिचमा समान व्यवहार हुनुपर्ने तथा समान व्यवहार गरिएको देखिनुपर्ने हुन्छ । निवेदकसरह अध्ययन गर्ने व्यक्तिले प्राप्त गरेको उपाधिलाई मान्यता प्रदान गर्ने तर निवेदकहरूलाई सोबाट वञ्चित गरिनु समानताको सिद्धान्तले मनासिब हुँदैन । कुनै पनि प्रकारका विभेदपूर्ण वा असमान कार्य एवं व्यवहार संवैधानिक रूपमा व्यवस्थित उल्लिखित समानताको हकविपरीत हुने हुन्छ । प्रस्तुत विवादमा निवेदकहरूलाई यो यस कानूनको आधारमा यो यस कारणले निजहरूको पद प्रमाणीकरण नभएको भनी विपक्षीबाट स्पष्ट गर्न सकेको अवस्था नदेखिने ।

निवेदकहरू शिक्षा मन्त्रालयबाट NO OBJECTION LETTER लिई फिलिपिन्समा स्नातकोत्तर अध्ययन गर्न गएको; अध्ययन गरी फर्केपश्चात् निवेदकहरूलाई त्रि.वि. बाट स्नातकोत्तर तहको समकक्षता सर्टिफिकेट पनि प्रदान गरेको; साथै, निवेदकहरू मेडिकल काउन्सिलबाट विशेषज्ञताको परीक्षासमेत पास गरी दर्तासमेत गरेको देखिँदा निजहरूको योग्यता प्रमाणित भइसकेको तथा निवेदकहरूले जस्तै उपाधि प्राप्त अन्य व्यक्तिको पद प्रमाणीकरणसमेत भइसकेको देखिन आएको छ । यस अवस्थामा यी रिट निवेदकहरूको पद प्रमाणीकरण नहुने गरी विपक्षी विश्वविद्यालयबाट भएको उल्लिखित निर्णय तथा सूचनासमेत त्रुटिपूर्ण देखिँदा बदर हुने भई निवेदकहरूको पद प्रमाणीकरण गर्न गराउन प्रस्तुत रिट निवेदनमा परमादेशको आदेशसमेत जारी हुने अवस्थाको विद्यमानता देखिने ।

रिट निवेदकहरू मुक्ता चन्द शाही र निशभराज शाहीको पद प्रमाणीकरण हुन नसक्नुको वस्तुनिष्ठ र यथेष्ट कारण नखुलाई समानहरूका बिचमा असमान व्यवहारसमेत हुने गरी विपक्षी त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान, डिनको कार्यालय, महाराजगन्ज, काठमाडौंबाट मिति २०७५।०२।२८ मा भएको निर्णय तथा सूचना निवेदकहरूको हकमा पद प्रमाणीकरण नगर्ने गरेको हदसम्म त्रुटिपूर्ण देखिँदा सो हदसम्म उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब, निवेदन मागबमोजिम निवेदकहरूको पद प्रमाणीकरण गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल मार्ग १३ गते रोज ३ शुभम् ।

## २६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७५-WO-०३७८, उत्प्रेषणसमेत, दयानन्दप्रसाद ओझैया वि. निजामती किताबखाना, हरिहरभवन, पुल्चोक, ललितपुरसमेत*

विपक्षी निजामती किताबखानाले निवेदकले मिति २०७०।०२।०६ देखि अनिवार्य अवकाश पाउने भनी मिति २०७५।०३।११ मा निर्णय गरे तापनि मिति २०७४।०५।१६ च.नं. १०९६ को अनिवार्य अवकाशसम्बन्धी सूचनामा, निवेदक मिति २०७५।०२।१९ देखि अनिवार्य अवकाश हुने भनी उक्त विपक्षीले नै विपक्षी परराष्ट्र मन्त्रालयलाई पत्राचार गरेको देखिन्छ । सोही पत्रानुसार निवेदक कार्यरत रहेको नेपाली राजदूतावास, मलेसियाले मिति २०७५।०२।१८ को पत्रबाट निवेदकलाई मिति २०७५।०२।१९बाट लागु हुने गरी अनिवार्य अवकाश दिएको उक्त पत्रको प्रतिलिपिबाट देखिन्छ । विपक्षी निजामती किताबखाना निजामती कर्मचारीको अभिलेख अद्यावधिक गर्ने र कर्मचारी कहिले सेवा निवृत्त हुने हो निजलाई समयमै सोको जानकारी दिने दायित्वसमेत रहेको निकाय भएकोमा विवाद छैन। कर्मचारीको अभिलेख रहने निकायबाट प्रकाशित गरेको मितिलाई स्वाभाविक रूपमा कर्मचारीले विश्वास गर्नुपर्ने र आधार मान्नुपर्ने हुन्छ । अधिकारप्राप्त निकायबाट प्रकाशित गरेको सो सूचनाको जानकारी कर्मचारी र कार्यालयले लिनु स्वाभाविक नै पनि हो । यसै सन्दर्भमा, आफू कार्यरत पदमा बहाली रहिरहेको बखत अवकाश हुने जानकारी सम्बन्धित निकायबाट नआएसम्म पदबाट स्वतः हट्नुपर्ने भन्न नमिल्ने भनी कृष्णमणि आचार्य वि. निजामती किताबखानासमेत भएको ०७२-WO-०४८१ को उत्प्रेषणसमेतको रिट निवेदनमा यस अदालतबाट मिति २०७२।१२।३० मा आदेश भएको पाइन्छ । यसबाट, कर्मचारीले कुन मितिमा अवकाश पाउने हो भनी सही सूचना समयमा नै दिइनुपर्ने र विवाद देखिएमा सरोकारवाला कर्मचारीलाई सुनुवाइको मौकासमेत दिई यकिन गर्नुपर्ने देखिन आउँछ। विपक्षी किताबखानाबाट मिति २०७४।०५।१६ मा निवेदकको अवकाश हुने मिति उल्लेख गरी सूचना प्रकाशित भएको र पछि मिति २०७५।०३।११ मा पुनः अर्को मिति निर्धारण गरी अवकाश मिति कायम गरिँदा विपक्षीबाट निवेदकलाई सुनुवाइको मौका नै दिएको नदेखिने।

साथै, कर्मचारीले सम्पादन गरिसकेको सेवा, परिश्रमबापत उपभोग गरिसकेको आर्थिक सुविधा फिर्ता मागिनु तर्कसङ्गत हुँदैन । काम गर्न लगाउने तर सो काम गरेबापत सुविधा प्रदान गर्न इन्कार गर्ने कार्य श्रम शोषण हुने भई श्रमसम्बन्धी विधिशास्त्रीय मान्यताअनुकूल पनि नहुने।

यी रिट निवेदक दयानन्द प्रसाद ओझैयाले बढी अवधिको परिश्रम गरेबापत प्राप्त गरेको पारिश्रमिकसमेत निज निवेदकले फिर्ता गर्नुपर्ने भनी विपक्षी निजामती किताबखानाले मिति २०७५।०३।११ मा गरेको निर्णय तथा मिति २०७५।०३।११ च.नं. ७४६६ को पत्राचारसमेत कानून विपरीतको देखिँदा, उक्त निर्णय तथा पत्राचारसमेत उत्प्रेषणको आदेशले बदर हुने।

इजलास अधिकृत : वसन्त प्रसाद मैनाली

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल मार्ग १३ गते रोज ३ शुभम्।

## २७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७२-CR-०८११, ०७३-RC-०१४७, कर्तव्य ज्यान, नेपाल सरकार वि. डवले भन्ने डवलबहादुर वि.क.समेत, नेपाल सरकार वि. ऐनबहादुर भुल*

घन्से भुलसमेतका प्रतिवादीहरू

घटनास्थलमा उपस्थिति भएको भन्ने कुरा स्वतन्त्र वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुने नसकेको, यी प्रतिवादीहरू रातको समयमा ऐनबहादुर भूलको घरमा आउनुपर्ने कुनै कारण आधार देखिएन । प्रतिवादी डबलबहादुर बि.क.ले मिति २०७१।२।६ गतेका मृतक तपेन्द्र आउजीलाई ऐनबहादुर भुलको घरमा बोलाई ल्याएको भनी जिकिर लिए तापनि जिकिर समर्थन हुने प्रमाण वादी पक्षबाट पेस भएको पनि देखिएन । वारदातको दिन ऐनबहादुर भुलको घरमा राति घन्से भुल, खडे भुल, ढल्के भुल, काले भुल, ऐनबहादुर भुल सँगसाथ भई रक्सी सेवन गरेको भनिए तापनि सोसम्बन्धी वस्तुनिष्ठ प्रमाण वादी नेपाल सरकारले पेस गर्न सकेको पनि देखिएन मृतकको पोष्टमार्टम रिपोर्टमा पनि सो सम्बन्धमा कुनै बेहोरा उल्लेख भएको देखिएन । साथै भोलिपल्ट भएको घटनास्थल मुचुल्कामा पनि वारदातस्थलमा रक्सी सेवन गरेको देखिने कुनै प्रमाण फेला परेको पनि नदेखिने ।

मृतक तपेन्द्र आउजीको लास जाँच प्रकृति मुचुल्कामा मृतक लास खाटमा रहेको सोको उत्तरतर्फ २४ इन्च लम्बाइ रहेको काठको चिरपट रहेको, भुइँमा रगतजस्तो रातो पदार्थ रहेको, मृतकका दुवै खुट्टा जमिनमा रहेको मृतकको टाउकोमा काटिएको घाउ, कपाल अनुहारमा रगत लागेको, बायाँ छातीदेखि दायाँतर्फ १४ इन्च लम्बाइ भएको निलो डाम रहेको, दाँया छातीमा खोस्रिएको दाग रहेको भन्ने देखिन्छ । शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण BRAIN PARENCHYMAL INJURY भनी उल्लेख भएको देखिन्छ । वारदातस्थलबाट रगत लागेको दुई टुक्रा भई भाँचिएको काठ बरामद भएको बन्चरो खुकुरीलगायतका अन्य धारिला हातहतियार बरामद भएको नदेखिएबाट बन्चरो खुकुरीले काटेको भन्ने अभियोग दाबी लास जाँच मुचुल्का र पोष्टमार्टम रिपोर्टबाट पुष्टि हुँदैन । मृतकलाई हातहतियार प्रयोग गरी कर्तव्य गरी मारेको भन्ने दाबी तथ्य प्रमाणबाट मिल्ने देखिएन । घटनास्थलमा बरामद भएको रगत लागेको चिरपटले मृतकको टाउकोमा प्रहार गरेको कारणले नै निजको मृत्यु भएको पुष्टि हुन आएको छ । मृतकको शरीरमा परेको चोट हेर्दा अन्य प्रतिवादीहरूले पनि चोट छाडेको देखिँदैन । चिरपट प्रहार गर्ने प्रतिवादी ऐनबहादुर भुल र सो वारदातमा संलग्न निजको श्रीमती अमृता भुललेसम्म कर्तव्य गरी मारेको तथ्य प्रमाणबाट देखिने ।

प्रतिवादीमध्येका ऐनबहादुर भुल र निजको श्रीमती नाउची भन्ने अमृता भुलको हकमा प्रस्तुत वारदात साबिक मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुर देखिन आए तापनि जन्मकैदको सजाय हुने हुँदा ज्यानसम्बन्धी महलको १३(१) नं. को कसुरमा सजाय गर्ने गरेको परिणाममा तात्त्विक भिन्नता हुने देखिएन । अतः निज प्रतिवादीहरू ऐनबहादुर भुल र निजका श्रीमती नाउची भन्ने अमृत भुललाई अभियोग दाबीबमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी र अन्य प्रतिवादीहरू डबलबहादुर वि.क.-१, काले भुल-१, ढुल्ले भन्ने दुल्ले भुल-१, खडे भुल-१, चैसे भन्ने चन्द्र भुल-१, घन्से भुल-१ नरपता भुल-१, इश्वरा भुल-१, पदमकली भुल-१, मछि भन्ने मैना भुल-१ र देउसरा भुल-१, लाई अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी पुनरावेदन अदालत दिपायलबाट मिति २०७५।३।२२ मा भएको फैसलालाई अन्यथा गरिरहन परेन सदर हुने ठहर्छ । प्रतिवादी ऐनबहादुर भुलको हकमा साधक सदर हुने र पुनरावेदन फिर्ता लिएका प्रतिवादी अमृता भुलको हकमा निजले पुनरावेदन फिर्ता लिएको हुँदा साधककै रूपमा अन्तरप्रभावी हुने भई निज प्रतिवादीको हकमा समेत साधक सदर हुने । प्रतिवादी ऐनबहादुर भुल र

नाउचि भन्ने अमृता भुललाई उक्त आधार कारणबाट जन्मकैदको सजायसम्म हुने ।

इजलास अधिकृत - लिलाधर सुवेदी

कम्प्युटर - राधिका घोरासाइने

इति संवत् २०७९ साल साउन २० गते रोज ६ शुभम् ।

## २८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७५-CR-१३५५, लागु औषध खैरो हेरोइन, नेपाल सरकार वि. रत्नबहादुर के.सी. समेत*

प्रतिवादी रत्नबहादुर के.सी. मिति २०६२।८।२६ देखि कारागार कार्यालय नख्खुमा थुनामा रहेको भन्ने देखिन्छ । मिति २०६५।८।९ मा प्रतिवादी भुपाल स्याङ्तानलाई लागु औषधसहित प्रहरीले पक्राउ गरेको पाइन्छ । प्रतिवादी रत्नबहादुर के.सी. थुनामा रहेको अवस्थामा निजले भुपाल स्याङतान, अजिजुल अन्सारी र प्रकाश अवालेसमेतलाई परिचालन गरी लागु औषधको कारोबार गरेको भन्ने प्रतिवादीहरूको बयानबाट देखिन्छ । तर निज प्रतिवादी रत्नबहादुर के.सी. ले बरामद भएको लागु औषध खरिद गर्ने, ओसारपसार बिक्री वितरण गर्ने जस्ता कार्य गरेको र सो अपराध कसुरमा लगानी गरेको भन्नेसमेत नदेखिने ।

प्रतिवादी रत्नबहादुर के.सी. थुनामा रहेकाबखत अर्का प्रतिवादी भुपाल स्याङ्तानसँग चिनजान भएको, भुपाल स्याङतान लागु औषधसहित पक्राउ परी निजले प्रतिवादी रत्नबहादुर के.सी. समेतलाई पोल गरी बयान गरेको, निज प्रतिवादी रत्नबहादुर के.सी.को कार्य अरुलाई अपराध गर्न दुरुत्साहन गरेकोसम्म देखिएको अवस्थामा सुरू काठमाडौं जिल्ला अदालत र तत्कालीन पुनरावेदन अदालत पाटनसमेतले निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिमको कसुरमा र दफा १६ बमोजिम थप सजाय गर्ने गरेको फैसला मिलेकै देखिने ।

त्यस्तैगरी अर्का प्रतिवादी प्रकाश अवालेको हकमा हेर्दा निजको साथबाट लागु औषध बरामद भएको देखिँदैन । निज प्रतिवादीले लगानी गरी बरामद भएको लागु औषध बिक्री वितरणका लागि लिएको भन्ने ठोस सबुद प्रमाण मिसिल संलग्न कागजातबाट पनि देखिँदैन । अधिकार प्राप्त अधिकारीसमक्ष सहअभियुक्त भुपाल स्याङ्तानले गरेको बयान पोल गरेकै अवस्थामा मात्र निजलाई कसुरदार ठहर गर्न सकिने अवस्था रहँदैन । फौज्दारी मुद्दामा शंकाको सुविधा अभियुक्तले पाउने न्यायिक सिद्धान्तसमेत रहेको अवस्थामा निज प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतमा बयान गर्दा सेवनसम्मको कसुर स्वीकार गरेको देखिँदा निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) अनुसार १ वर्ष कैद र दफा १६ बमोजिम थप कैद र जरिवानासमेत हुने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिने ।

प्रतिवादी रत्नबहादुर के.सी. लाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम ५ वर्ष कैद र रु.३७,५००।– जरिवाना हुने तथा ऐ ऐनको दफा १६ बमोजिम थप एक महिना कैद र एक हजार जरिवाना तथा अर्का प्रतिवादी प्रकाश अवालेलाई लागु औषध(नियन्त्रण) ऐन, २०३३ को दफा (१)(ङ) बमोजिम एक वर्ष कैद तथा ऐ. ऐनको दफा १६ बमोजिम थप नौ महिना कैद र रु.५,०००।– जरिवाना हुने ठहऱ्याई भएको सुरू काठमाडौं जिल्ल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७०।२।२१ को फैसला

मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - भेषराज भट्टराई

कम्प्युटर - देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७९ साल असार २८ गते रोज ३ शुभम्।

साथै यसै लगाउका निम्न मुद्दामा पनि यसैनुसार फैसला भएको छ।

- ०७५-CR-१३५६, लागु औषध खैरो हेरोइन, नेपाल सरकार वि. रत्नबहादुर के.सी. समेत

## इजलास नं.४

### २९

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-RB-०२५९, मूल्य अभिवृद्धिकर (०६५/०६६), सि.जि. ब्रुअरी नेपाल प्रा.लि. वि. आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौंसमेत*

तयारी मालतर्फको विवरणबमोजिम घटी देखिएको वियर कार्टुनलाई लिटरमा परिणत गर्दा घटी देखिएको वियर लिटर परिमाणलाई वियर बिक्री भइसकेको मानी अन्तःशुल्क दरबन्दी २०६५ बमोजिम प्रतिलिटर रु ६०।- का दरले हिसाब गरी अन्तःशुल्क नियमावली, २०५९ को नियम ६ (क) बमोजिम निर्धारण गरी अन्तःशुल्क ऐन, २०५८ को दफा ४ ख (२) बमोजिम अन्तःशुल्क रकम रु.१६,९२,२४९।– र सोही आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ मूल्य अभिवृद्धि कर नियमावली, २०५३ बमोजिम रु.३,१६,४२०।- मु.अ.कर निर्धारण गर्ने भन्ने राजस्व अनुसन्धान विभागबाट निर्णय भएको देखिन्छ। अन्तःशुल्क ऐन, २०५८ को दफा १० (घ) ले विभिन्न अवस्थामा अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण गर्न सक्ने व्यवस्था गरेको तथा अन्तःशुल्क नियमावली, २०५९ को नियम ६ (क) ले ऐनको दफा १० (घ) को उपदफा (१)बमोजिम अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण गर्दा अन्तःशुल्क निर्धारण आदेश जारी गर्नुपर्ने व्यवस्था गरेको छ। अन्तःशुल्क ऐन, २०५८ को दफा ४ (ख) (२) ले म्यादभित्र अन्तःशुल्क भुक्तानी नगरेमा भुक्तानी गर्न बाँकी अन्तःशुल्क रकममा विलम्ब शुल्क लाग्ने व्यवस्था गरेको देखिन्छ। अन्तःशुल्क अधिकृतले अन्तःशुल्क ऐन तथा नियमावलीबमोजिम नै क्राउन कर्कतर्फ घटी मौज्दात देखिएको ४३३९१ घटी देखिएको क्राउन कर्कको उत्पादनमा प्रयोग गर्दा २८,२०४.१५ लि. वियर उत्पादन हुनसक्ने भनी मिसिल संलग्न कागजातमा उल्लेख भएको थान क्राउन कर्क उत्पादनमा प्रयोग भएको मानी अन्तःशुल्क ऐन, २०५८ को दफा १० (घ) तथा अन्तःशुल्क नियमावली, २०५९ को नियम ६(क) बमोजिम अन्तःशुल्क निर्धारण गरेको र अन्तःशुल्क निर्धारणको आधारमा अन्तःशुल्क लाग्ने वस्तुमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३ को व्यवस्था बमोजिम गरेको मु.अ. कर रु.३,१६,४२०।– निर्धारण गरेको कानूनसम्मत नै देखिने।

राजस्व अनुसन्धान विभागको मिति २०६६।५।७ को अन्तिम कर निर्धारण गरेको निर्णय र सोलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०६६।७।२७ को निर्णय मिलेकै देखिँदा सदर हुन् ठहर्‍याई मिति २०७०।१२।११ मा राजस्व न्यायाधिकरणबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : निर्मलाकुमारी खड्का

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०८० साल श्रावण २२ गते रोज २ शुभम्।

- यसै लगाउको ०७४-RB-०२६०, मूल्य अभिवृद्धि कर (०६५/०६६), सि.जि.ब्रअरी नेपाल प्रा.लि. वि. आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौंसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३०

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री विनोद शर्मा,** *०६८-MS-०००२, अदालतको अवहेलना, प्रकाशमणि शर्मासमेत वि. गणेश राई, कार्यकारी अधिकृत काठमाडौं महानगरपालिका बागदरबार, सुन्धारा, काठमाडौंसमेत*

निवेदकहरूले काठमाडौंको बल्खुदेखि चोभार क्षेत्रसम्म बागमती नदी क्षेत्रमा खाल्डो खनी फोहर मैला गाड्ने कार्य रोक्नु भनी यस अदालतबाट २०५७ सालको रिट नं. ३४४० को रिट निवेदनमा मिति २०५८।९।२ मा भएको आदेशविपरीतको कार्य भएको हुँदा विपक्षीहरूलाई अदालतको अवहेलनामा सजाय गरिपाउँ भन्ने दाबी लिएको देखियो । विपक्षीहरूको लिखित जवाफ हेर्दा अदालतको आदेश पालनामा पूर्णप्रतिबद्धता जनाएको पाइयो। आजै यसै इजलासबाट निर्णय भएको मुद्दा नं. ०६७-WO-१००२ र ०६८-WO-००७४ को रिट निवेदनमा बागमती, विष्णुमतीलगायतका सबै नदीहरूको संरक्षणको लागि विस्तृत आदेश जारी भएको छ। बागमती नदी सभ्यताको वातावरणीय संरक्षणका लागि विपक्षीहरूको अर्थपूर्ण, सक्रिय र दीर्घकालीन सहयोग आवश्यक छ। यस अदालतसमक्ष विपक्षीहरूले पेस गरेको लिखित जवाफ र समय-समयमा पेस गरेका प्रतिवेदनहरूमा समेत सोको तत्परता प्रकट भएकोसमेत पाइँदा विपक्षीहरूलाई अदालतको अवहेलनामा सजाय गरिपाउँ भन्ने निवेदकको दाबी पुग्न नसक्ने।

इजलास अधिकृत - विष्णुप्रसाद पौडेल

इति संवत् २०८० साल पौष ३ गते रोज ३ शुभम्।

३१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री विनोद शर्मा,** *०८०-WH-०२७१, बन्दीप्रत्यक्षीकरणसमेत, झपेन्द्र राना मगर वि. वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंसमेत*

निवेदकलाई प्रत्यर्थीहरूले गैरकानूनी रूपमा थुनामा राखेको हो वा होइन भन्ने सम्बन्धमा विचार गर्दा यी निवेदकले प्रत्यर्थी रविन बुढामगरलाई २०७२।७।२९ गते वैदेशिक रोजगारमा क्यानडा पठाइदिने भन्दै बाइस लाख तिस हजार रुपियाँ बुझिलिएको सोबमोजिम क्यानडा नपठाएको भनी उक्त ०८०- FT-००८२ नं. को वैदेशिक रोजगार कसुरसम्बन्धी मुद्दाको जाहेरी परी निवेदकउपर अभियोग दर्ता भई प्रस्तुत मुद्दाको कारबाही अगाडि बढेको र उक्त कागजातहरूमा निजको ठेगाना रुकुम जिल्ला मारावाङ गा.पा. वडा नं. ९ परिवर्तित भुमे गा.पा.वडा नं. ३ घर भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. १३ मंगलापुर उल्लेख भएको सो मुद्दाको मिसिलबाट देखिन्छ। निजको नाउँमा मिति २०७९।५।२७ मा गोरखापत्रमा प्रकाशित समाह्वान म्याद सूचनामा निजको सोही ठेगाना एल्लेख गरेको देखियो। रुपन्देही जिल्ला अदालतमा रामकृष्ण पौडेल वादी र यी निवेदक प्रतिवादी भई चलेको ०७९-CP-१८२९ नं. को लेनदेन मुद्दामा मिति २०७८।५।१० मा भएको फैसलाको प्रतिवादी खण्ड तथा उक्त वैदेशिक रोजगार कसुर मुद्दासमेतको रोहबाट रुपन्देही जिल्ला अदालतले मिति २०८०।११।१४ मा जारी कैदी पुर्जी तथा कारागार कार्यालय सिद्धार्थनगर रुपन्देहीलाई लेखेको जानकारी पत्रमा निवेदकको हालको ठेगाना तिलोत्तमा न.पा. वडा नं. १० उल्लेख भएको कुरा मिसल संलग्न उक्त फैसला तथा कैदी पुर्जीका प्रतिलिपिहरूबाट देखिन्छ । अदालतबाट लेनदेन मुद्दामा मिति २०७८।५।१० मा भएको फैसला

अन्तिम भई कार्यान्वयन भइसकेको कुरा रुपन्देही जिल्ला अदालतले मिति २०८०।११।१४ मा कारागार कार्यालय सिद्धार्थनगर रुपन्देहीलाई लेखेको जानकारी पत्रमा "यस अदालतको मिति २०७८।५।१० गतेको फैसलाबमोजिम बिगोबापत २ वर्ष कैद गरिपाउँ भनी वादीको तर्फबाट निवेदन परी उक्त निवेदन इजलाससमक्ष पेस हुँदा मिति २०७९।६।२५ को आदेशबमोजिम प्रतिवादीलाई २ वर्ष कैद भुक्तान गर्न कारागार कार्यालयमा सिद्धार्थनगर रुपन्देहीमा च.नं. ७९६८, मिति २०८०।८।६ को कैदी पुर्जीसाथ पठाएकोमा आज यस अदालतमा वादीको तर्फबाट आफूले पाउनुपर्ने बिगो घरसारमा बुझिसकेको भन्ने निवेदन परेको र फैसला कार्यान्वयनबापतको ३% दस्तुर र नपुग अदालती शुल्क एकमुस्ट रूपमा राजस्व दाखिला फाराम नं. ०००३९९३० बाट आजै दाखिला गरिसकेको" भन्नेसमेत उल्लेख भएबाट देखिन्छ। उक्त म्यादबमोजिमको ठेगानालाई आधिकारिक मान्ने हो भने एउटै व्यक्तिको एउटै समयमा दुई वटा ठेगानालाई वैधता दिएको देखिने र उक्त अदालतबाट अन्तिम भई कार्यान्वयनसमेत भइसकेको फैसलाबमोजिमको ठेगाना नै आफ्नो वास्तविक ठेगाना रहेको कुरा रिट निवेदकले पनि दाबी लिएको अवस्थामा सोही तिलोत्तमा न.पा. वडा नं. १० लाई नै निवेदकको हालको ठेगाना मान्नुपर्ने हुन आई निवेदकको नाममा उक्त वैदेशिक रोगार कसुर मुद्दामा मिति २०७९।५।२७ मा गोरखापत्रमा प्रकाशित समाह्वान म्याद सूचना बेरितपूर्वक तामेली भएको देखियो। तसर्थ उक्त बेरितको तामेली म्याद र सो म्यादलाई सही मानी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०८०।०७।१९ मा प्रमाणीकरण भएको (कसुर ठहर मिति ०८०।०५।०५ र सजाय निर्धारण मिति २०८०।०५।१२।०३) को फैसलासमेत बेरितको देखियो । यस स्थितिमा सो फैसलाको आधारमा निवेदकलाई कैदमा राख्ने गरी मिति २०८०।११।१४ मा जारी कैदी पुर्जी र सोबमोजिम निवेदकलाई थुनामा राख्ने कार्यसमेत बेरितको देखिने।

वैदेशिक रोजगार न्यायाधिकरणमा निवेदकका विरुद्ध चलेको वैदेशिक रोजगार कसुर मुद्दा (०७८-FT-००८२) मा यी निवेदकको हालको वतन तिलोत्तमा नगरपालिका, वडा नं.१३ उल्लेख गरी सोही वतनमा म्याद बेपत्ते तामेल भई सोही वतन देखाई मिति २०७९।५।२७ मा गोरखापत्रमा प्रकाशन भएको बेरितको समाह्वान म्याद सूचना र सोही म्यादलाई सही मानी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०८०।०७।१९ मा प्रमाणीकरण भएको (कसुर ठहर मिति ०८०।०५।०५ र सजाय निर्धारण मिति २०८०।०५।१२।०३) को फैसलासमेत बेरितको देखिँदा उत्प्रेषणको आदेशले बदर हुने। उक्त फैसला बदर भएपनि निवेदकउपर सो मुद्दाको अभियोगपत्र कानूनबमोजिम नै दायर भएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । निवेदकलाई जिल्ला कारागार कार्यालय सिद्धार्थनगर रुपन्देहीबाट झिकाई अड्डाको रोहबरमा म्याद बुझाई सो मुद्दाको बाँकी कारबाही कानूनबमोजिम सम्पन्न गर्नु भन्ने परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : उमेशप्रसाद पाण्डेय

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०८१ साल वैशाख १० गते रोज २ शुभम्।

## ३२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री महेश शर्मा पौडेल,** *०७६-RC-००२१, कर्तव्य ज्यान, नेपाल सरकार वि. नागेन्द्र राउत*

प्रतिवादी नागेन्द्र राउतले बञ्चरो घाँटीमा प्रहार गरी भाउजू पुनमदेवीलाई मारेको भन्ने तथ्य पुष्टि हुन आएको देखिँदा प्रतिवादी नागेन्द्र राउतलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम

सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू धनुषा जिल्ला अदालतबाट मिति २०७३।२।३० मा भएको फैसलाको साधक सदर हुने र मुलुकी ऐन अ.वं. १८८ नं. बमोजिमको रायमा सहमत हुन नसक्ने ठहऱ्याएको उच्च अदालत जनकपुरको मिति २०७५।११।१ को फैसला मिलेको देखिँदा साधक सदर हुने।

उच्च अदालत जनकपुरको मिति २०७५।११।१ को फैसला सदर हुने ठहर भए तापनि सर्वश्वसहित जन्मकैदको सजायको हकमा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(१) ले मुलुकी ऐनलाई खारेज गरेको भन्ने कानूनी व्यवस्थाको रोहमा समेत हेर्नुपर्ने देखिन्छ। ऐ. को दफा ३९(२) अनुसार उपदफा (१) बमोजिम खारेज भएका कानूनबमोजिम यो ऐन प्रारम्भ हुँदाका बखत प्रारम्भ भएको वा भइसकेको देहायका काम कारबाहीको सम्बन्धमा देहायबमोजिम हुने छ भनी ऐ.को देहाय (ख) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ। तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । मुलुकी ऐनलाई खारेज गरेको अवस्थामा मुलुकी अपराध संहिता, २०७४ को दफा ४० को उपदफा (२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने व्यवस्था गरेको देखिन्छ। त्यसैगरी फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ" भन्ने व्यवस्था गरेको देखिने।

मुलुकी ऐन खारेज गरी मुलुकी अपराध संहिता, २०७४ लागु गर्दा विधायिकाले कर्तव्य ज्यान मुद्दाको कसुरमा पहिले सर्वस्वसमेतको सजायको व्यवस्था भएकोलाई संशोधन गरी पछि सर्वस्वको सजाय नगरिने भन्ने देखियो । मुलुकी ऐनमा भएको सर्वस्वको सजायलाई पछि बनेको मुलुकी अपराध संहिता, २०७४ ले कर्तव्य ज्यान मुद्दामा सर्वस्वको सजाय हटाएको अवस्था हुँदा प्रतिवादी नागेन्द्र राउतलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय १ अनुसार सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको धनुषा जिल्ला अदालतको मिति २०७३।२।३० को फैसला सदर गरेको उच्च अदालत जनकपुरको मिति २०७५।११।१ को फैसलामा भएको सर्वस्वको हदसम्म सजाय गर्न मिल्ने नदेखिँदा प्रतिवादी नागेन्द्र राउतलाई जन्मकैदको सजायसम्म हुने।

इजलास अधिकृत :- गेहेन्द्रराज रेग्मी

कम्प्युटर :- पध्मा आचार्य

इति संवत् २०८० साल चैत २८ गते रोज ४ शुभम्।

## ३३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री महेश शर्मा पौडेल,** *०७५-CR-१५६१, ०७९-RC-०११२, कर्तव्य ज्यान, नेपाल सरकार वि. नरेश मलिक डोमसमेत, नेपाल सरकार वि. इनरजीत मलिक डोम*

प्रतिवादीहरू बिजुली मलिक र विरण भन्ने सोगारथ मलिकको हकमा विचार गर्दा, जाहेरवाली राजकुमारीदेवीले यी प्रतिवादीहरूसमेत उपर किटान गरी जाहेरी दिएको भए तापनि निजले अदालतमा बकपत्र गर्दा विजुली र सोगारथ वारदातको दिन आफ्नो घरमा सुतेका थिए भनेको र यी प्रतिवादीहरू कसुरमा संलग्न रहेको भनी निजको बकपत्रमा कहीँ पनि लेखाएको देखिँदैन । यी प्रतिवादी बिजुली मलिकले आफूले घाइतेलाई एम्बुलेन्स बोलाई उपचारको लागि

पठाएको र आफूले उपेन्द्रलाई मार्ने कार्यमा संलग्न नभएको भनी इन्कार रही अनुसन्धान तथा अदालतमा समेत बयान गरेको देखिन्छ। त्यसै गरी अर्का प्रतिवादी सोगारथ मलिकले अनुसन्धान तथा अदालतमा गरेको बयानमा समेत कसुरमा इन्कार रहेको देखिन्छ । आफ्नो बाबुको मृत्यु भएको १३ औँ दिनको श्राद्धको कार्यक्रममा प्रतिवादी तथा मृतकसमेतलाई पाहुनाको रूपमा निजहरूले नै आमन्त्रण गरेको देखिन्छ। त्यसरी पितृ कार्यमा आफूहरूले आमन्त्रण गरिएका पाहुनालाई निजहरूले मार्नु मार्न लगाउनुपर्नेसम्मको रिसइवी तथा कारण रहेको भन्नेसमेत मिसिल संलग्न स्वतन्त्र प्रमाण रहेको नदेखिने।

उपेन्द्र र प्रतिवादीहरू नरेश, जोगिन्द्र र इनरजीतसमेतका बिच विवाद भएको र सोही कारण झगडा हुँदा प्रतिवादी इनरजीत मलिकले उपेन्द्र मलिकलाई बाँसको लाठी प्रहार गरेकाले उपेन्द्र मलिकको मृत्यु भएको भन्ने तथ्य पुष्टि भएको देखिएको छ । बुझिएका अन्य साक्षीसमेतले यी प्रतिवादीहरू विजुली मलिक र विरण भन्ने सोगारथ मलिक कसुरदार हुन् भनी भन्न सकेको देखिँदैन । यी प्रतिवादीहरूले मारेको तथा मार्न लगाएको हो भनी देख्ने प्रत्यक्षदर्शी साक्षी रहेको र त्यस्ता साक्षीले कहीँकतै सो बेहोरा खुलाई लेखाएको समेत देखिँदैन । ठोस र विश्वसनीय प्रमाणविना अनुमानको भरमा मात्र कसैलाई अभियोग लगाई कसुरदार कायम गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जान्छ । यी प्रतिवादीहरूउपर लगाइएको अभियोग प्रत्यक्षतः पुष्टि हुने गरी वादी पक्षले यथेष्ट प्रमाण पुऱ्याउन सकेकोसमेत देखिएन । प्रतिवादीहरू विजुली मलिक र सोगारथ मलिकलाई लगाइएको अभियोग पुष्टि हुने प्रत्यक्ष र ठोस प्रमाणहरू मिसिल संलग्न रहेको नदेखिँदा आफ्नो बाबुको श्राद्धको भोजमा आफैँले निमन्त्रणा गरेका उपेन्द्र मलिकलाई यी प्रतिवादीले कर्तव्य गरी मार्नमा संलग्न रहेका भनी विश्वास गर्न सकिने मनासिब आधार नदेखिने।

प्रतिवादीहरू नरेश मलिक र जोगिन्द्र मलिकको प्रस्तुत वारदातमा रहेको संलग्नतालाई दृष्टिगत गर्दा, निजहरूले गरेको कसुर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ (३) अन्तर्गतको देखिएकोमा निजहरूलाई ऐ. को १७(२) नं. अनुसार पाँच वर्ष कैद सजाय हुने ठहऱ्याई सर्लाही जिल्ला अदालतबाट मिति २०७२।३।९ मा भएको फैसला सो हदसम्म केही उल्टी गरी प्रतिवादी नरेश मलिक र जोगिन्द्र मलिकलाई ऐ. १७(३) नं. अनुसार जनही तीन वर्ष कैद सजाय हुने, प्रतिवादीहरू विजुली मलिक र विरण भन्ने सोगारथ मलिकलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याई भएको हदसम्मको सर्लाही जिल्ला अदालतबाट मिति २०७२।३।९ मा भएको फैसला र प्रतिवादी इनरजीत मलिक डोमलाई अभियोग दाबीबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई सर्लाही जिल्ला अदालतबाट मिति २०७३।२।२५ मा भएको फैसला सो हदसम्म सदर हुने ठहऱ्याएको र निज प्रतिवादी इनरजीत मलिक डोमलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने भई सोभन्दा कम १० (दश) वर्ष मात्र कैद सजाय गर्न मुलुकी ऐन अ.वं. १८८ नं. बमोजिम राय व्यक्त भएको उच्च अदालत जनकपुरको मिति २०७५।२।१६ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत :- गेहेन्द्रराज रेग्मी
कम्प्युटर :- पध्मा आचार्य
इति संवत् २०८० साल चैत २८ गते रोज ४ शुभम्।

## इजलास नं.७

३४

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बालकृष्ण ढकाल,** *०७४-CI-००३१, लिखत दर्ता*

*बदर दर्ता, रश्मी दाससमेत वि. राम दुलारीदेवी साहसमेत*

लिखत बदर गरिपाउँ भनी वादीले दाबी लिएको जिल्ला धनुषा भरतपुर गा.वि.स. वडा नं. ४ क कि.नं. ३८४ को ०-१-० जग्गा कृष्णकुमारीले राम दुलारीदेवी साहलाई बिक्री गरेको र राम दुलारीदेवी साहले पुनः सो जग्गा पिन्टु रायलाई बिक्री गरेको देखिन्छ । सो जग्गा निज कृष्णकुमारी तामाङले बद्रि पुर्वछानेसमेतबाट राजीनामाबाट लिएको देखिन्छ । राजीनामाबाट कृष्णकुमारी तामाङका नाममा आएको जग्गा निज कृष्णकुमारी तामाङले हक हस्तान्तरण गरी रामदुलारीदेवी साहलाई गरिदिएको राजीनामाको कागजमा उक्त जग्गा घर खर्चको लागि बिक्री गरेको र आधीभन्दा बढी जग्गा बाँकी राखी यो जग्गा बिक्री गरेको भनी कैफियत महलमा समेत उल्लेख गरेको देखिने।

मुलुकी ऐन, अंशबन्डाको महलको १९ नं. मा घरव्यवहार चलाउने मुख्य मानिसले चलमा सबै र अचलमा आधीसम्म व्यवहार चलाउन आफूखुस गर्न पाउने भन्ने कानूनी व्यवस्था रहेकोमा कृष्णकुमारीले आफ्नो नाममा रहेको जग्गा बिक्री गर्दा घर खर्च चलाउनको लागि बेचेको तथा आधीभन्दा बढी जग्गा राखी यो जग्गा बेचेकी हुँ भनी कैफियतसमेतमा खोलेको देखिन्छ। निज कृष्णकुमारी तामाङले बिभिन्न मितिमा इन्द्रकुमारी तामाङसमेतका बिभिन्न व्यक्तिहरूलाई विभिन्न कित्ता जग्गाहरू बेचबिखन गरेकोसमेत देखिएबाट निज घरको मुख्य व्यक्ति रहे भएको देखिएको र कि.नं. ३८४ को जग्गा घर खर्चको लागि बिक्री भएको देखिँदा घरको मुख्य व्यक्तिले घर व्यवहार चलाउनको लागि अचलमा आधासम्म बेचबिखन गर्न सक्ने नै देखिन्छ । यस्तै प्रश्न समावेश रहेको पुनरावेदक वादी महेन्द्रबहादुर कार्की विरुद्ध प्रत्यर्थी प्रतिवादी विरेन्द्रमाया कार्कीसमेत भएको लिखत दर्ता बदर मुद्दामा "ऐनले आफूखुस गर्न पाउने सम्पत्तिको हक हस्तान्तरण गर्दा भने सँगै बस्नेको मन्जुरी लिनुपर्ने आवश्यकता नरहने" भनी ने.का.प. २०६९ अङ्क ५ नि.नं.८८२१ मा सिद्धान्त प्रतिपादन भएको पाइन्छ । घरव्यवहार चलाउनको लागि कि.नं. ३८४ को जग्गा बेचबिखन गरेको देखिँदा वादी दाबी पुग्न नसक्ने ठहर गरी सुरू धनुषा जिल्ला अदालतले गरेको फैसलालाई सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत जनकपुरको फैसला मनासिब रहेको देखिँदा लिखत बदर गरिपाउँ भन्ने वादी चन्देश्वर दाससमेतको पुनरावेदन जिकिर तथा विद्वान् कानून व्यवसायीले गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने।

सुरू धनुषा जिल्ला अदालतबाट मिति २०७०।३।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहऱ्याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०७२।०२।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - सूर्यप्रसाद भण्डारी

कम्प्युटर :- सरस्वती दाहाल

इति संवत् २०८१ साल वैशाख ३१ गते रोज २ शुभम्।

- यसै लगाउको ०७४-CI-००३०, लिखत दर्ता बदर दर्ता, रश्मी दाससमेत वि. रामदुलारीदेवी साहसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३५

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बालकृष्ण ढकाल,** *०७८-CR-०७८३, ०७९-RC-००६७, कर्तव्य ज्यान, पदम तामाङ स्याङ्बो वि. नेपाल सरकार, नेपाल सरकार वि. परिवर्तित नाम ०२-०७६।०७७ ग*

लास जाच मुचुल्का, शव परीक्षण प्रतिवेदन, प्रतिवादी पदम तामाङ स्याङ्बो तथा नाम परिवर्तित बालबिज्याईकर्ता ०२-०७६-०७७ ग ले मौकामा अनुसन्धान अधिकारीसमक्ष र सुरू अदालतमा

गरेको बयान, मौकामा कागज गर्ने व्यक्तिहरूले सुरू अदालतमा उपस्थित भई गरेको बकपत्रसमेतबाट प्रस्तुत वारदातमा यी प्रतिवादीको संलग्नता थिएन भनी मान्न सकिने अवस्थाको विद्यमानता नदेखिने।

मुख्य अभियुक्त पदम तामाङ स्याङ्बोलाई जन्मकैदको सजाय हुने ठहर फैसला भएकोमा यी बालबिज्याइँकर्ता परिवर्तित नाम ०२-०७६/०७७ ग को जन्मदर्ताको प्रतिलिपिमा निजको जन्म मिति २०६०।११।०६ उल्लेख भएको देखिँदा वारदातको समयमा यी बालविज्याइँकर्ता वर्ष १५ का नाबालक रहेको देखिन आयो । उक्त जन्मदर्ताबाट निज बालविज्याइँकर्ता नाबालक देखिन आएकोले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ (३) बमोजिम आधा १२ वर्ष ६ महिना कैद सजाय हुने र ऐ. ऐनको दफा ३६ को उपदफा (५) को खण्ड (च) मा "निजलाई भएको सजायभन्दा बढी नहुने गरी बाल सुधार गृहमा बस्न लगाउने भन्ने कानूनी व्यवस्था भएको रहेकोले निजलाई लागेको उक्त कैद निजले बालसुधार गृहमा बसी कट्टा हुने, यी बालबिज्याइँकर्ताबाट पीडितको हकवालाले रु. ७५,०००।– क्षतिपूर्ति भराइपाउने ठहऱ्याई भएको सुरूको फैसला साधक सदर ठहर गरी उच्च अदालत इलाम इजलासबाट भएको फैसला न्याय तथा कानूनको रोहमा मनासिब एवं न्यायोचित देखिने।

प्रतिवादी पदम तामाङ स्याङबोलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ को उपदफा (१) (२) र सोही संहिताको दफा ४१ (क) को कसुर अपराधमा सोही संहिताको दफा १७७ (२) र ४१ बमोजिम जीवित रहेसम्म कैदको सजाय हुने र बालबिज्याइँकर्ता परिवर्तित नाम ०२-०७६।०७७ ग लाई निज १५ वर्षका नाबालक भएकोले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(३) बमोजिम निजलाई आधा १२ वर्ष ६ महिना कैद सजाय हुने ठहर गरेको सुरू पाचथर जिल्ला अदालतको मिति २०७६।०९।१६ को फैसलामा प्रतिवादीमध्येका पदम तामाङ स्याङ्बो स्याङ्बोको हकमा सजाय नमिलेकोले केही उल्टी भई सोही संहिताको दफा १७७ को उपदफा (१) को कसुरमा ऐ. उपदफा (२) बमोजिम जन्म कैद हुने र बालबिज्याइँकर्ता परिवर्तित नाम ०२-०७६।०७७ ग हकमा साधक सदर हुने ठहऱ्याई उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७८।०६।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सरिता रिजाल

कम्प्युटर :- सरस्वती दाहाल

इति संवत् २०८१ साल साउन ३२ गते रोज ६ शुभम्।

**३६**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बालकृष्ण ढकाल,** *०७४-CI-०८८४, करारबमोजिमको रकम र क्षतिपूर्ति दिलाई भराइपाऊँ, डा.रोजी कार्की खत्रीसमेत वि. सागर प्रताप राणा*

पुनरावेदक प्रतिवादीमध्ये डा. रोजी कार्की खत्रीले सम्झौताबमोजिम आफ्नो अध्ययन पूरा गरिसकेपछि मिति २०६५।६।६ देखि प्रत्यर्थी वादी सङ्घको सेवामा प्रवेश गरेको र २०६८।८।२० सम्म सेवा गरी तत्पश्चात वादी सङ्घमा रुजु हाजिर नरहेको भन्ने बेहोरा वादी तथा प्रतिवादी दुवैको फिराद दाबी एवम् प्रतिउत्तर जिकिरबाट देखिन्छ । पुनरावेदक प्रतिवादीमध्ये डा.रोजी कार्की खत्री मिति २०६५।६।६ देखि २०६८।८।२० सम्म ३ वर्ष २ महिना १४ दिन रुजु हाजिर भई कामकाज गरेको देखिन्छ। यसरी वादी तथा प्रतिवादीहरूका बिचमा सन् २००५।७।१५ मा भएको सम्झौताको सर्त नं.५ बमोजिमको सङ्घमा ५ वर्ष सेवा गर्नुपर्ने भन्ने सर्त पुनरावेदक प्रतिवादी रोजी कार्की खत्रीले पालना गरेको नदेखिने।

वादीले आफूलाई मिति २०६५।६।६ मा

नियुक्ति दिँदा ६ महिनाको परीक्षणकाल रहने र दुवै पक्षले सेवा आवश्यक नरहे वा सेवामा रहन नसक्ने अवस्था भएमा ३० दिनको अग्रिम सूचना दिई सेवा TERMINATE गर्न सक्ने उल्लेख भएकोले वादी र प्रतिवादीबिच सन् २००५।७।१५ मा भएको सम्झौता स्वत: निस्क्रिय भएको भनी पुनरावेदन जिकिर लिएको भए तापनि प्रत्यर्थी सङ्घले पुनरावेदकमध्ये डा.रोजी कार्कीलाई नियुक्ति दिँदाका अवस्थामा दुवै पक्षबिच सन् २००५।७।१५ मा भएको सम्झौताबमोजिम नै निजको अध्ययन समाप्त भएपछि पूर्वसम्झौता अनुसार नै प्रतिवादीलाई नियुक्ति दिएको देखिन्छ। उक्त नियुक्तिमा केही नयाँ सर्तहरूसमेत थप भएको पाइन्छ। नियुक्तिमा नयाँ सर्तहरू थप भएकै आधारमा पूर्व सम्झौताको अस्तित्व समाप्त भएको र सो अनुसारको सर्त पालना गर्नु नपर्ने भन्ने कुराको पुष्टि हुने भरपर्दो प्रमाण प्रतिवादीले पेस गर्न सकेको नदेखिँदा पुनरावेदन जिकिर अनुसार पूर्वसम्झौताको अस्तित्व नै नरहेको भन्न सकिने अवस्थासमेत देखिन आएन । प्रतिवादी रोजी कार्की खत्रीले सम्झौताबमोजिम अध्ययन पूरा गरिसकेपछि नेपाल नेत्रज्योति सङ्घमा अनिवार्य रूपमा पाँच वर्षको सेवा गर्नुपर्नेमा सम्झौता अनुसार पूरा अवधि सेवा नगरी बिचैमा सेवा छोडेको अवस्था देखिएकोले सम्झौताको परिपालना प्रतिवादीबाट भए गरेको भन्ने नदेखिने।

वादी सङ्घले प्रतिवादी रोजी कार्की खत्रीलाई MD/MS अध्ययनका लागि रु ६,५४,३६३।- लगानी गरेको र सम्झौता अनुसार प्रतिवादीले अध्ययन पूरा गरिसकेपछि पाँच वर्ष प्रत्यर्थी/वादी सङ्घमा सेवा गर्नुपर्नेमा सर्त अनुसार पूरा अवधि सेवा नगरी बिचैमा सेवा छोडी तीन वर्षभन्दा बढी सेवा गरिसकेको देखिँदा वादीले दाबी गरेको सम्पूर्ण रकम प्रतिवादीबाट भराइदिन न्यायोचित हुने देखिएन । अध्ययनपश्चात् तीन वर्षभन्दा बढी अवधि नेत्र ज्योती सङ्घमा काम गरिसकेको अवस्थासमेतलाई मध्यनजर गर्दा प्रतिवादीले ३ वर्ष २ महिना १४ दिन प्रत्यर्थी/वादी सङ्घमा काम गरिसकेको र ५ वर्ष सेवा पूरा गर्न १ वर्ष ९ महिना १६ दिन मात्र बाँकी रहेको देखिएबाट काम गरेको अवधिको समेत रकम प्रतिवादीबाट असुलउपर गराउँदा प्रतिवादीलाई आर्थिक रूपले पीडा पर्न सक्ने अवस्था आउने देखिन्छ । यस्तै प्रश्न समावेश रहेको पुनरावेदक प्रतिवादी अध्यक्ष सञ्चालक समिति अमर आदर्श माद्यमिक विद्यालयसमेत विरुद्ध प्रत्यर्थी वादी कृष्णबहादुर श्रेष्ठ भएको करारबमोजिम रकमको क्षतिपूर्ति दिलाइपाउँ भन्ने मुद्दामा एक पक्षबाट करारको उल्लङ्घन हुनासाथ अर्को पक्षले करारमा उल्लिखित पूरै रकम क्षतिपूर्तिबापत भराइलिन पाइहाल्ने भन्ने होइन । क्षतिपूर्तिको रकम अत्यधिक वा बेमुनासिब भई एकपक्षले अर्को पक्षबाट बेमुनासिब लाभ वा फाइदा (UNJUST ENRICHMENT) पाउने अवस्थामा क्षतिपूर्ति भनी उल्लेख गरिएको रकमले पेनाल्टी वा जरिवानाको रूप पनि धारण गर्नसक्ने भनी ने.का.प. २०६८ अङ्क ६ नि.नं. ८६३५ मा सिद्धान्त प्रतिपादन भएको देखिन्छ। प्रस्तुत सिद्धान्तसमेतका आधारमा समानुपातिकताको आधारमा काम नगरेको अवधिको रकम मात्र प्रतिवादीबाट वादीलाई भराइदिने गरी फैसला गर्नुपर्नेमा सो अनुसार फैसला भएको नदेखिने।

वादी नेपाल नेत्र ज्योती सङ्घले प्रतिवादी रोजी कार्की खत्रीलाई MD/MS अध्ययनका लागि रु. ६,५४,३६३।- लगानी गरेको र अध्ययनपश्चात् मिति २०६५।०६।०६ आफू नियुक्तिपत्र दिई प्रतिवादीले ३ वर्ष २ महिना १४ दिन नेपाल नेत्र ज्योती सङ्घमा काम गरिसकेको र ५ वर्ष सेवा पूरा गर्न १ वर्ष ९ महिना १६ दिन मात्र बाँकी रहेको देखिएबाट निजले समानुपातिक रूपले हिसाब गर्दा अध्ययन पछि नेपाल नेत्र ज्योती सङ्घमा सेवा गरेको अवधिको रकम रु. ४,१८,०७५.१३ निजले अध्ययनको लागि नेपाल

नेत्र ज्योती सङ्घबाट प्राप्त गरेको रु. ६,५४,३६३।- बाट घटाई सेवा नगरेको अवधिको हुन आउने रकम रु.२,३६,२८७.८७ र सोको मिति २०६५।०६।०६ देखि भरिभराउ हुने मितिसम्म सयकडा १० प्रतिशतका दरले हुन आउने ब्याजसमेत वादीले प्रतिवादीबाट भराइपाउने हुँदा आफूले सम्झौताको उलङ्घन नगरेकोले दाबीबमोजिमको रकम वादीलाई बुझाउनुपर्ने होइन भन्ने प्रतिवादीको पुनरावेदन तथा निजका कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन सकिएन। तसर्थ, प्रतिवादीबाट रु.२,३६,२८७.८७।- मात्र भराउनुपर्नेमा उच्च अदालत तुलसीपुर बुटवल इजलासबाट सुरू फैसला सदर गरी प्रतिवादीबाट पूरै रकम रु.६,५४,३६३।- भराउने गरी भएको फैसला सो हदसम्म मिलेको नदेखिने।

सुरू रुपन्देही जिल्ला अदालतले वादी दाबीबमोजिमको साँवा रु. ६,५४,३६३। र सोको दश प्रतिशतले हुन आउने ब्याजसमेत वादीले प्रतिवादीबाट भराइलिन पाउने ठहर गरी सुरूबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर बुटवल इजलासले मिति २०७३।०८।०१ मा गरेको फैसला केही उल्टी भई वादी नेपाल नेत्र ज्योती सङ्घले प्रतिवादी डा.रोजी कार्की खत्रीबाट सावाँ रु.२,३६,२८७.८७ र सोको मिति २०६५।०६।०६ देखि भरिभराउ हुने मितिसम्म सयकडा दश प्रतिशतका दरले हुन आउने ब्याजसमेत भराइलिन पाउने।

इजलास अधिकृत - सूर्यप्रसाद भण्डारी

कम्प्युटर :- सरस्वती दाहाल

इति संवत् २०८१ साल वैशाख ३१ गते रोज २ शुभम्।

**३७**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री नृपध्वज निरौला,** *०८१-WH-०१७०, बन्दीप्रत्यक्षीकरण, नरमाया लिम्बु वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

निवेदक नरमाया लिम्बुउपर चलेको बैंकिङ कसुर मुद्दामा जाहेरवाला रामकुमार स्याङ्तानले दिएको जाहेरीको आधारमा उच्च अदालत पाटनबाट मुद्दा नं. ०७७-CB-०५४२ को मुद्दामा जारी भएको म्याद तेह्रथुम जिल्ला, म्याङलुङ गाउपालिका, वडा नं. ८ को ठेगानामा घर दैलोमा टाँस भएको देखिन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) बमोजिम कसुर गरेकोले सोही ऐनको दफा १५(१) बमोजिम चेकमा उल्लिखित रकम बिगो कायम भई प्रतिवादीबाट जाहेरवालाहरूलाई बिगो भराई निजलाई बिगोबमोजिम जरिवाना ७ (सात) दिन कैद सजाय हुन साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीलाई जरिवाना भएको रकमको चार प्रतिशतले हुन आउने रकम धरौटीमा क्षतिपूर्ति शुल्कबापत बेहोर्नुपर्ने गरी मिति २०७७।११।१८ मा उच्च अदालत पाटनबाट फैसला भएको देखिने।

नेपालको संविधानको धारा २० (९) मा "प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुने छ भन्ने संवैधानिक व्यवस्था रहेको देखिन्छ। कुनै व्यक्ति विरूद्ध कुनै अभियोग लगाइन्छ भने त्यस्तो व्यक्तिलाई प्राकृतिक न्यायको सिद्धान्तको दृष्टिकोणले अनुसार स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइ गर्न निज विरूद्ध गरिएको कारबाहीको जानकारी पाउने तथा कानूनबमोजिमका प्रक्रियाहरू अपनाई प्रतिवादको अवसर प्रदान गर्न पाउने हकलाई संविधान एवं कानूनले प्रत्याभूत गरेको देखिन्छ। यसरी नै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १० मा "कुनै व्यक्ति सक्षम अदालत वा न्यायिक निकायबाट हुने कारबाहीमा स्वच्छ सुनुवाइबाट वञ्चित हुने छैन भन्ने उल्लेख

भएको देखिन्छ । उक्त कानूनी व्यवस्था अनुसार जसका विरूद्धमा मुद्दाको कारबाही चलिरहेको छ, सो व्यक्तिले आफूउपर लागेको अभियोगको बारेमा थाहा जानकारी पाउनु निजको नैसर्गिक अधिकार रहेको हुन्छ । सुनुवाइको मौका दिएर मात्र मुद्दाको कारबाही गर्नुपर्छ भन्ने प्राकृतिक न्यायको सिद्धान्तसमेत रहेको छ । रामकुमार स्याङ्ताङले जाहेरी दिँदा निवेदकको वतन तेह्रथुम जिल्ला आलाङबुङ गा.वि.स वडा नं.७ घर भई हाल काठमाडौं जिल्ला, कीर्तिपुर नगरपालिका, वडा नं. १४ टौडह, अभियोगपत्रमा तेह्रथुम जिल्ला, साबिक आङबुङ गा.वि.स. वडा नं. ७ हाल परिवर्तित म्याङलुङ वडा नं. ७ घर भई काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नं १५ चोभार उल्लेख भएको देखिन्छ । यसरी नै निजको सिद्धार्थ बैंकको मिति २०७६।०९।०२ को व्यक्तिगत पहिचान फाराममा निजको वतन काठमाडौं जिल्ला, कीर्तिपुर नगरपालिका वडा नं. १५ चोभार उल्लेख भएको देखिन्छ । निजको नागरिकतामा तेह्रथुम जिल्ला, आम्बुङ गा.वि.स वडा नं ७ उल्लेख भएको देखिन्छ । मिति २०७७।०६।१३ मा उच्च अदालत पाटनबाट जारी भएको निज निवेदकको नामको समाह्वान म्याद तेह्रथुम जिल्ला आम्बुङ गा.वि.स. वडा नं. ७ परिवर्तित म्याङलुङ वडा नं. ७ उल्लेख भएकोमा म्याद तामेली तेह्रथुम जिल्ला, म्याङलुङ वडा नं. ८ मा भएको देखिन्छ । यसरी हेर्दा वतन फरक फरक रहेको देखिन आयो । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१ मा भएको कानूनी व्यवस्था अनुसार सम्भव भएसम्म सम्बन्धित व्यक्तिलाई नै अदालतबाट जारी भएको समाह्वान म्याद बुझाउनुपर्ने व्यवस्था गरेको परिप्रेक्ष्यमा यसबाट मुद्दाको रोहमा जारी हुने म्याद सूचना भरसक त्यस्तो व्यक्ति हाल बसोबास गरेको स्थानमा जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिने ।

निवेदकका नाममा जारी गरी तामेल भएको म्याद र निवेदकउपर चलेको ०७७-CB-०५४२ को बैंकिङ कसुर मुद्दामा मिति २०७७।११।१८ मा उच्च अदालत पाटनबाट भएको फैसला र सो फैसलाबमोजिम भएका काम कारबाही कानूनप्रतिकूल भएको देखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । यी रिट निवेदकलाई संविधान तथा कानूनले नै व्यवस्था गरेको प्रक्रियाअनुरूप नै निजको नाममा जारी भएको समाह्वान म्याद तामेल भएको नदेखिएको र निजले आफूलाई लागेको आरोपको प्रतिवाद गर्ने मौका प्राप्त गरेको देखिन नआएकोले अब निजका नामको म्याद पुनः जारी गरी निज थुनामा रहेको कारागार कार्यालय तेह्रथुममा निजको नामको म्याद बुझाई उक्त कारागार कार्यालयबाट निजलाई सम्बन्धित अदालतमा उपस्थित गराई बयान, थुनछेक तथा प्रमाण बुझ्नेलगायतका जे जो गर्नुपर्ने हो सम्पूर्ण काम कारबाही र सुनुवाइसमेतको कार्य सम्पन्न गरी पुनः कानूनबमोजिम फैसला गर्न बैंकिङ्ग कसुर तथा सजाय ऐन,२०६४ को दफा ३ को खण्ड (ग) बमोजिमको बैंकिङ कसुर मुद्दा सम्बन्धित जिल्ला अदालतबाट कारबाही किनारा हुने भएकोले प्रस्तुत मुद्दामा पनि सोहीबमोजिम व्यवस्था गर्नु भनी उच्च अदालत पाटन बाणिज्य इजलासको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : सरिता रिजाल

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् २०८१ मङ्सिर १८ गते रोज ३ शुभम् ।

## इजलास नं. ९

३८

**मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७१-CI-१४७६, निषेधाज्ञा, परमादेश, कृष्णबाबु चौधरी वि.*

*गढीमाई नगरपालिका कार्यालय, जितपुर, बारासमेत*

एकाको नाममा दर्ता भएको जग्गा अर्काको नाममा दर्ता भई फेरी उक्त जग्गा राजीनामा गरी तेस्रो व्यक्तिमा गएकोबारे के कसो भएको हो ? किन त्यस्तो हुन गयो भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले बुझ्नै नपाउने भन्ने कुरा पनि तर्कसङ्गत र मनासिब नदेखिने।

यस दृष्टिकोणबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट विवादित जग्गाको नामसारी दर्ता सम्बन्धमा केही कुरा बुझ्न अनुसन्धान गर्न निवेदकलाई प्रहरीमार्फत नभई मालपोत कार्यालय र उसमार्फत गढीमाई नगरपालिकाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमक्ष सम्पर्क राख्न जानु भनी बुझाएको पत्र गैरकानूनी नहुँदा उक्त पत्र परमादेशको आदेश जारी गरी बदर गर्नुपर्ने र निवेदनमा उल्लेख गरेजस्तो निजलाई धरपकड गर्ने, पक्राउ गर्ने जस्ता आशङ्काको अवस्थासमेत नदेखिँदा र निज निवेदकलाई सम्पर्क राख्न जानकारीसम्म गराएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्नु परेन भनी पुनरावेदन अदालत, हेटौंडाले निवेदन खारेज हुने ठहऱ्याएको फैसला मिलेकै देखिन्छ । पुनरावेदक निवेदकको समग्र पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, कानूनबमोजिम अनुसन्धान तहकिकातको सिलसिलामा भएका काम कारबाहीहरू कानूनको रीत पुऱ्याई भए गरेको देखिएकोले त्यस्ता कार्यहरू परमादेशको आदेशद्वारा बदर हुन नसक्ने भनी पुनरावेदक निवेदकको निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।९।१६ गतेको फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : शंकरप्रसाद अधिकारी

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७८ साल फागुन २० गते रोज ६ शुभम्।

**३९**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री कुमार रेग्मी,** *०७९-WH-०१६९, बन्दीप्रत्यक्षीकरण, मनिष बस्नेत सुलभ पण्डित क्षेत्री भन्ने नरेन्द्रबहादुर पण्डित क्षेत्री वि. सिन्धुपाल्चोक जिल्ला अदालत, चौतारा सिन्धुपाल्चोकसमेत*

निवेदकलाई विभिन्न मुद्दामा भएको सजायबापत कैद ठेकिएको र आफूउपर भएको सजायको कार्यान्वयन गर्दा सोउपर यी निवेदकले जिल्ला अदालत र उच्च अदालतसमेतमा निवेदन दिँदा सो थुना कानूनी, गैरकानूनी रीत बेरित के हो सो सम्बन्धमा तह तह हुँदै परीक्षण भएको देखिन्छ। यसरी निवेदकको थुना सम्बन्धमा साधारण अधिकारक्षेत्रबाट तह तह परीक्षण भई थुनाको विषयमा निर्णय भइसकेको अवस्थामा यी निवेदकले सो थुना गैरकानूनी भनी निवेदन लिई आएको र सो थुना र तत्सम्बन्धमा भएका आदेश, काम, कारबाही बेरितको र कानूनविपरीतको नदेखिँदा निवेदन मागबमोजिम रिट जारी हुनुपर्ने अवस्था नदेखिने।

निवेदकलाई सिन्धुपाल्चोक जिल्ला अदालतबाट ठगी मुद्दा र वैदेशिक रोजगार कसुर मुद्दामा कैद म्याद ठेकेको पत्र, सोसम्बन्धी आदेश, कैलाली जिल्ला अदालतबाट मिति २०७८।१०।२१ मा भएको आदेश र निवेदकलाई नागरिकता किर्ते मुद्दामा भएको कैद सजायको हद नहुने भनी कपिलवस्तु जिल्ला अदालतबाट मिति २०७८।१२।२० मा भएको आदेश र सो आदेश सदर गर्ने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७९।०५।३० मा भएको आदेश कानूनविपरीतको नदेखिँदा निवेदक नरेन्द्रबहादुर पण्डित क्षेत्रीको थुना गैरकानूनी मान्न मिल्ने अवस्था देखिएन । यस दृष्टिकोणबाट निवदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन

खारेज हुने ।

इजलास अधिकृत - राजकुमार आचार्य; नीति उप्रेती
कम्प्युटर - कृष्णमाया खतिवडा (सुस्मिता)
इति संवत् २०७९ साल चैत्र २४ गते रोज ६ शुभम् ।

**४०**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-RB-०४१०, अन्त:शुल्क (आ.व.०६५/०६६), आन्तरिक राजस्व कार्यालय, धरान वि. ज्ञानदेव सिंह*

प्रस्तुत विवादमा पशुपति पेन्ट्स रङ्ग उत्पादन गर्ने उद्योग भन्ने देखिन्छ । उत्पादित रङ्ग बट्टा वा टिन वा त्यस्तै सामाग्रीमा प्याकिङ्ग नगर्ने हो भने त्यो तयारी हुने देखिँदैन । अन्त:शुल्क ऐन, २०५८ को माथि उल्लिखित व्यवस्थालाई हेर्दा पनि अन्त:शुल्क कट्टा गर्न पाउने कच्चा पदार्थबाट प्याकिङ्ग सामाग्रीलाई अलग गर्न सकिने अवस्था देखिँदैन । औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५(प) ले पनि उद्योगले आफ्नो उत्पादनमा प्रयोग गरेको प्याकिङ्ग मेटरियल्स, सहायक कच्चा पदार्थ आदिमा तिरेको भन्सार, बिक्री कर, अन्त:शुल्क फिर्ता दिइने भन्ने व्यवस्था गरेकै देखिने ।

रङ्ग उत्पादन गर्न आवश्यक पर्ने कम्पोजिसन मात्र कच्चा पदार्थ हो । उत्पादित रङ्गलाई सुरक्षित रूपमा राख्न र एक स्थानबाट अर्को स्थानसम्म लान सहज बनाउने प्रयोजनको लागि प्रयोग भएको प्याकिङ्ग सामाग्री (उत्पादित रङ्ग प्याक गर्ने बट्टा तथा टिन) कच्चा पदार्थ होइनन् तसर्थ त्यसमा तिरेको अन्त:शुल्क छुट दिन मिल्दैन भन्ने आन्तरिक राजस्व कार्यालय धरानले लिएको पुनरावेदन जिकिर माथि उल्लिखित कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्तको अनुकूल देखिएन । यस दृष्टिकोणबाट, प्याकिङ्ग सामाग्रीमा तिरेको अन्त:शुल्क प्रत्यर्थी पशुपति पेन्ट्स प्रा.लि.ले छुट पाउने नै अवस्था देखिने ।

तसर्थ, प्याकिङ्ग सामाग्रीमा तिरेको अन्त:शुल्क कट्टा गर्न नपाउने भनी प्याकिङ मेटेरियल्सको रु.१,९२,९६७।- जरिवाना र रु.१,०००।- विलम्ब रु.१,२६,७८९।- समेत गरी जम्मा रु.३,२०,७५६।- अन्तःशुल्क निर्धारण गरेको आन्तरिक राजस्व कार्यालय, धरानको निर्णयलाई प्रशासकीय पुनरावलोकनबाट राजस्व विभागका महानिर्देशकले सदर गरेको निर्णय उल्टी गरी प्याकिङ्ग सामाग्रीमा तिरेको अन्त:शुल्क कट्टा गर्न पाउने हुँदा आन्तरिक राजस्व कार्यालय धरानले निर्धारण गरेको आ.व.२०६५/०६६ को अन्तःशुल्क कर पशुपति पेन्ट्सले मिन्हा पाउने ठहर्छ भनी राजस्वन्यायाधिकरण विराटनगरबाट मिति २०७३।११।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : राजकुमार आचार्य नीति उप्रेती
कम्प्युटर : मिलन राणा
इति संवत् २०७९ मङ्सिर ८ गते रोज ५ शुभम् ।

साथै यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैनुसार फैसला भएका छन् ।

- ०७४-RB-०४११, अन्त:शुल्क (आ.व.०६६/०६७), आन्तरिक राजस्व कार्यालय, धरान वि. ज्ञानदेव सिंह
- ०७४-RB-०४१२, अन्त:शुल्क (आ.व.०६७/०६८), आन्तरिक राजस्व कार्यालय, धरान वि. ज्ञानदेव सिंह
- ०७४-RB-०४१३, अन्त:शुल्क (आ.व.०६८/०६९), आन्तरिक राजस्व कार्यालय, धरान वि. ज्ञानदेव सिंह

**४१**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०६७-CR-०६२८, ०७५-CR-२२१७, सरकारी*

*कागज किर्ते, नेपाल सरकार वि. रतनलाल अग्रवालसमेत, रतनलाल अग्रवाल वि. नेपाल सरकार*

प्रतिवादी रतनलाल अग्रवालले ऐलानी पर्ती जग्गा आफ्ना नाममा ल्याउने र आफ्नै परिवारको सदस्यहरूको बिचमा मात्र आदान प्रदान गर्ने कार्य गरेको र उक्त जग्गा कसैलाई बिक्री गरेको र मूल्य कायम भई आफूलाई लिई खाइसकेको भन्ने देखिन नआएकोले निजलाई यस्तो अवस्थामा निजलाई किर्ते कागजको ७ नं. को दोस्रो वाक्यांशअनुरूप बिगो आधा जरिवाना र किर्ते कागजको १२ नं. अनुसार एक वर्ष कैद थप सजाय हुने गरी तत्कालीन पुनरावेदन अदालतबाट भएको फैसला मनासिब नै देखिने।

प्रतिवादी प्रल्हादप्रसाद साहको सन्दर्भमा हेर्दा, विवादित कि.नं. ४४ को ऐलानी पर्ती जग्गाको विवरण पुनरावेदक प्रतिवादी रतनलाल अग्रवालको नाममा मोठ स्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पुर्जामा थप्ने काम खरिदार प्रल्हादप्रसाद साहले गरेकोले निजलाई सजाय हुनुपर्ने भन्ने वादी पक्षको अभियोग दाबीलाई प्रतिवादी प्रल्हादप्रसाद साहले अदालतसमक्ष अस्वीकार गरेको अवस्था छ । सम्बन्धित मोठ स्रेस्तासमेत निज प्रतिवादी प्रल्हादप्रसाद साहको जिम्मामा रहने भएकोले निजले नै उक्त मोठ स्रेस्तासमेतमा विवादित कि.नं. ४४ को बेहोरा थप गरेको हुन सक्ने आशंकाको भरमा वादी पक्षले निजउपर अभियोग दाबी लिएको देखिन्छ। प्रतिवादीउपरको उक्त आशंका यथार्थमा परिणत हुनेसम्मको विश्वसनीय प्रमाण वादी पक्षबाट पेस हुन सकेको पाइँदैन । आशंकाको भरमा प्रतिवादीउपर सरकारी कागज किर्तेसम्बन्धी फौजदारी अभियोग स्थापित गर्ने र निजलाई सजाय गर्नसमेत मिल्ने हुँदैन । अर्कोतर्फ, यसै विषयमा प्रतिवादी प्रल्हादप्रसाद साहउपर चलेको भ्रष्टाचार मुद्दामा निजले अभियोग दाबीबाट सफाइ पाउने ठहरी विशेष अदालतबाट भएको फैसलाउपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट पुनरावेदन नगर्ने गरी मिति २०६५।०९।२५ मा निर्णय भई उक्त भ्रष्टाचार मुद्दा अन्तिम भइरहेको भन्ने देखिन आउँछ। यसबाट समेत प्रतिवादी प्रल्हादप्रसाद साहले उक्त जग्गा सम्बन्धमा भ्रष्टाचार गरी किर्ते कार्य गरेको भन्न नमिल्ने।

अर्का प्रतिवादी उमादेवी अग्रवालका हकमा विचार गर्दा, विवादित कि.नं. ४४ को जग्गा पुनरावेदक प्रतिवादी रतनलाल अग्रवालले आफ्नो मोठ स्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पुर्जामा थप्दा थपाउँदा निज प्रतिवादी उमादेवीको संलग्नता देखिएको छैन। पुनरावेदक प्रतिवादी रतनलाल अग्रवालले मिति २०५१।०६।०४ मा कि.नं. ३७९ को जग्गा रौदी खाँ थारूबाट राजीनामा पारित गराई लिएको र सोही जग्गाको पुर्जा र मोठमा कि.नं. ४४ को जग्गासमेत थपी थपाई मिति २०५१।११।२२ मा निज पुनरावेदक प्रतिवादी रतनलाल अग्रवालले उक्त कि.नं. ४४ को जग्गामध्येको ज.वि. ०-१६-० जग्गा निजकी पत्नी प्रतिवादी उमादेवी अग्रवाललाई अंश भरपाई पारित गरिदिएको भन्ने देखिएको छ । मिसिल संलग्न कुनै पनि प्रमाण कागजातबाट मिति २०५१।०६।०४ को राजीनामा पारितसम्बन्धी र त्यसबाट बनेको मोठ स्रेस्ता तथा रतनलाल अग्रवालको नामको जग्गाधनी दर्ता प्रमाण पुर्जा बनाउने कार्यमा समेत प्रतिवादी उमादेवी अग्रवालको संलग्नता पुष्टि हुन सकेको देखिँदैन । यस्तो अवस्थामा निजउपरको अभियोग स्थापित हुन नसक्ने।

प्रतिवादी रतनलाल अग्रवालको नाममा पर्ती जग्गा ल्याउने कार्यमा यी प्रतिवादीबाहेक अन्यको संलग्नता रहेको देखिन नआएको र निजले उक्त जग्गामा अन्य तेस्रो व्यक्तिलाई बिक्री गरेको नभई आफ्नो परिवारको सदस्यहरूबिच मात्र आदान प्रदान गरेको देखिएबाट यस्तो अवस्थामा निज प्रतिवादी रतनलाल अग्रवाललाई किर्ते कागजको ७ नं. को दोस्रो वाक्यांश

अनुसार बिगोको आधा जरिवाना ऐ.को दफा १२ नं. बमोजिम थप १ वर्ष सजाय हुने देखिँदा तत्कालीन पुनरावेदन अदालत हेटौँडाबाट भएको फैसलालाई अन्यथा मान्न मिल्ने देखिन आएन। प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने नेपाल सरकारको र सफाइ पाउँ भन्ने प्रतिवादी रतनलाल अग्रवालको पुनरावेदन जिकिर स्वीकारयोग्य नदेखिनुका साथै प्रतिवादी रतनलाल अग्रवाललाई किर्ते कागजको ७ नं. को दोस्रो वाक्यांश अनुसारको सजाय गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत, हेटौंडाको फैसला त्रुटिपूर्ण रहेको भनी यस अदालतबाट मुद्दा दोहोर्‍याई पाउने अनुमति प्रदान गर्दा लिइएको आधारसमेत स्वीकारयोग्य नदेखिने।

प्रतिवादी रतनलाल अग्रललाई किर्ते कागजको ७ र १२ नं. अनुसार सजाय र अन्य प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने गरी सुरू जिल्ला अदालतबाट मिति २०६४।०९।०४ मा भएको फैसला सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६६।०८।१५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : नीति उप्रेती

कम्प्युटर : मिलन राणा

इति संवत् २०७९ साल पुस ४ गते रोज ०२ शुभम्।

- यसै लगाउको ०६७-WO-१०७६, उत्प्रेषण, रतनलाल अग्रवाल, वि. विशेष अदालत, काठमाडौंसमेत भएको मुद्दामा पनि यसैनुसार फैसला भएको छ।

## इजलास नं. ११

### ४२

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७३-CI-११३६, माना चामल, कविता चौधरी वि. हुलास चौधरीसमेत*

प्रस्तुत विवादमा तत्कालीन पुनरावेदन अदालत विराटनगरको मिति २०७१।०१।३ को आदेशानुसार डि.एन.ए. परीक्षणको लागि नमुना सङ्कलन गरी परीक्षण गर्दा विवादित बच्चा विकाश चौधरी र दाबी गरिएको बाबु विष्णुकुमार चौधरीबिच ९ वटा डि.एन.ए. गुण भिन्न पाइएकोले विष्णुकुमार चौधरी सो बच्चाको जैविक बाबु होइन भनी राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको परीक्षणका रिपोर्ट र सो रिपोर्टलाई समर्थन हुने गरी वरिष्ठ वैज्ञानिक अधिकृत श्री दिनेशकुमार झाले बकपत्र गरे पनि जुन निकायमा अदालतले परीक्षणको लागि पठाइएको हो सो निकायले आफ्नो ल्याबको प्रयोग नगरी अन्य सार्वजनिक अस्पतालमा रगतको नमुना सङ्कलन गरेको मिसिलबाट देखिएको भन्ने आधारमा राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनको विश्वसनीयतामा प्रश्न उठाई पुनरावेदन जिकिर लिएको देखिन्छ । उक्त पुनरावेदन जिकिरलाई विचार गरी यस अदालतबाट पुनः डि.एन.ए. परीक्षणका लागि आदेश भए पनि सो आदेशानुसार कार्य सम्पन्न हुन सकेको देखिएन । यसै सन्दर्भमा PATTERNING सम्बन्धी विवाद, अपराध अनुसन्धान आदिमा डि.एन.ए. महत्त्वपूर्ण हुन्छ । तर, डि.एन.ए. रिपोर्ट प्रमाण लिन प्रयोगशाला (LABORATORY) कोठाभित्र SAMPLE निकाल्न कारणी र सम्बन्धित विशेषज्ञ मात्र प्रवेश गर्नुपर्ने भनी ने.का.प.२०६८ अङ्क ३ नि.नं. ८५७८ मा सिद्धान्त प्रतिपादन भएको देखिन्छ। उक्त प्रतिपादित सिद्धान्तलाई अनुसरण गर्दा पुनरावेदन अदालतको आदेश अनुसार राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट भई आएको परीक्षणमा रगतको SAMPLING अर्कै अस्पतालमा निकाली प्राप्त भएको देखिएको अवस्थामा SAMPLING को विश्वसनीयता माथि प्रश्न उठेको भन्ने पुनरावेदक वादीले उठाएको

जिकिरलाई अनदेखा गर्न नमिल्ने भएकाले सो परीक्षण प्रतिवेदनलाई निश्चयात्मक प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने।

पुनरावेदन अदालतको आदेशअनुसार डि.एन.ए.परीक्षणका लागि आमा कबिता चौधरी, निजबाट जन्मेको बच्चा विकाश चौधरी र बुबा भनिएका बिष्णु चौधरीको रगतको नमुना लिने (BLOOD COLLECTION) कार्य बिश्वसनीय नभएकोले पुनः रगत नमुना लिई डि.एन.ए. परीक्षणमा पठाउनु भनी यस अदालतबाट आदेश भए पनि सो आदेश अनुसारको कार्य विकाश चौधरीको बुबा भनिएका बिष्णु चौधरीसमेतको असहयोगका कारण सम्पन्न हुन सकेको देखिएन। यस अवस्थामा इनरुवा जिल्ला अस्पतालबाट प्राप्त भएको बालकको जन्मसम्बन्धी प्रमाण कागजलाई आधिकारिक मान्नुपर्ने देखियो। तसर्थ, डि.एन.ए. को निम्ति रगत नमुना लिँदा विधि विज्ञान प्रयोगशालामा नलिई पाटन अस्पतालमा लिइएको र सो नमुना सुरक्षामा (CHAIN OF CUSTODY) मा प्रश्न उठाएकोले सो अविश्वसनीय डि.एन.ए. परीक्षण रिपोर्टलाई मात्र आधार लिई तत्कालीन पुनरावेदन अदालत विराटनगरबाट वादी दाबी पुग्न नसक्ने भनी भएको फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी हुने देखिने।

सुनसरी जिल्ला अदालतबाट मिति २०७०।०३।०४ मा भएको फैसलालाई उल्टी गरी वादी दाबी पुग्न नसक्ने भनी तत्कालीन पुनरावेदन अदालत विराटनगरबाट मिति २०७१।०७।०२ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक वादीहरूले जीविकोपार्जनको लागि मासिकरूपमा रु.१०,०००।- (दश हजार) प्रतिवादीहरूबाट मानाचामल तथा जीविकोपार्जन खर्च भराइलिन पाउने।

इजलास अधिकृत : डोलनाथ न्यौपाने

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०८० साल आश्विन १४ गते रोज १ शुभम्।

**४३**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७५-CI-०२८६, सार्वजनिक बाटो खुलाइपाऊँ, राजेन्द्र पाण्डेय वि. समशेरबहादुर श्रीवास्तव*

पुरनलाल श्रीवास्तवले राजेन्द्र पाण्डेयउपर शिवानगर गा.वि.स.मा बाटो खुलाइपाउँ भनी दिएको निवेदनमा कारबाही चली शिवानगर गा.वि.स. कार्यालयमा गा.वि.स. अध्यक्षसमेतको उपस्थितिमा सार्वजनिक बाटो खुल्ला गर्ने भनी मिति २०६७।०२।१५ मा भएको कागज हेर्दा, बुद्धु कुर्मीको नलकाको फाउन्डेसनबाहिर उत्तरतर्फ १० फुट र सो धाराको सिधाई पर्ने पूर्वतर्फ निमको बोटको जरादेखि १० फुट उत्तर सार्वजनिक बाटो छाडी सोभित्र पर्ने राजेन्द्र पाण्डेयले बनाएको पश्चिम-पूर्वको दिवाल १० फुट १० इन्च तत्कालै भत्काई सार्वजनिक बाटो खुला गर्ने भनी सहमति कायम भएको हुँदा यो कागजमा सहीछाप गरिदिएका छौँ भनी यी प्रतिवादी राजेन्द्र पाण्डेयसमेतले सहीछाप गरेको देखिन्छ। यसरी यी पुनरावेदक/प्रतिवादी स्वयंको उपस्थिति र मन्जुरीका आधारमा उक्त १० फिट १० इन्चको सार्वजनिक बाटो खुल्ला गर्ने कागज भएको कुरालाई अन्यथा हो भनी उक्त कागज बदर वातिलका लागि उजुर बाजुर गरेको छु भनी पुनरावेदक/प्रतिवादीले भन्न सकेको पनि देखिँदैन। यसरी आफ्नो जग्गाबाट सार्वजनिक बाटो खुला गर्ने कुरामा एकपटक सहमति जनाइसकेको तथ्य एवं विषयलाई प्रस्तुत मुद्दाको रोहमा मेरो सहमति थिएन र होइन भनी भन्न मिल्ने देखिँदैन। प्रमाण ऐन,

२०३१ को दफा ३४ को कानूनी व्यवस्था हेर्दा ३४(१) मा "कुनै व्यक्तिले लेखेर, वचनले वा आचरणद्वारा कुनै व्यक्तिलाई कुनै कुरा यस्तो हो भन्ने विश्वासमा पारी वा त्यस्तो विश्वासमा पर्न दिई सो व्यक्तिबाट कुनै काम गराएमा वा हुन दिएमा निज र सो व्यक्तिको बिचमा चलेको कुनै मुद्दामा सो कुरा त्यस्तो होइन वा थिएन भनी निजले खण्डन गर्न पाउने छैन" भन्ने व्यवस्था रहेको पाइन्छ । उक्त कानूनी व्यवस्था अनुसार यी पुनरावेदक प्रतिवादीलाई आफू स्वयं सम्बन्धित गाउँपालिकाको कार्यालयमा उपस्थित भई सार्वजनिक बाटो कायम गर्न सहमति भई गरेको कागज अन्यथा हो भनी भन्न विबन्धनको सिद्धान्तले सहयोग गर्न सक्ने अवस्था नदेखिने ।

मिति २०७१।१०।१६ को नक्सा मुचुल्कामा देखाइएका जग्गाहरू गाउँ ब्लकभित्रका मिनिही डिहीका जग्गा रही न.नं.८ र ९ पहिलेदेखि सार्वजनिक बाटोको रूपमा सर्वसाधारणले उपभोग गर्दैआएको भन्ने तथ्यलाई न.नं.७ देखि दक्षिणतर्फ न.नं. ८ र ९ लाई पहिलेदेखिको बाटो निकासको रूपमा रहेको विवादित जग्गा भनी देखाइएको छ। साथै न.नं. ८ सँगै रहेको न.नं.२० ह्यान्ड पम्प र न.नं.१९ को विद्युत्को पोल र न.नं.९ दक्षिणतर्फ नं.१३/१ निमको रुख भनी देखाइएको छ । साथै न.नं.१ लाई मूलबाटो भनिएको छ । सो मूल बाटोसम्म पुग्नका लागि न.नं.१३ र न.नं.१४ दुवैमा उत्तर निकास भनेको छ । न.नं.१३ को उत्तरमा न.नं.८ सार्वजनिक बाटो भनिएको छ । न.नं.१४ को उत्तरमा न.नं.९ को सार्वजनिक भनिएको छ। न.नं.१३ र न.नं.१४ उत्तर निकास भनी उल्लेख हुनुको अर्थ उत्तरतर्फबाट बाहिर निस्कने निकास रहेको भन्ने तथ्यले उत्तरतर्फ बाटो भएको भन्ने नै देखियो । उक्त वस्तुगत तथ्यहरूबमोजिम स्वयं पुनरावेदक/प्रतिवादीले १० फिट १० इन्चको सार्वजनिक बाटो खुल्ला गर्ने भनी गा.वि.स. कार्यालय शिवानगरमा स्थानीय भद्रभलादमीसमेतको उपस्थितिमा मिति २०६७।०२।१५ मा सहमति कागज भएकोसमेतबाट न.नं. ८ र न.नं. ९ को जग्गामा रहेको सार्वजनिक बाटोमा पुनरावेदक/प्रतिवादीले गरेको अवरोध हटाई बाटो निकास खुलाइपाउने भनी सुरू जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने ठहऱ्याई पुनरावेदन अदालतबाट भएको फैसला मिलेको देखिने।

वादी दाबीको न.नं. ८ र न.नं.९ को जग्गामा रहेको सार्वजनिक बाटोमा प्रतिवादी राजेन्द्र पाण्डेयले गरेको अवरोध हटाइ वादीले सार्वजनिक बाटो निकास खुलाइपाउने भनी सुरू कपिलवस्तु जिल्ला अदालतबाट मिति २०७१।१२।३० मा भएको फैसला सदर हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत बुटवलबाट मिति २०७३।०३।२७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : डोलनाथ न्यौपाने

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०८० साल असोज १४ गते रोज १ शुभम्।

**४४**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७८-WO-१५७१, उत्प्रेषणयुक्त परमादेश, पवनकुमार प्रजापति वि. उच्च अदालत, पोखरासमेत*

मध्यस्थकर्ताले गरेको निर्णयबमोजिम सेयर दा.खा. गरी हालसम्म पाउने ब्याज र सेयरबाट बढेको रकमसमेत पाउने गरी निर्णय कार्यान्वयन गरिपाउँ भनी प्रत्यर्थी पदमकुमार माकाजुले कास्की जिल्ला अदालतमा निवेदन दिएको देखिन्छ । तत्पश्चात् यिनै विपक्षी पदमकुमार माकाजुउपर करारबमोजिमको रकम दिलाई भराइपाउँ भनी (०७७-CP-१२१४) यिनै निवेदकले कास्की जिल्ला अदालतमा फिराद दायर गरेको देखिन्छ। उक्त मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म बिगो भराउने कार्य रोकिपाउँ भनी यी निवेदकले दिएको

निवेदनमा उच्च अदालत पोखरासमेतबाट बिगो भराउने कार्य रोक्न नमिल्ने भनी मिति २०७९।०३।०९ मा आदेश भएको पाइन्छ। यी निवेदकले आफू पुनरावेदक भई मध्यस्थको निर्णय विरुद्ध दायर गरेको ०७५-DP-०२४० को (सम्झौता पालना गराइपाउँ) मुद्दामा उच्च अदालत पोखराबाट मिति २०७७।०८।१७ मा फैसला हुँदा मध्यस्थको निर्णय अन्यथा भएको पाइँदैन। उक्त फैसलामा चित्त नबुझाई यी निवेदक प्रतिवादीले यस अदालतमा दर्ता गरेको मुद्दा दोहोऱ्याई हेरिपाउँ भनी दिएको निवेदन यसै अदालतमा विचाराधीन रहेको देखियो। हदम्यादको आधारमा खारेज हुने ठहऱ्याई भएको उच्च अदालतको उक्त फैसला ठिक छ वा छैन भन्ने प्रश्नको निरूपण मुद्दा दोहोऱ्याई हेरिपाउँ भन्ने निवेदन (०७७-RI-१५७६) मा सुनुवाइ हुँदाका बखत निरूपण हुने नै देखिन्छ। उल्लिखित समग्र सन्दर्भबाट दोहोऱ्याई हेरिपाउँ मुद्दाबाटै प्रस्तुत विवादको निरूपण हुनु वाञ्छनीय हुने देखिन्छ। उल्लिखित सन्दर्भमा मध्यस्थबाट भएको निर्णयको अन्तिम टुङ्गो लागिसकेपछि यी निवेदकले कास्की जिल्ला अदालतमा (०७७-CP-१२१४) सम्झौताबमोजिमको रकम दिलाइपाउँ भनी दायर गरेको मुद्दाकै आधारमा मात्र फैसला कार्यान्वयनजस्तो संवेदनशील विषयलाई रिट क्षेत्राधिकारबाट रोक्नु न्याय र कानूनको दृष्टिले औचित्यपूर्ण नदेखिने।

निवेदकको मध्यस्थको निर्णय विरुद्धमा परेको पुनरावेदन उच्च अदालत पोखराबाट मिति २०७७।०८।१७ मा खारेज भई मध्यस्थको निर्णय अन्तिम भई बसेको देखिएको, कास्की जिल्ला अदालतमा चलेको बिगो भराउनेसम्बन्धी कारबाही मध्यस्थले मिति २०७५।०८।०५ मा गरेकै निर्णय (फैसला) को कार्यान्वयन भएको देखिएको, मध्यस्थबाट भएको निर्णयको अन्तिम टुङ्गो लागिसकेपछि यी निवेदकले कास्की जिल्ला अदालतमा (०७७-CP-१२१४) सम्झौताबमोजिमको रकम दिलाइपाउँ भनी फिराद दायर गरेको देखिएको समग्र परिस्थितिलाई हेर्दा उच्च अदालत पोखराको मिति २०७९।०३।०९ को आदेशलाई अन्यथा भन्न नमिल्ने।

निवेदक पवनकुमार प्रजापतीले उच्च अदालत पोखराले मध्यस्थबाट भएको निर्णय (फैसला) को कार्यान्वयन रोक्न नमिल्ने भनी गरेको मिति २०७९।०३।०९ को आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भनी दायर गरेको प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : दीक्षा प्रधानाङ्ग
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०८० साल भाद्र १३ गते रोज ४ शुभम्।

## इजलास नं. १३

४५

**मा.न्या.डा.श्री मनोजकुमार शर्मा र मा.न्या.श्री सुनिलकुमार पोखरेल,** *०७१-CI-१२३१, सम्झौता बदर, सुरज गुरुङसमेत वि. प्रेमबहादुर गुरुङ*

प्रत्यर्थी प्रतिवादीले यार्सागुम्बाको कारोबार गर्दा सम्बन्धित निकायबाट अनुमति लिनुपर्नेमा लिएको पनि नदेखिएकोले कानूनबमोजिम कार्यान्वयनयोग्य करार नभएको हुँदा जुलाई २७, २०११ को सम्झौता पत्र स्वतः बदर हुनुपर्ने भनी पुनरावेदन जिकिर लिएको देखिन्छ। वन ऐन, २०४९ को दफा २ को उपदफा (ग) को देहाय (२) ले सबै प्रकारका जङ्गली जडीबुटी, वनस्पति तथा तिनका विभिन्न भाग, अंशलाई वन पैदावार भनी परिभाषित गरेको देखिन्छ। वन नियमावली, २०५१ को नियम ११ ले कुनै वनक्षेत्रबाट अनुसूची ३ मा उल्लिखित जडीबुटी सङ्कलन गर्न चाहने जडीबुटीको किसिम सङ्कलन क्षेत्र, परिमाण र सङ्कलन गर्ने उद्देश्यसमेत खोली अधिकार

प्राप्त अधिकारीसमक्ष निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले जडीबुटी सङ्कलन गर्न इजाजतपत्र दिने छ भन्ने व्यवस्था गरेको पाइन्छ । उक्त नियमावलीको अनुसूची ३ मा यार्सागुम्बा, सतुवा इजाजत पत्र लिएर सङ्कलन कारोबार गर्न मिल्ने जडीबुटीको रूपमा रहेको देखिन्छ । यसबाट यार्सागुम्बा व्यापार गर्न निषेध गरिएको वस्तु नभई इजाजतपत्र प्राप्त गरेर व्यापार गर्न सकिने वस्तु भएकोमा विवाद देखिएन । करार ऐन, २०५६ को दफा १३(ङ) मा प्रचलित कानूनको विरुद्धमा भएको वा प्रचलित कानूनले निषेध गरेको कुरामा भएको करारलाई बदर हुने करार भनी उल्लेख गरेको पाइन्छ । वन नियमावली २०५१ को अनुसूची ३ मा जडीबुटी सङ्कलन गर्न चाहने जडीबुटीमा यार्सागुम्बा पनि समावेश भएको पाइँदा उल्लिखित यार्सागुम्बाको सङ्कलन कारोबार र सो कारोबार गर्नका लागि भएको सम्झौता गर्ने कार्यलाई कानूनले निषेध गरेको भन्ने नदेखिने ।

प्रत्यर्थी प्रेमबहादुर गुरुङ्गले पेस गरेको पुनरावेदक सुरज गुरुङ्गको नाममा जिल्ला वन कार्यालय दार्चुलाबाट जारी भएको छोडपुर्जीको प्रतिलिपि मिसिल सामेल रहेको देखिन्छ । जिल्ला वन कार्यालय दार्चुलाको च.नं. ११७७ मिति २०६७।०२।२७ को छोडपुर्जीबाट पुनरावेदक सुरज गुरुङ्गले मिति २०६७।०२।१७ मा यार्सागुम्बाको सङ्कलनको इजाजत लिई २.५ केजी यार्सागुम्बा २१ दिनभित्रमा खलंगा, दार्चुलाबाट बैतडी, डडेल्धुरा, डोटी, अत्तरिया, धनगढी विमानस्थल वा महेन्द्र राजमार्गको बाटो हुँदै काठमाडौं र काठमाडौंबाट अन्तर्राष्ट्रिय बिमानस्थल/तातोपानी भन्सार कार्यालय हुँदै तेस्रो मुलुकसम्म लैजाने गरी छोडपुर्जी दिइएको भन्ने देखिन्छ । उक्त छोडपुर्जीबाट पुनरावेदकले यार्सागुम्बालगायतका जडीबुटीहरूको सङ्कलन एवं तेस्रो मुलुकसम्म पैठारी गर्नको लागि सरकारी कार्यालयबाट कानूनबमोजिमको प्रक्रिया पूरा गरेको देखिन्छ । यसरी पुनरावेदक सुरज गुरुङ्गले जडीबुटी सङ्कलन तथा व्यापारको लागि इजाजत पत्र लिई र प्रत्यर्थीले लगानी गरी यार्सागुम्बा, सतुवासमेतको कारोबार गरेको देखिँदा सन् २०१० मा भएको कारोबारको हरहिसाब फरफारक गर्न जुलाई २७, २०११ मा यी पक्षहरूबिच सम्झौता भएको देखिँदा उक्त सम्झौता करार ऐन, २०५६ को दफा २ (क) बमोजिम कानूनबमोजिमको कार्यान्वयनयोग्य करार रहेको देखिँदा पक्षहरूबिच भएको उक्त सम्झौता पुनरावेदक सुरज गुरुङ्गलाई झुक्काई गरेको, यार्सागुम्बाको कारोबार गर्दा सम्बन्धित निकायबाट अनुमति लिनुपर्नेमा लिएको पनि नदेखिएको, कानूनबमोजिम कार्यान्वयनयोग्य करार नभएको र गैरकानूनी करार रहेकोले स्वतः बदर हुने भन्ने पुनरावेदकको तर्फबाट उपस्थित कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने ।

उक्त जुलाई २७ २०११ मा भएको सम्झौताको लिखतमा करारमा हुनुपर्ने सबै तत्त्व समावेश भएको, दुवै पक्षको आपसी सहमतिबाट जानी बुझीकन तयार गरी हस्ताक्षर भएको देखिन आएको भन्नेसमेतका आधारमा सुरू अदालतबाट भएको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला मनासिब देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने ।

जडीबुटी कारोबार गर्दा प्रतिवादीले अधिकार प्राप्त अधिकारीबाट इजाजत लिएको भन्ने नदेखिँदा वादी र प्रतिवादीबिच भएको करार गैरकानूनी रूपमा भएको देखिएकोले गैरकानूनी करार स्वतः बदर हुने भई करारको मान्यता पाउने नहुँदा वादी दाबीबमोजिम सम्झौता स्वतः बदर हुने ठहर्छ भनि काठमाडौं जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी वादी दाबी नपुग्ने ठहरी पुनरावेदन अदालत पाटनबाट भएको

फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत :- जगतबहादुर भण्डारी
कम्प्युटर :- प्रेमबहादुर थापा
इति संवत् २०८० साल चैत ०४ गते रोज १ शुभम्।
साथै निम्न लगाउको मुद्दामा यसैनुसार फैसला भएको छ।

- ०७१-CI-१२३०, करारबमोजिम रकम दिलाइपाऊँ, सुरज गुरुङ वि. प्रेमबहादुर गुरुङ
- ०७१-CR-१११९, चेक अनादर, सुरज गुरुङ वि. प्रेमबहादुर गुरुङ

**इजलास नं. १४**

**४६**

**मा.न्या.डा.श्री कुमार चुडाल र मा.न्या.श्री शारङ्गा सुवेदी,** *०७५-CR-२१८५, ०७५-CR-२२७४, कर्तव्य ज्यान, लक्ष्मण बस्यालसमेत वि. नेपाल सरकार, दिपेन्द्र बस्याल वि. नेपाल सरकार*

पुनरावदेक प्रतिवादी दिपेन्द्र बस्यालले अदालतसमक्ष बयान गर्दा मिति २०७३।२।२८ मा अचेत अवस्थामा रहेको मृतक बिनु पुलामीलाई राति २:०० बजेको समयमा काँधमा राखी बोकी लगी आफ्नै गाडीमा राखी आर्य भञ्ज्याङ्ग हुँदै राम्दी गई कालीगण्डकी नदीको पुलको बिच भागबाट निज बिनु पुलामीलाई कालीगण्डकीमा फाली तानसेन घर फर्किएर आएको सो कुरा कसैलाई नभनी बसेको बाबु आमाले सोध्दा बुटवल गएकी छन् भनी बताएको, मृतक बिनुको आमाले फोन गरी छोरीको बारेमा सोध्दा बैङ्लोर पढ्न गएकी छन् भनी बताएको भन्नेसमेतका बेहोरा खुलाई बयान गरेको देखिन्छ। मृतकको मृत्यु पानीमा डुबेर भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट देखिन आएको हुँदा यी प्रतिवादीकै कर्तव्यबाट मृत्यु भएको भन्ने स्थापित भइरहेको अवस्था देखिन्छ । तसर्थ निजले अभियोग दाबीबमोजिमको कसुर गरेको ठहर गरी सजाय गरेको फैसला न्यायोचित नै देखिन आयो । निजको बयान बेहोराबाट निजले अपराध गरिसकेपछि पनि आफ्नो बाबुआमालाई बुटवल गएकी छन् भन्ने र मृतकको बाबुआमाले सोध्दा बैङ्लोर पढ्न गएकी छन् भन्ने गरी झुठ बोलेर अपराध लुकाउने प्रयास गरेको भन्ने देखिन्छ । सजाय र आरोपबाट भाग्ने उम्कने मनसायले भारतको मुम्बइसम्म पुगेको अवस्थासमेत देखिन आएको छ। मिति २०७३।७।४ मा फेला परेको मृतकको शव मृतकको पिता जाहेरवाला नरबहादुर पुलामीले आफ्नो छोरी बिनु पुलामी हो भनी सनाखत गरिदिएको र सद्गत गर्न शव बुझिलिएको भन्ने अवस्था देखिन आएकोले शव नै बिनु पुलामीको हो, होइन ? भन्ने नै यकिन नभएको, आत्महत्या गरेको मृतकलाई मैले नै हत्या गरेको भनी सजाय गरेको फैसला मिलेको छैन भन्ने निज प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । शव परीक्षण प्रतिवेदन, प्रतिवादीको बयान, लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण गर्ने चिकित्सकको बकपत्रसमेतका प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादी दिपेन्द्र बस्यालको कर्तव्यबाट जाहेरवालाको छोरीको मृत्यु भएको भन्ने पुष्टि हुन आएको देखिन्छ। तसर्थ, निज प्रतिवादीलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने गरी भएको फैसला निजको हकमा मिलेकै देखिने।

अर्का प्रतिवादीहरू लक्ष्मण बस्याल र पार्वती बस्याललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ नं. को देहाय (३) नं. बमोजिम जनही ६ महिना कैद सजाय हुने ठहऱ्याई भएको फैसलामा चित्त नबुझाई मिसिल संलग्न तथ्यभन्दा बाहिर गएर शंका उपशंकाका आधारमा भएको फैसला उल्टी गरी आरोपित कसुरबाट सफाइ दिलाइपाउन जिकिर लिई

प्रतिवादीहरू लक्ष्मण बस्याल र पार्वती बस्यालको पुनरावेदन परेको देखिँदा सोतर्फसमेत विवेचना गर्नुपर्ने देखिन आयो । सोतर्फ हेर्दा यी प्रतिवादीहरूले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान र अदालतसमक्ष गरेको बयान हेर्दा आरोपित कसुरमा पूर्णरूपमा इन्कार रही बयान गरेको देखिन्छ । प्रतिवादी दिपेन्द्र बस्यालले अदालतसमक्ष बयान गर्दा मृतक बिनु पुलामीलाई कालीगण्डकी नदीमा फाल्न कसैको सहायता लिएको छैन भनी उल्लेख गरेको देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने प्रमाणको भार वादीको हुने व्यवस्था रहेको पाइन्छ । फौजदारी मुद्दामा कसुर प्रमाणित गर्दा वस्तुनिष्ठ प्रमाणहरूद्वारा प्रमाणित गर्नुपर्ने हुन्छ । शंका र अनुमानको आधारमा फौजदारी कसुर ठहर गर्न मिल्दैन । यी प्रतिवादीहरू उक्त कसुरमा संलग्न रहेको भन्ने तथ्य पुष्टि हुने प्रमाण वादी नेपाल सरकारको तर्फबाट पेस गर्न सकेको देखिँदैन । निज प्रतिवादी दिपेन्द्र बस्यालले मौका तथा अदालतसमक्ष गरेको बयान बेहोराबाट मृतक बिनु पुलामीलाई वारदात मितिमा कालीगण्डकीमा लगेर फाल्नेसमेतको कार्यमा यी प्रतिवादीहरू लक्ष्मण बस्याल र पार्वती बस्यालसँग मतसल्लाह गरेको वा निजहरूलाई थाहा जानकारी दिएको वा अन्य कुनै किसिमले सहयोग लिए दिएको भन्ने देखिन आएको छैन । प्रतिवादी पार्वती बस्यालले वारदातको भोलिपल्ट आफ्नो छोरा प्रतिवादी दिपेन्द्र बस्यालसँग मृतक बिनु कहाँ गइन् ? भनी सोधीखोजी गर्दा दिपेन्द्र बस्यालले बुटवल गइन् भनी बताएको तथ्य निजै दिपेन्द्रको अदालतसमक्ष भएको बयान बेहोराबाट पुष्टि भइरहेको देखिन्छ । प्रतिवादी लक्ष्मण बस्यालको बयान बेहोराबाट भारत पुगेका छोरा प्रतिवादी दिपेन्द्र बस्याललाई नेपाल बोलाई अपराध अनुसन्धान तहकिकातको कार्यमा सहयोग पुऱ्याएको भन्ने देखिने ।

पुनरावेदक प्रतिवादी लक्ष्मण बस्यालले प्रतिवादी दिपेन्द्र बस्याललाई आफ्नो ATM कार्ड दिई प्रतिवादी दिपेन्द्र बस्याललाई उक्त वारदातबाट बचाइ भागी जान मद्दत स्वरूप दिएको हो भनी लिएको जिकिरतर्फ हेर्दा प्रतिवादीहरूको बयान बेहोराबाट वारदात भए घटेको थाहा पाई भाग्ने भगाउने प्रयोजनका लागि यी पुनरावेदक प्रतिवादीहरूले आफ्नो ATM कार्ड प्रतिवादी दिपेन्द्र बस्याललाई दिई पठाएको भन्ने देखिन आएको छैन । घर परिवारका सदस्यहरूका बिच घर व्यवहारको प्रयोजनको लागि पनि ATM कार्ड दिने लिने अवस्था हुनु सामान्य र स्वाभाविक हुन्छ । यी प्रतिवादीहरूले आफ्नो छोरालाई आफ्नो ATM कार्ड दिएको भन्ने मात्र कारणले आरोपित कसुरमा सहयोग पुऱ्याएको भन्न मिल्दैन । समग्र मिसिल प्रमाणहरूबाट यी पुनरावेदक लक्ष्मण बस्याल र पार्वती शर्मा बस्यालले प्रतिवादी दिपेन्द्र बस्यालसँग आरोपित कसुर गर्ने विषयमा मतसल्लाह गरेको, वारदातस्थलमा उपस्थित रहेको, वारदात भए घटेको थाहा पाई हेरी बसेको वा अन्य कुनै तवरले प्रतिवादी दिपेन्द्र बस्याललाई सहयोग पुऱ्याएको भन्ने नदेखिँदा निजहरूको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ (३) नं. आकर्षित हुने देखिएन । तसर्थ, सुरू पाल्पा अदालतबाट पुनरावेदक प्रतिवादीहरू लक्ष्मण बस्याल र पार्वती बस्याललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. को कसुर कायम गरी मिति २०७४।०१।२४ मा भएको फैसला र सोही फैसला सदर ठहऱ्याई उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७५।१०।०८ मा भएको फैसला निज प्रतिवादीहरू लक्ष्मण बस्याल र पार्वती शर्मा बस्यालको हकमा मिलेको नदेखिने ।

प्रतिवादी दिपेन्द्र बस्यालको हकमा पाल्पा जिल्ला अदालतबाट मिति २०७४।०१।२४ मा प्रतिवादी दिपेन्द्र बस्याललाई सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई फैसला भएकोमा पुनरावेदन परी सर्वस्वको हकमा मुलुकी अपराध संहिता, २०७४ को दफा

४०(२) बमोजिम सर्वस्वको सजाय नहुने हुँदा जन्मकैद सजाय मात्र हुने भनी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७५।१०।०८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी दिपेन्द्र बस्यालको पुनरावेदन जिकिर पुग्न सक्ने देखिन आएन । प्रतिवादीहरू लक्ष्मण बस्याल र पार्वती शर्मा बस्यालको हकमा निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम जनही ६ महिना कैद सजाय हुने गरी सुरु जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला मिलेको नदेखिँदा उल्टी भई निज प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने।

इजलास अधिकृत : अमृता बोगटी

कम्प्युटर : जगदिश दर्जी

इति संवत् २०८१ साल साउन २२ गते रोज ३ शुभम्।

**४७**

**मा.न्या.डा.श्री कुमार चुडाल र मा.न्या.श्री सुनिलकुमार पोखरेल,** *०७४-CI-०७५८, अंश चलन, मानकचन्द बोथरा वि. लुनकरण बोथरा*

अचल सम्पत्तिको हक हस्तान्तरण हुँदा यी प्रत्यर्थी प्रतिवादी लुनकरण बोथराको हाँगातर्फबाट यी पुनरावेदक वादी पक्षको समान तहको हाँगातर्फ नै खरिद बिक्री भएको देखिन्छ । वादीका एकासगोलका दाजु बाबुलाल बोथराबाट कि.नं.५४ को ०-१६-९१/२ जग्गा र.नं.८८५० मिति २०४३।०२।२७ मा प्रतिवादी लुनकरण बोथराको छोरा सुरेन्द्रकुमार बोथराको नाममा हकहस्तान्तरण भएको, चेतनलाल बोथराको श्रीमती इन्द्रकुमारी बोथराबाट कि.नं.६२६ को ०-१७-१५ जग्गा सुरेन्द्रकुमार बोथरा (लुनकरण बोथराको छोरा) लाई राजीनामाको बेहोराबाट हक हस्तान्तरण गरेको, सुरेन्द्रकुमार बोथराबाट रणजितकुमार बोथराको नाममा ३-७-२१/२ जग्गा राजीनामाको बेहोराले हक हस्तान्तरण भएको, वादीको एकासगोलका समान अंशियारहरूका बिचमा र प्रतिवादी लुनकरण बोथराको छोराको बिचमा अंश मुद्दा पर्नुभन्दा धेरै अगाडिदेखि नै अचल सम्पत्ति यी मुद्दाको पक्षहरूबिचमा एकापसमा हकहस्तान्तरण भएबाट पनि यी पुनरावेदक वादीको प्रत्यर्थी प्रतिवादी एकासगोलको अंशियार हो भनी मान्न मिलेन । त्यस्तै, सुरेन्द्रकुमार बोथराबाट गोखुलचन्द्र बोथराले कि.नं.१३०,७८,८,१७० को जग्गा २०५८ साल आश्विनमा राजीनामाको बेहोराले हकहस्तातरण गरेको, सुरेन्द्रकुमार बोथराबाट प्रतिवादी वाबुलाल बोथराको छोरा रणजितकुमार बोथरालाई २०५८ आश्विनमा राजीनामाको बेहोराले कि.नं.४८३, ८७९, ९१४, ७६४, ७६६, १५४, १५५ र १३३ का जग्गाहरूको हक हस्तान्तरण भएको, गोखुलचन्द्र बोथराबाट लुनकरण बोथरालाई मिति २०६९।०७।०२ मा कि.नं.६७८ को ०-१-१० जग्गाको हक हस्तान्तरण भएको, सुरेन्द्रकुमार बोथराबाट चेतनलाल बोथरालाई मिति २०६८।०२।२५ मा कि.नं.२१५ को ०-५-० जग्गा राजीनामाबाट हक हस्तान्तरण भएको देखिन्छ। यसरी सगोलको अंशियार भनी वादीले उल्लेख गरेका अंशियारहरूमध्ये प्रतिवादी लुनकरणको छोरा सुरेन्द्रकुमारले वादीको दाजु प्रतिवादी बाबुलाल र निजको छोरा रञ्जितकुमारबाट जग्गा खरिद बिक्री गरेको, त्यसै गरी सुरेन्द्रकुमारबाट वादीको सहोदर दाजु गोखुलचन्दले जग्गा पारित गरी लिएको पेस भएको प्रतिलिपिहरूबाट देखिन्छ । वादीका सगोलका दाजु बाबुलालले कृषि विकास बैंकबाट लिएको कर्जाबापत ट्याक्टर लिलाम हुँदा प्रतिवादी लुनकरणको छोरा कृष्णकुमारले सकार गरेको लिखत पेस गरेको अवस्था छ। वादीका हाँगातर्फका मुख्य व्यक्ति दाजु बाबुलालले भूमि सुधार कार्यालयमा भरी पेस गरेको पारिवारिक लगतमा मोहनलालको हाँगातर्फका सन्तानको नाम मात्र देखिन्छ । अर्कोतर्फ वादीका दाजु चेतनलालले

आफ्नो छोरा अरुणकुमारलाई मिति २०६७।०२।१८ मा मालपोत कार्यालय सुनसरीबाट अंश भरपाई पारित गरी अंश दिएको देखिन्छ। वादीको समान तहमा रहेका अंशियार र प्रतिवादी लुनकरणको छोराहरूबिचमा लामो समयदेखि अचल सम्पत्तिको बिक्री वितरण एवं हक हस्तान्तरण भइसकेको मिसिल कागज प्रमाणबाट देखिँदा यी पुनरावेदक वादी र प्रत्यर्थी प्रतिवादी लुनकरण बोथरा एकासगोलमा नै रहेको भए धेरै लामो समयअघिदेखि मोहनलाल बोथराको हाँगातर्फ अचल सम्पत्तिको हक हस्तान्तरण हुनुपर्ने थिएन भन्नेसमेतका आधारबाट प्रतिवादी लुनकरण बोथरा व्यवहार प्रमाणबाट यी वादीका सगोलका अंशियार काका हुन् भन्ने नदेखिने।

प्रतिवादी लुनकरण बोथरा पहिले नै छुट्टी भिन्न भई अलग-अलग व्यापार व्यवसाय गरेको, अंशियारबिचमा अचल सम्पत्तिको हक हस्तान्तरण गरेको प्रमाणबाट देखिएको, अंशियारबिचमा पहिले नै करारको पालना गराउन मुद्दा परेको, बैंकबाट लिलाम सकार हुँदा अर्को अंशियारले सकार गरेको, बाबुहरूबिचमा बन्डा भएको भनी केही अंशियारले स्वीकार पनि गरेको, आपसी व्यवहार, आपसी कारोबार, अलग अलग वासस्थान, समयको अस्वाभाविक अन्तराल र स्वतन्त्र रूपले आ-आफ्नो व्यापार व्यवसाय चलाएको पुष्टि हुँदा प्रतिवादी लुनकरण बोथरा वादीको अंशियार नाताको नदेखिएको हुँदा यी प्रत्यर्थी प्रतिवादीको तर्फबाट वादीले अंश पाउने नदेखिने।

प्रतिवादी लुनकरण बोथरादेखि बाहेक मोहनलालको ७ जना छोराहरूमा बाबुलाल, चेतनलाल, सुभाषचन्द्र, गोखुलचन्द्र, सूर्यकिरण, मानकचन्द र मदनकुमार रहेकोमा कुनै पनि विवाद देखिँदैन । मोहनलालको ७ जना छोराहरू रहेकोमा सात भागको एक भाग अंश वादीले पाउने हो भनी प्रतिवादीहरू गोखुलचन्द्र बोथरा, सूर्यकिरण बोथरा र बाबुलाल बोथराको प्रतिउत्तर जिकिरसमेत रहेको हुँदा यी पुनरावेदक वादीको ७ अंशियार रहेकोमा विवाद देखिँदैन । वादीका दाई बाबुलालले ७ नं. फारम छुट्टै भरेका, लुनकरणले पनि ७ नं. फाराम अलग्गै भरी १८ कट्ठा जग्गा देखाएको, त्यसै गरी प्रतिवादी लुनकरण बोथराले सुरू अदालतमा प्रतिउत्तरपत्र पेस गर्दा नै आफू मोहनलालसँग मिति २०१८।०१।०५ देखि नै अलग भई आ-आफ्नो छुट्टै व्यवहार गर्दैआएको हौँ। प्रतिवादीका दोस्रो पुस्तामा पनि सम्पत्तिहरूको लेनदेनदेखि कृषि विकास बैंकबाट भएको ट्याक्टर लिलामीसमेत सकार गर्नेलगायतको कारोबार भइरहेको, मिति २०६७।०२।१८ मा दोस्रो पुस्ताका अंशियारबिच अंश भरपाईको लिखतसमेत पास भएको देखिएको, वादीको फिराद बेहोराबाटै बाजेको पालामा कुनै सम्पत्ति थिएन कि भन्ने आशय देखिएको यावत् कुराहरूले गर्दा यी पुनरावेदक वादीको दाजुभाइ अंशियारहरूबिचमा अंशबन्डा भएको अवस्था नदेखिएको हुँदा मोहनलाल बोथराको सम्पत्तिबाट मात्र निजले ७ भागको १ भाग अंश पाउने अवस्था रहेको हुँदा वादीले सोही प्रतिवादीहरूबाट मात्र अंश पाउने देखियो । यसरी पुनरावेदक वादीका पिता र काका लुनकरण बोथरा एकासगोलमा नै रहेको हो भन्ने ठोस प्रमाणको अभावमा वादीका काका लुनकरणलाई पनि अंशियार ठहर गरी निज तथा निजको परिवारको नाममा रहेको सम्पत्तिसमेतबाट अंश पाउनुपर्छ भन्ने वादीको पुनरावेदन जिकिर अन्यथा देखिएकोले सुरू सुनसरी जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत विराटनगरको फैसला मनासिब नै देखिने।

वादी मानकचन्दले प्रतिवादी लुनकरणबाट अंश नपाउने र आफ्ना बाबु मोहनलालका छोरा यी वादीका दाजुहरूले ७ भागको १ भाग अंश दिन तयार छौँ भनी प्रतिपादन गरेको स्थितिमा निजहरूबाट ७ भागको १ भाग अंश पाउने ठहर गरेको सुरू सुनसरी

जिल्ला अदालतको मिति २०७३।०२।१७ को फैसला सदर गरेको उच्च अदालत विराटनगरको मिति २०७४।०६।२६ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : सीता अधिकारी

कम्प्युटर : संदिप अवाल

इति संवत् २०८० साल माघ ९ गते रोज ३ शुभम्।

यसै लगाउको मुद्दाहरूमा पनि यसैनुसार फैसला भएका छन्।

- ०७४-CI-०७५७, राजीनामा तथा बकसपत्र लिखत दर्ता बदर दर्ता कायम, मानकचन्द बोथरा वि.लक्ष्मी बोथरासमेत
- ०७४-CI-१०६६ किर्ते जालसाजी, मानकचन्द बोथरा वि. लुनकरण बोथरासमेत
- ०७४-CI-०७५६, अंश चलन, विकास बोथरा वि . लुनकरण बोथरासमेत
- ०७४-CI-०७६०, राजीनामा तथा बकसपत्र लिखत दर्ता बदर दर्ता कायम, मानकचन्द बोथरा, वि.गोखुलचन्द बोथरासमेत
- ०७४-CI-०७५९, बकसपत्र लिखत बदर, मानकचन्द बोथरा वि. लुनकरण बोथरासमेत।